## अंकमा भित्र




गोविन्द आचार्य

३ मिडियामा कोभिड-१९ को असर र पत्रकारको पेशागत सुरक्षाको सवाल



रमेश विष्ट

६ अब पेशागत अधिकारको लडाइँ



अनिता विन्दु

९ पत्रकारिता : कोभिडको मारमा परेको एउटा क्षेत्र



प्रकाश थापा

१२ अनलाइन पत्रकारिता : सूचनाको भर पर्दो माध्यम

**सम्पादकीय** : हाम्रो आन्दोलन : बाध्यता अनि दायित्व - २

**लक्ष्मण कार्की** : सञ्चारमाध्यममा पत्रकारको बिचल्ली : कति कोरोना कति बहाना ! - १४

**विक्रम लुइँटेल** : चुनौतीलाई पन्छाउँदै पाइला सार्दैछ प्रदेश समिति - १७

**दीपेन्द्र चौहान** : कोरोना काल र प्रदेश नं. २ को अवस्था - १९

**प्रताप विष्ट** : कोरोनाको कहरमा सञ्चारकर्मी - २१

**त्रिभुवन पौडेल** : कोरोना संकटकाल र गण्डकी प्रदेश - २४

**मौसम रोक्का** : प्रदेश मिडियामा कोरोना भाइरसको प्रभाव - २६

**दीपेन्द्र शर्मा** : कोरोना कहरमा कर्णाली - २९

**अर्जुन शाह** : कोरोना कहर र सुदूरपश्चिमको सञ्चार क्षेत्र - ३२

**एनके दाहाल** : सरकार खोज्नुपर्ने बाध्यता - ३५

**शेखर अधिकारी** : "बिग हाउस"का बदमासी - ३७

**केपी ढुंगाना** : कोरोनाको कहर : साहुलाई ख्याल ख्याल, श्रमजीवीलाई साँच्चै - ३९

**सुवास खतिवडा** : विपद्को समयमा सामुदायिक रेडियोको भूमिका - ४२

**शिव सत्याल** : कोभिड- १९ मा अनलाइन सञ्चारमाध्यम र श्रमजिवी पत्रकार - ४५

**समीर बलामी** : चलचित्र पत्रकारिता र कोरोना महामारी - ४८

**हिरण्य जोशी** : विश्व मिडियामा कोरोनाको असर - ५१

**कोरोना निर्देशिका** - ५६

## सम्पादकीय

# हाम्रो आन्दोलन : बाध्यता अनि दायित्व

त्यसो त श्रमजीवी पत्रकारहरूको पक्षमा नेपाल पत्रकार महासंघले धेरै पहिलेदेखि नै आवाज उठाउँदै र आन्दोलन गर्दै आएको हो । यही अभियानको उपलब्धिका रूपमा श्रमजीवी पत्रकार ऐन आयो, न्यूनतम तलव तोक्न राज्य तयार भयो । तर बिडम्बना ! अझै यो मुद्दामा पत्रकार महासंघले लगातार आफूलाई आन्दोलनको मैदानमा उभ्याउनु परिरहेको छ । तोकिएको तलब नपाउने पत्रकारहरूको पक्षमा, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको पक्षमा र यी सबै प्रक्रियामा राज्यको अपेक्षित भूमिकाका लागि ध्यानाकर्षण गर्नका लागि पत्रकार महासंघले आफूलाई सडकमा उतार्न समेत परिरहेको छ ।

यो तीतो यथार्थ हाम्रा बीचमा छँदैछ । अहिले आएर फेरि आफूलाई फरक ढंगले, फरक मुद्दाका साथ सडकमा लैजान पत्रकार महासंघ बाध्य भएको छ । यद्यपि यो आन्दोलनको लक्ष्य भने श्रमजीवी पत्रकारहरूलाई उनीहरूको श्रमको मूल्य दिलाउनु नै हो, ऐनको व्यबस्थाको व्यवहारिक कार्यान्वयनकै लागि हो ।

कोरोना संसारभरका लागि आतंक नै भएर आयो । यो आतंकले विश्व पत्रकारिता क्षेत्रलाई पनि नराम्ररी आतंकित गरिरहेको छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले गरेको एक सर्भेक्षण अनुसार कोरोना महामारीका कारण विश्वभर करिब ७ प्रतिशत पत्रकारहरूको रोजगारी खोसिएको छ भने ३७ प्रतिशतभन्दा बढीको पारिश्रमिक कटौती भएको छ । स्वतन्त्र पत्रकारहरूमध्य सबैले नै यो समयमा आफ्नो आम्दानीमा धेरै कमी आएको बताएको आइएफजेको सर्भेक्षणमा उल्लेख छ ।

नेपालको पत्रकारिताको अवस्था पनि अनुपातको हिसावले हेर्दा करिव करिव यस्तै देखिन्छ । यो कोरोना आतंकलाई बहाना बनाएर पेशाबाट हटाउने वा हट्न बाध्य बनाउने जस्ता प्रवृत्तिहरु देखापर्न थालेका छन् । यस्तो प्रवृत्तिका कारण पत्रकार महासंघको योपटक मिडियाका लगानीकर्ताहरूसँग पनि गुनासो रहन पुग्यो । यसैकारण लगानीकर्ताको घरसम्मै आन्दोलनको प्रवाहलाई पुऱ्याउने निर्णय गर्न महासंघ बाध्य भयो ।

पत्रकार महासंघ के कुरामा स्पष्ट छ भने, पत्रकारितामा निजी लगानी भित्रनै पर्दछ । लगानीको समूचित सदूपयोग हुनै पर्दछ । यो क्षेत्रमा लगानी गर्नका लागि निजी क्षेत्रलाई आकर्षित गर्ने नीति रणनीति राज्यले समेत बनाउनु पर्दछ । अझ भनौं, मिडियामा राज्यभन्दा निजी क्षेत्रबाट हुने पारदर्शी लगानी आवश्यक पर्दछ भन्ने कुरामा पनि द्विविधा छैन । किनभने, लगानीकर्ता, श्रमजीवी, व्यवस्थापन पक्ष र उपभोक्ताहरूबीचको एउटा विशिष्ट सहकार्यबाट मात्र पत्रकारिताको प्रवर्द्धन सम्भव हुन्छ ।

तर, अहिले आएर लगानीकर्ताहरूले कोरोनालाई बहाना बनाएर श्रमजीवी सञ्चारकर्मीहरूलाई निष्काशन गर्ने प्रवृत्ति देखियो । यो संकटको बेलामा काम गर्ने पत्रकारहरूलाई थप सुविधा र सम्मान हुनुपर्ने कुरा पत्रकार महासंघले संकटको प्रारम्भमै उठाएको हो । तर, त्यसको विपरीत जुन गतिविधिहरु हुन थाले, त्यो कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । सञ्चारमाध्यम बन्द नै गर्न परे पनि त्यसका पनि निश्चित विधिहरु छन् । ती सबैलाई बेवास्ता गर्दै श्रमजीवीको पेटमा लात हान्ने कार्य स्वीकार्य हुनै सक्दैन । अहिलेको हाम्रो आन्दोलन यही खराव प्रवृत्तिलाई निरूत्साहित गर्न, श्रमजीवीहरूलाई ससम्मान सेवासुविधाका साथ काममा फर्काउन र राज्यसमक्ष हामीले पेश गरेको सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि राहत प्याकेजलाई सम्बोधन गर्न बाध्यबनाउनका लागि हुन् ।

यो आन्दोलनले पत्रकारिता क्षेत्रलाई विधिसम्मत मार्गमा हिडाउने छ र लगानीकर्ताहरूलाई समेत पूँजीको सदुपयोग गर्दै चुस्त व्यवस्थापनतर्फ ध्यानाकर्षण गराउने छ ।

**नेपाल पत्रकार महासंघद्वारा प्रकाशित त्रैमासिक "पत्रकारिता"**

**सम्पादक : विपुल पोखेल**

**संयोजक : प्रकाश थापा, भाषा : उदय जीएम**

**सम्पादन मण्डल : छेटु शेर्पा, लक्ष्मण कार्की, पवन आचार्य, राजेश चाम्लिङ, कलेन्द्र सेजुवाल, बसन्त गिरी**

कार्यालय : सञ्चारग्राम, तिलगंगा, काठमाडौं

फोन नं.: ०१-४११२७६३, ४११२६७३, फ्याक्स : ०१-४११२७८५

इमेल : fnjnepalcentral@gmail.com, website: fnjnepal.org

आवरण/तस्वीरः वर्षा शाह

लेआउट : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, काठमाडौं

प्रिन्टिङ : उपलब्धि प्रकाशन सेवा प्रा. लि., गैरीधारा, काठमाडौं

# मिडियामा कोभिड-१९ को असर र पत्रकारको पेशागत सुरक्षाको सवाल



**हजारौं पत्रकारहरूलाई पत्रकारिता पेशाबाट पलायन गराएर जनताको आवाज बन्द गराउने षडयन्त्रविरूद्ध नागरिक संघसंस्था र सरोकारवाला पक्षको समेत ध्यान जानु पर्दछ । अहिले हामीले श्रमजीवी पत्रकारहरूमाथि अन्याय भएको टुलुटुलु हेरिमात्र रह्यौं र बीसौं वर्षभन्दा बढी खारिएको जनशक्ति यो क्षेत्रबाट विस्थापित हुने अवस्था आयो भने भोलि फेरि लोकतन्त्र, नागरिक अधिकारका लागि बोल्ने कसले ?**

**गोविन्द आचार्य**
gnepali@gmail.com

कोभिड-१९ (कोरोना भाइरस) सक्रमणले निम्त्याएको लकडाउनका कारण सिंगो विश्व आक्रान्त बनिरहेको छ । यसबाट विश्वका महाशक्ति राष्ट्रदेखि नेपाल जस्ता गरिव देशसम्मको अर्थतन्त्रमा ठूलो असर परिरहेको छ । कोभिड १९ को संक्रमण बढ्दै जाँदा समाजका विभिन्न क्षेत्रमा यसको असर देखिएको छ । कोभिड-१९ को असरले नेपालको अर्थतन्त्रमा ठूलो प्रभाव पर्नुका साथै उद्योगधन्दा, व्यापार व्यवसाय तथा रोजगारीमा निर्भर जनशक्तिलाई जीविकोपार्जनमै समस्या उत्पन्न भइरहेको छ । कोभिड-१९ को असरबाट सञ्चार क्षेत्र पनि प्रभावित छ । खासगरी लकडाउनका कारण आम्दानी रोकिएको भन्दै धेरैजसो स्वरोजगारमूलक पत्रपत्रिका बन्द भएका छन् भने व्यवसायिक भनिएका मिडिया हाउसहरूले पनि कोरोनाको बहाना बनाउँदै धमाधम श्रमजीवी पत्रकार, कामदार र कर्मचारीलाई बेतलवी विदामा राख्ने, तलव र सुविधा कटौती गर्ने तथा जागिरबाट निकाल्नेसम्मका कार्य गरेका छन् । जसका कारण पत्रकारको पेशागत सुरक्षाको सवालजटिल बनिरहेको छ ।

नेपाल पत्रकार महासंघका प्रदेश समिति, जिल्ला र प्रतिष्ठान शाखाबाट केन्द्रीय कार्यालयमा प्राप्त जानकारीअनुसार लकडाउनका कारण नियमित प्रकाशन भइरहेका ९४२ पत्रपत्रिकामध्ये करिव ७५० पत्रिकाको प्रकाशन स्थगित हुन पुग्यो । यसैगरी ५ वटा एफएम रेडियो बन्द छन् । लकडाउनका कारण सञ्चारमाध्यमको मुख्य आयस्रोतका रूपमा रहेको विज्ञापनमा ६० देखि ८० प्रतिशतसम्म कटौती हुन पुगेको सञ्चालकहरूको दावी छ । आम्दानी घटेको बताउँदै मिडिया हाउसबाट पत्रकारिता गरेरै जीवनयापन गरिरहेका करिव २ हजार पत्रकारलाई बेरोजगार बनाइएको छ भने पाँचहजार पत्रकारलाई बेतलवी विदा, तलव वा सुविधा कटौती तथा केही समयपछि अवकाश लिनुपर्ने जस्ता शर्तहरू राखेर पेशागत संकटमा पारिएको सूचना प्राप्त भएको छ । यतिबेला पत्रकारिता गरेर बाँच्नसक्ने अवस्था नभएपछि धेरैजसो पत्रकारको पेशागत सुरक्षाको सवाल जटिल विषय बनेर खडा भएको छ ।

विगत लामो समयदेखि आफू कार्यरत सञ्चारमाध्यमलाई अघि बढाउन महत्वपूर्ण भूमिका




खेलेका सञ्चारकर्मीहरूलाई अहिलेको संकटपूर्ण अवस्थामा जबर्जस्ती कामबाट बेरोजगार बनाउने सञ्चारमाध्यमका सञ्चालकहरूको हर्कत अन्यायपूर्ण, निन्दनीय र अमानवीय त छ नै यो गैर व्यवसायिकसमेत छ । मिडिया व्यवसाय चलाएपछि त्यहाँ हुने नाफा वा घाटा दुबै लगानीकर्ताहरूले व्यहोर्नु पर्छ । मिडिया उचित कारणसहित बन्द गर्नुपरेको अवस्थामा पनि नियम र कानूनअनुसार विभिन्न सुविधा र उपादान दिएर मात्र श्रमजीवीको विदाई गर्न पाइन्छ । तर आफूलाई मिडिया व्यवसाय गरेको मिडिया उद्योगपति बताउने र त्यो नाममा राज्य र अन्य निकायवाट बेलाबेला राहत, सहुलियत र छुटसमेत लिँदै आएका कथित बिगहाउसका सञ्चालकहरूले अहिलेको संकटको अवस्थामा अहोरात्र खटिरहेका श्रमजीवी सञ्चारकर्मीलाई थप राहत र सुविधा बढाउनुपर्नेमा उल्टो पेटमाथि लात हानेर आहत पुर्‍याउने काम गरिरहेका छन्, यसले तिनीहरूको असली नियत र अनुहार छर्लङ्ग हुन पुगेको छ । श्रमजीवीको श्रम र पसिनाकै भरमा वर्षौ मिडियाबाट आम्दानी गरेका र मिडिया देखाएर अनेकौं फाइदा उठाएका मिडिया सञ्चालकले अहिलेको जोखिम र संकटको अवस्थामा श्रमजीवीहरूप्रति जे जस्ता व्यवहार र हर्कत गरिरहेका छन्, यसका विरूद्ध पत्रकार महासंघसहितका श्रमजीवी पत्रकार संघसंस्थाका अगाडि संघर्ष गर्नुबाहेक अर्को विकल्प छँदै छैन । अरबपति मिडिया सञ्चालकहरूका कारण सडकमा पुगेका र जीवनयापनका लागि गुहार मागिरहेका श्रमजीवीको पक्षमा हामी उभिन सकेनौं भने भोलि इतिहासले हाम्रो औचित्यमाथि प्रश्न गर्नेछ । भोलिका दिनमा एकपटक मात्र होइन अनेकौंपटक हामीले यसको जवाफ दिनु पर्नेछ । पत्रकार महासंघको गौरवमय इतिहास र परम्पराले हामीलाई अहिले पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टीका पक्षमा खडा हुने जिम्मेवारी सुम्पेको छ । यो जिम्मेवारी र कर्तव्यबाट पत्रकार महासंघको हरेक तहमा नेतृत्व गरिरहेका कोही पनि भाग्ने वा विमुख हुने छुट छैन ।

६५ वर्ष उमेर पूरा गरेको एक परिपक्व नागरिक अगुवा संस्थाको परिचय बनाइसकेको नेपाल पत्रकार महासंघ नेपाली पत्रकारहरूको साझा संस्था हो । १३ हजारभन्दा बढी पत्रकार सदस्य रहेको यस संस्थाका देशैभरका जिल्लामा जिल्ला शाखा, १० वटा प्रदेश समिति, ४२ वटा प्रतिष्ठान र १२ वटा एशोसिएट संस्था आवद्ध छन् । नेपालमा लोकतन्त्र, नागरिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारिताको संस्थागत विकास र श्रमजीवी पत्रकारको हकहितका लागि पत्रकार महासंघ अनवर तरूपमा लागिरहेको छ ।विगतमा हामी यी मुद्दामा धेरै पटक सडकमा आइसकेका छौं । हामी कहिले लोकतन्त्रको मुद्दा बोकेर सडकमा आयौं, कहिले प्रेस स्वतन्त्रताको मुद्दा बोकेर आयौं, कहिले नागरिक अधिकारका लागि आयौं त कहिले जनपक्षीय संविधान निभर्माणका लागि आयौं । धेरैपटक देश र जनताका मुद्दा बोकेर सडकमा आइसकेको पत्रकार महासंघ यसपटक आफ्नै मुद्दा अर्थात श्रमजीवी पत्रकारको मुद्दा बोकेर सडकमा आउनुपर्ने अवस्था सिर्जना भएको छ । हजारौं पत्रकारहरूलाई पत्रकारिता पेशाबाट पलायन गराएर जनताको आवाज बन्द गराउने षडयन्त्रविरूद्ध नागरिक संघसंस्था र सरोकारवाला पक्षको समेत ध्यान जानु पर्दछ । अहिले हामीले श्रमजीवी पत्रकारहरूमाथि अन्याय भएको टुलुटुलु हेरिमात्र रह्यौं र बीसौ वर्षभन्दा बढी खारिएको जनशक्ति यो क्षेत्रबाट विस्थापित हुने अवस्था आयो भने भोलि फेरि लोकतन्त्र, नागरिक अधिकारका लागि बोल्ने कसले ? जनताका आवाजहरू बोल्ने कसले ?यी विषयमा अधिकारकर्मी र नागरिक संस्थाहरूको पनि ध्यान जानु आवश्यक छ ।

पत्रकार महासंघले श्रमजीवी पत्रकारहरूको हक, हित र अधिकारको विषयलाई प्राथमिकतामा राख्दै सञ्चारमाध्यमको हितका विषयमा पनि विगतदेखि नै आवाज उठाउँदै आएको छ । महांघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, सञ्चारमाध्यमलाई सञ्चार सेवा उद्योगको मान्यता, साना लागानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन,






पत्रकारको दक्षता अभिबृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना, आमसञ्चार प्राधिकरण, विज्ञापन परिषद् जस्ता निकायको स्थापना, प्रेस काउन्सिलको पुनर्संरचना, समानुपातिक विज्ञापन वितरणका लागि विज्ञापन ऐनको कार्यान्वयन, पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, जेष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ताको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनाका लागि महासंघले पहलकदमी बढाइरहेको छ । सञ्चारमाध्यमको विकास, सम्बर्द्धन र प्रवर्द्धनको पक्षमा आवाज उठाउँदै आएको महासंघ तिनै मिडिया उद्योगबाट श्रमजीवी पत्रकारहरू धमाधम निकालिएको, तलब कटौती गरिएको, बेतलवी विदामा राखिएको टुलुटुलु हेरेर बस्न सक्दैन । अतः महासंघले यतिबेला श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टीका लागि श्रमजीवी पत्रकार ऐन पूर्ण कार्यान्वयन हुनुपर्ने विषयलाई पत्रकारको प्रमुख मुद्दा वा मागका रूपमा अघि सार्ने निर्णय गरेको छ ।

यसपटक पत्रकार महासंघ श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टीका लागि सडक आन्दोलनमा उत्रेको छ । यो आन्दोलन भनेको पत्रकारको आफ्नो आन्दोलन हो । श्रमजीवी पत्रकारको अधिकार स्थापित नभएसम्म यो आन्दोलन रोकिँदैन र रोकिनेवाला पनि छैन । पत्रकारले उठाएका माग पूरा नभएसम्म कसैसँग सम्झौता पनि हुने छैन । आन्दोलन पहिलो चरणमा प्रवेश गरिसकेको छ । पहिलो चरणमा सडक प्रदर्शनदेखि श्रमजीवीको श्रम शोषण गर्ने मिडिया हाउसमा आकस्मिकरूपमा कालो ब्यानर टाँग्ने तथा धर्ना बस्ने जस्ता कार्यक्रम तय गरिएको छ । सडक प्रदर्शन तथा केही मिडिया हाउसमा कालो ब्यानर टाँग्ने जस्ता कार्य सम्पन्न भइसकेका छन् । श्रमजीवीका आवाज नसुन्ने अन्य मिडियाहाउसमा पनि यी कार्यलाई जारी राखिने छ । दवावपूर्ण आन्दोलनसँगै महासंघले वार्ता, सम्वाद र छलफल तथा कानूनी उपचारको पाटोलाई पनि सँगसँगै अघि बढाएको छ ।



महासंघले श्रमजीवी पत्रकारमाथि कोरोना सक्रमणको बहाना बनाएर भइरहेको अन्याय र अत्याचारविरूद्ध नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संसदका विभिन्न समिति एवम् सम्बन्धित मिडियाहाउस र सरोकार पक्षलाई लिखितरूपमै जानकारी गराइसकेको छ । दोस्रो चरणका कार्यक्रमबाट पनि माग पूरा नभए थप उचाईका साथ आन्दोलनका कार्यक्रम अघि बढाइने छ । आउनुहोस् सम्पूर्ण श्रमजीवी पत्रकार साथीहरू एकताबद्ध बनौं र श्रमजीवी पत्रकारको पेटमाथि लात हान्ने श्रम शोषकहरूका विरूद्ध संघर्षको बिगुल फुकौं ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।)*

# अब पेशागत अधिकारको लडाइँ



**प्रेस स्वतन्त्रताको रक्षा र उपलब्धिहरूको संरक्षणसँगै अब व्यवसायिक र पेशागत अधिकार प्राप्तिको लडाईमा कठोर ढंगबाट उत्रिनुपर्ने अवस्था आएको छ । पत्रकार कसैको हली र कमैया होइनन् ।**

रमेश विष्ट
rameshbista2009@gmail.com

नेपाली प्रेसले लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र प्रेस स्वतन्त्रताको लागि लामो र गौरवपूर्ण संघर्ष गऱ्यो । पञ्चायती व्यवस्थाको विरोधमा होस् वा तत्कालीन राजा ज्ञानेन्द्र शाहको निरंकुश शासनविरूद्धको लडाइँमा प्रेस सधै अग्रभागमा रहेर संघर्ष गरेको इतिहास छ । राजा ज्ञानेन्द्रले प्रजातान्त्रिक व्यवस्थालाई समाप्त पार्दै सम्पूर्ण शासनसत्ता आफ्नो हातमा लिँदा राजनीतिक दलहरू कसरी सामना गर्ने भनेर अन्यौलमा थिए । राजाको कदममा स्पष्ट ब्याख्या गर्ने कुरामा समेत दलहरू अल्मलिए । त्यही अन्यौलका बीच पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघका तत्कालीन सभापति तारानाथ दाहालले राजाको निरंकुश कदमलाई नेपाली जनताको स्वतन्त्रता विरूद्धको 'कु' हो भन्दै विज्ञप्ति जारी गरे । त्यो घटना अहिले पनि नेपाली राजनीतिक इतिहासमा शाही 'कु' का रूपमा अंकित छ ।

लोकतन्त्र र प्रेस स्वतन्त्रताको लडाइँमा नेपाली प्रेस त्यत्तिमा मात्रै रोकिदैन । ज्ञानेन्द्रको 'कु' को विरूद्ध २०६२/६३ को आन्दोलनमा नेपालका पत्रकारहरूले गर्व गर्न लायक लडाई लडे । लोकतन्त्रबिना प्रेस स्वतन्त्रता हुँदैन भन्नेमा प्रेस जगत प्रष्ट थियो । शाही 'कु'पछि रत्नपार्क क्षेत्रमा कडा निषेधाज्ञा जारी गरिएको थियो । शाही सत्ताले प्रतिष्ठाको विषय बनाएको रत्नपार्कमा सञ्चारकर्मीहरूले नै पहिलोपटक निषेधाज्ञा तोडेर लोकतन्त्र र प्रेस स्वतन्त्रताको नारा लगाए ।सय बढी पत्रकारले गिरफ्तारी दिए ।

सेनाका बुट र बन्दुकको पर्वाह नगरी लोकतन्त्रको पक्षमा पत्रकारका कलम अविचलित चलिरह्यो । नेपाली समाज र अन्तर्राष्ट्रिय जगतलाई समेत आश्चर्यमा पार्दै नेपाली प्रेसले लडेको लडाई राजनीतिक दलहरूलाई समेत मार्गदर्शन बनेको थियो । एक प्रकारले भन्नुपर्दा स्वतन्त्रताको लडाईमा नेपाली प्रेस अघिअघि राजनीतिक दल पछिपछि जस्तै देखिन पुगेको थियो । त्यतिबेला नेपाली पत्रकारहरले आफ्नो श्रमको मूल्य कहिल्यै खोजेका थिएनन् । खाली पेट र रित्तो हात स्वतन्त्रताको लडाइँमा कतै सम्झौता नगरी अघि बढ्यो ।

दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्वको मार पनि नेपाली प्रेसले खेप्यो । तीन दर्जन बढी सहकर्मी गुमाएर विद्रोही र सत्तापक्षको निशाना सहेर पनि नेपाली प्रेस विचलित भएन । आखिर

श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टी गर, श्रमजीवी पत्रकार ऐन लागू गर

# श्रमजीवी पत्रकारको पेशागत अधिकारको रक्षार्थ ऐक्यवद्धता प्रदर्शन

**आयोजक**

**नेपाल पत्रकार महासंघ**
**केन्द्रीय समिति**




नेपाली प्रेसले देखाएको शान्ति र सहकार्यको बाटोमा सबै राजनीतिक शक्ति आउन बाध्य भए । लोकतन्त्र बहाली र शान्ति स्थापनामा नेपाली सञ्चारकर्मीको योगदान इतिहासमा सुरक्षित छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र सम्म आइपुग्न नेपाली प्रेस कुशल सारथिका रूपमा प्रस्तुत भयो । आज नेपाली प्रेसले उपभोग गरेको स्वतन्त्रता कसैको निगाहबाट प्राप्त भएको नभई आफै हिस्सेदार बनेर हासिल गरेको उपलब्धि हो । यसको संरक्षणका लागि अहिले पनि प्रेस जगत संघर्षशील छ । लोकतान्त्रिक सरकारले ल्याएको प्रेस कानुनहरूको हरण गर्न खोजिएका स्वतन्त्रता विरोधी प्रावधानविरूद्ध अहिले पनि सञ्चारजगत संघर्षमा नै छ ।

प्रेस स्वतन्त्रताको रक्षा र उपलब्धिहरूको संरक्षणसँगै अब व्यवसायिक र पेशागत अधिकार प्राप्तिको लडाईमा कठोर ढंगबाट उत्रिनु पर्ने अवस्था आएको छ । पत्रकार कसैको हली र कमैया होइनन्, बौद्धिक, श्रम गर्ने सम्मानित पेशाकर्मी हुन् भन्ने सत्यलाई स्थापित गर्ने बेला आएको छ । रातदिन रगत पसिना बगाएर कसैलाई अरबपति बनाइदिने साधन पत्रकार होइनन् भन्ने मान्यता गर्ने समय आएको छ ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड –१९ ले श्रमजीवी पत्रकारहरूको चेत खोलिदिएको छ । हामी कति असुरक्षित र अनिश्चित पेशामा श्रम गरिरहेका छौं भन्ने आँखा खोलिदिएको छ । साँच्चै भन्नुपर्दा कोभिड– १९ ले हाम्रो वास्तविक अवस्था बुझ्ने मौका दिएको छ ।

दुई दशककै सेरोफेरोमा सञ्चार उद्यमीहरू कहाँबाट कहाँ पुगे ? तर त्यही उद्यमीहरूलाई आर्थिक हैसियतको शिखरमा पुऱ्याउने पत्रकार र आश्रित परिवार अहिले कोभिड– १९ सँग मात्र होइन जीवनयापनको चुनौतीसँग लड्दैछन् । वर्षौसम्म आफ्नै ठानी रातदिन परिश्रम गरेका पत्रकार यतिबेला जागिरबाट निकालिएका छन् । तलब कटौतीले महिना धान्न नसक्ने अवस्था झेलिरहेका छन् । विगतको उर्जाशील समय सञ्चार प्रतिष्ठानका लागि खर्चेर अहिले कुन बाटो लिने भन्ने अलमलमा छन् ।

नेपालमा प्रेस स्वतन्त्रताको आन्दोलन जुन उचाईमा उठ्यो, त्यसको तुलनामा आफ्नै पेशागत अधिकारको आन्दोलनमा उठ्न सकेन । पत्रकारलाई समाजले दिएको इज्जत र मर्यादाले पेशागत आन्दोलनलाई सतहमा आउन दिएन । आफ्ना समस्या र अधिकारबारे बोल्ने वा आन्दोलन गर्न हिम्मत पत्रकार स्वयम्मा पनि भएन । सामाजिक प्रतिष्ठाले आवाज दबेको फाइदा केवल सञ्चार उद्यमीहरूलाई मात्रै पुग्यो । तर आज कोभिडले आफ्नो अधिकारको लागि लड्नु पर्ने रहेछ भन्ने सिकाएको छ ।

पत्रकार महासंघ पत्रकारहरूको पेशागत अधिकारको लडाईमा होमिएको छ । वर्षौवर्ष मुनाफा कमाएका र सञ्चार उद्यमका नाममा अनेकौ व्यवसायिक तथा व्यक्तिगत फाइदा आर्जन गरेका सञ्चार उद्यमीहरूको श्रमको मूल्य माग्ने बेला भएको छ । कोभिड– १९ ले सञ्चार उद्यममा मात्र असर पार्ने होइन, श्रमजीवीको भान्छामा पनि असर पर्छ भन्ने सत्य बुझाउने समय आएको छ । यसका लागि दवाव, आन्दोलन र कानुनी लडाई अपरिहार्य छ । सामूहिक प्रयत्नले वर्षौपछि उठेको पत्रकारको पेशागत अधिकारको लडाईलाई सफलताको बिन्दुमा पुऱ्याउन सकिन्छ ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव हुनुहुन्छ ।)*

# श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि वृहत ऐक्यवद्धता

काठमाडौं । कोरोना भाइरस माहामारीको कारण पेशाबाट निस्काशन गरिएका तथा पारिश्रमिकबाट बञ्चित श्रमजीवी पत्रकारको हितमा नेपाल पत्रकार महासंघले काठमाडौंको बबरमहलमा श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि वृहत ऐक्यवद्धता प्रदर्शन गरियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले हालको अवस्थामा पत्रकारहरुलाई पेशागत संकट परेको बताउनुभयो । उहाँले  कोरोनाका कारण देखाउदै मिडियाका मालिकहरुले पत्रकारिता गरि बाँच्न पाउने पत्रकारको अधिकार खोसेको बताउनुभयो । उहाँले पत्रकारलाई जागिरबाट निस्काशन गर्ने, बेतलबी बिदामा राख्ने गरेको भन्दै ति समस्या समाधानका लागि महासंघ त्यस्ता सञ्चारगृहमा गई अनुगमन गरी निश्कासित पत्रकारको अधिकार पुनःस्थापित गर्न आन्दोलन गर्ने बताउनुभयो ।

यस्तै महासंघका महासचिव रमेश विष्टले पत्रकारको श्रम शोषण गर्ने सञ्चारगृह बन्द हुँदैमा जनता सूचनाको हकबाट बञ्चित नहुने बताउनुभयो । उहाँले पत्रकारको हितका लागि सबै पक्षलाई जानकारी गरेर मात्रै आन्दोलनमा आएको भन्दै सहज ढंगबाट श्रमजीवी पत्रकारको अधिकार स्थापित हुँदैन भने महासंघ टुलु टुलु हेरेर नबस्ने बताउनुभयो ।

महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारका कारण करोडपति बनेका मिडियाका मालिकहरुले पत्रकारको पेटमा लात हानेको भन्दै त्यो मान्य नहुने बताउनुभयो ।

प्रेस संगठनका अध्यक्ष महेश्वर दाहालले पत्रकारहरुले हिजोको दिनमा देशको स्वतन्त्रताका लागि लडेको भन्दै कोरोनाको बाहानमा पत्रकारको पसिनाको परिश्रम नदिने मिडियाका मालिकलाई कुनैपनि वाहानामा नछोड्ने धारणा राख्नुभयो । नेपाल प्रेस यूनियनका अध्यक्ष बद्रि सिंग्देलले कारोनाको बाहानमा पत्रकारलाई मिडियाका मालिकहरुले सडकमा ल्याएको भन्दै श्रमजीवि पत्रकारको हकहितका लागि सञ्चारगृह मात्रै हैन मिडियाका मालिकको घरमै गएर आन्दोलन गर्ने चेतावनी दिनुभयो ।

सञ्चारिका समुहकी अध्यक्ष नितु पण्डितले जनतालाई सु-सूचित गर्ने कार्यमा जस्तोसुकै अवस्थामा खटिएका पत्रकारलाई कोरोनाको बहानामा पेशाबाटै बञ्चित गरिनु अत्यन्तै दुखद भएको भन्दै पत्रकारले श्रमको उचित मूल्य पाउनुपर्ने बताउनुभयो ।

प्रेस नेपालका अध्यक्ष केशव अर्यालले श्रमजीवि पत्रकारकालागि आफ्नो संगठनले पटक पटकआवाज उठाउदै आएको भन्दै मिडियाका मालिकहरुले नाफा कमाउदा महल बनाउने, घाटाको भागिदार श्रमजीवि पत्रकार हुनुपर्ने व्यवस्था खारेजी हुनुपर्ने भन्दै मिडियाका मालिकहरुलाई पत्रकारको श्रमको परिश्रमिक दिन माग गर्नुभयो । लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडीले मिडियाका मालिकले पत्रकारको रोजीरोटि खोसेको भन्दै हिजो उहाँहरुले मिडिया खोल्दा कति सम्पति थियो, आजकति छ, त्यसको छानविन हुनुपर्ने धारणा राख्नुभयो ।

क्रान्तिकारी संगठन नेपालका प्रतिनिधि धनन्जय बुढाले








मिडियाका मालिकहरुले पत्रकारमाथि गरिएको श्रम शोषणका विरुद्ध हिजोदेखि नै आफ्नो संगठन लागेको भन्दै महासंघको यस अन्दोलनमा ऐक्यवद्धता रहेको बताउनुभयो ।

प्रगतिशिल पत्रकार संघका पूर्व अध्यक्ष नारायण शर्माले श्रमजीवि पत्रकार ऐनको पूर्ण कार्यान्वयनकालागि बर्षौंदेखि आवाज उठाइरहेको अवस्थामा त्यही मुद्दामा सबै पत्रकारको साझा मुद्दाका रुपमा लिएर आन्दोलन भइरहेकोमा त्यसमा आफ्ना संगठनको पूर्ण साथ रहने बताउनुभयो ।

कान्तिपुर संयुक्त ट्रेड यूनियनका प्रतिनिधि अर्जुन पाठकले जसरी मिडिका मालिकहरुले श्रमजीवि पत्रकारलाई श्रमशोषणगरि सम्पत्ति कमाएका छन् त्यसको पर्दाफास गर्ने बेला आएको बताउनुभयो । जनपत्रकार संगठनकी सचिव सृजना तिम्सिनाले मिडिया मालिकहरुले पत्रकारलाई प्रयोग गर्दै फाइदा उठाउने र संकटका बेला पत्रकारको घाउमा नुन छर्ने काम इतिहासदेखि भइरहेको भन्दै त्यसबा बिरुद्ध कडा आन्दोलन आवश्यक रहेको बताउनुभयो ।

# पत्रकारिता : कोभिडको मारमा परेको एउटा क्षेत्र



नेपाल पत्रकार महासंघका अनुसार लकडाउनको अवधिमा धम्की, दूर्व्यवहार र आक्रमणका १८ वटा घटनामा २४ जना पत्रकार पीडित भएका छन् । त्यस्तै कतिपय सञ्चारगृहहरूले तलब नदिएको, आधा मात्रै दिएको तथा कतिपयलाई जागिरबाटै निकालिएको समाचारहरू सार्वजनिक भइरहेका छन् । महिला पत्रकारहरूका समस्या अझ जटिल हुने गरेको पाइएको छ ।

✍ अनिता बिन्दु
anitabindu7@gmail.com

सन् २०१९ मा चीनको वुहान शहरबाट सुरू भएको कोरोना भाइरस संक्रमणले विश्व नै ठूलो  संकटमा परेको छ । नेपाल पनि यसबाट प्रभावित छ । विश्व स्वास्थ्य संगठन डब्लुएचओले यसले अन्तर्राष्ट्रियस्तरमा नै जनस्वास्थ्यमा संकट हुने भनी २०२० जनवरी ३० मा जानकारी गरायो । त्यसपछि जनस्वास्थ्यमा अत्यधिक प्रभाव पर्न थालेपछि डब्लुएचओले २०२० मार्च ११ मा विश्व महामारी उबलमझ्ष्अ घोषणा गर्‍यो । अहिले २०३ भन्दा बढी देशहरूमा यसको प्रभाव परेको छ, जसले गर्दा विश्वका सबै क्षेत्र जटिल अवस्थामा पुगेको छ ।

कोरोना भाइरसका कारण हरेक पेशा व्यवसाय संकटमा छ । यो संकटबाट पत्रकारिता पेशा पनि अछुतो छैन । नेपाली पत्रकारितासँगै विश्व पत्रकारिता नै प्रत्यक्ष मारमा परेको छ । तर यो चुनौतीसँग लड्दै आफ्नो दायित्व पूरा गरिरहेको छ सञ्चार क्षेत्रले । वास्तवमा पत्रकारिता पेशा नै यस्तो हो कि महामारी भयो, संकट पर्‍यो भनेर चुप लागेर बस्न पाउँदैन । यस्तो बेलामा झन उसको भूमिका र दायित्व महत्वपूर्ण हुन्छ । ठूलोस्तरमा हुने यस्ता प्रकारका महामारीमा नागरिकले विभिन्न प्रकारका समस्याहरू भोग्नुपर्ने हुन्छ । यो बेलामा राज्य संयन्त्र अनुदार रूपमा प्रस्तुत हुने खतरा पनि उत्तिकै हुन्छ ।यो बेलामा पत्रकार तथा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुन्छ । नेपालकै सन्दर्भलाई नै हेर्ने हो भने पनि विगतका ठूलाठूला आन्दोलन, सशस्त्रद्वन्द्वका बेला, भूकम्प गएका बेला, बाढी पहिरो जस्ता परिस्थितिमा पनि पत्रकारहरूले ठूलो भूमिका खेलेको पाइन्छ । सत्य तथ्य सूचना नागरिकसमक्ष पुराएको इतिहास हामीमाझ छ । अहिलेको कोभिड– १९ को यो जटिल परिस्थितिमा पनि अग्रभागमा रही पत्रकारहरूले मुलुक र समाजप्रतिको आफ्नो दायित्व र जिम्मेवारी निर्वाह गरिरहेका छन् । आफ्नो सुरक्षा पहिलो प्राथमिकता भनिएपनि बिना सुरक्षाकवच जोखिमपूर्ण ठाउँहरूमा गएर रिपोर्टिङ गर्नुपर्ने बाध्यतामा अग्रभागमा रही पत्रकारहरूले आफ्नो भूमिका निर्वाह गरेका छन् । जबकि संक्रमण फैलिन थालेपछिका शुरूका दिनमा यसबाट बच्न

प्रयोग गर्नुपर्ने सुरक्षाकवच पीपीई, मास्क, ग्लोब्स स्यानीटाइजरको अभाव थियो तथापि स्वास्थ्य सुरक्षाको जोखिम मोलेरै न्युनतम साधन स्रोतको प्रयोग गरी व्यवसायिक धर्म निभाए पत्रकारहरूले । जोखिमपूर्ण ठाउँमा रिपोर्टिङमा जाँदा आफू पूर्णरूपमा सुरक्षित छु भन्ने विश्वास भने हुनुपर्दछ । यसैक्रममा नेपालमा १४ जना (२०७७ असार २३ गतेसम्म) पत्रकारहरू कोरोना भाइरसबाट संक्रमित भएका पत्रकार महासंघको तथ्याङ्कले देखाएको छ । कतिपय संक्रमित पत्रकारहरूले त आइसोलेसनमा नै बसेर पनि समाचारहरू सम्प्रेसण गरे ।

वास्तवमा यसप्रकारको महामारी संकटसँग जुधेर यसलाई जित्नसक्ने गरी जनतालाई तयार पार्ने भनेको सूचनाले नै हो र त्यो सूचना गाउँ, बस्ती, समाज नागरिकसम्म पुराउने सबैभन्दा बढी भूमिका भनेको मिडिया तथा सञ्चारकर्मीको नै हुन्छ । जस्तो कि अहिलेको महामारीलाई नै हेर्ने हो भने यो कोरोना भाइरस संक्रमण भनेको केहो ? यसका लक्षणहरू केके हुन् ? संक्रमण हुन नदिन केके उपाय अपनाउन सकिन्छ ? संक्रमण भइहाले उपचार कहाँ र कसरी गर्ने? भन्ने सचेतताका यावत सूचना जनतासम्म पुराउने भूमिका पत्रकारले नै सबैभन्दा बढी निर्वाह गर्नुपर्दछ र गरेका पनि छन् । यससम्बन्धी सूचना, जानकारी, सन्देशहरू मिडियाबाट प्रसारण गरी जनतालाई सुसूचित गर्ने जिम्मेवारी र भूमिका मिडियाको हुन्छ । सूचनाले व्यक्तिको मनोबल पनि बढाउँछ ।

यसमा म मेरै अनुभव पनि बाँड्न चाहन्छु । म पत्रकार भएकोले पनि लकडाउनकै समयदेखि हरेक दिनजसो कार्यालय गई काम गरेँ । मनमा डर ज्यादै नै हुन्थ्यो । जुन बेला यस बिषयमा धेरै जानकारी थिएन । पछि यसको बिषयमा अलि बढी जानकारी भयो । डब्लुएचओले भनेका उपायहरू सतर्कता र सजगता अपनाउँदा बच्न सकिने भन्ने सूचनाहरू विभिन्न अन्तर्राष्ट्रिय मिडियाहरूबाट थाहा पाएपछि डर केही कम भएको थियो । त्यसैले यस्तो बेलामा सही सूचनाको आवश्यकता पर्दछ र त्यो सूचना प्रवाह गर्ने भूमिका पत्रकारको हो ।

जनमानसमा पनि सुरूका दिनमा कोरोनाको नाम सुन्नेबित्तिकै त्रसित हुने अवस्था थियो । केही समयपछि कोरोना कस्तो रोग हो ? कसरी बच्न सकिन्छ भन्ने बिषयमा जानकारी प्राप्त भएपछि केही आत्मविश्वास बढेको पाइन्छ ।

अहिले सामाजिक सञ्जालको अधिक प्रयोग हुन्छ । बढ्दो सामाजिक सञ्जालको प्रयोगमार्फत महामारीका बिषयमा आउने अनेक खालका भ्रामक सूचनाहरूले समाजमा त्रास, आतंक र भय सिर्जना गरिरहेको हुन्छ । तर पत्रकारहरूले गर्ने सत्य तथ्य र आधिकारिक सूचना प्रवाहमार्फत त्यो भ्रम, आतंक र त्रासलाई कम गर्न मद्दत पुग्दछ । त्यसैले पत्रकार तथा मिडियाले सही समयमा सही सूचना प्रवाह गर्नु पर्दछ । अझै पनि कोरोना कहिले सकिने हो ?निश्चित छैन । संक्रमणको बेलामा मानिसहरू त्रासले अनिश्चित भविष्यप्रति चिन्तित हुँदै जाँदा उनीहरूको आत्मबल कमजोर भइरहेको हुन्छ । यस्तो बेलामा पत्रकारहरूले हौसला प्रदान गर्ने खालका, भविष्य सुरक्षित हुने खालका समाचार, अनुसन्धानमूलक सामग्रीहरू, लेखहरूमार्फत उनीहरूलाई यो त्रासबाट मुक्त गराउन नसकेपनि कम गराउन भने पक्कै पनि भूमिका खेल्न सक्दछन् ।

संक्रमणको बेलामा राज्य सूचना प्रवाहमा अनुदार बनिरहेको हुन्छ । राज्यको तर्फबाट सूचना प्रवाहमा संकुचन आइरहेको पनि हुनसक्छ । संक्रमणको जोखिमले गर्दा संविधान र कानुनले दिएको सूचनाको हकको प्रयोग गर्न पनि जनताले सकिरहेको हुँदैन । यसले जनतामा उकुसमुकुस र अन्यौल सिर्जना गर्दछ । त्यही भएर यस्तो बेलामा सञ्चारकर्मीले सूचनाको आफ्नो अधिक पहुँचको सदुपयोग गर्दै जनताको सूचनाको हक प्रत्याभूत गराउन मद्दत पुराउने भूमिका अझ बढी निर्वाह गर्नुपर्दछ ।

कतिपय शासकहरू यही महामारी र विपत्तिको मौका छोपी राज्यको ढुकुटी दोहन गर्ने, अपारदशी ढंगबाट निर्यण गर्दै जनताको स्वास्थ्यमा खेलवाड गरेर कमाउ धन्दामा लाग्नसक्ने खतरा पनि रहन्छ । यस्तो बेलामा सञ्चारकर्मीले वाचडगको रूपमा भूमिका निर्वाह गर्नुपर्दछ । त्यस्ता अनियमितता र अपारदर्शी निर्णयहरूलाई खोजी खोजी सार्वजनिक गरी शासकहरूलाई पारदर्शी र जवाफदेही बनाई जनताको स्वास्थ्यमा जिम्मेवार बन्न दवाव  सिर्जना गर्ने भूमिका निर्वाह गर्नुपर्दछ । नेपालको सन्दर्भमा हेर्ने हो भने पनि स्वास्थ्य सामग्री खरिदमा अनियमितता भएको समाचारहरू आइसकेपछि सम्झौता नै रद्द गर्नुपर्‍यो । विदेशमा हेर्ने हो भने पनि फ्रान्समा कोरोना महामारीमा सरकार अपारदर्शी भयो भन्दै जनता सडकमा आएपछि प्रधानमन्त्री र स्वास्थ्यमन्त्रीले राजीनामा दिनुपर्‍यो । यस्तो बेलामा सरकारलाई जवाफदेही बनाउन मिडियाको ठूलो भूमिका रहन्छ ।त्यस्तै संकटको बेलामा चारैतिर समस्यै समस्या देखा पर्दछ । यस्तो बेलामा विपन्न र वास्तविक गरीवहरूले राहत नपाएको हुन सक्छ । नपाउनुपर्नेले राहत पाइरहेको हुन सक्छ । क्वारेन्टाइनमा अव्यवस्था हुनसक्छ । स्वास्थ्य सामग्रीको अभाव, नागरिक उपचार गर्नबाट वञ्चित हुन सक्छन् । विभिन्न अपराधका घटनाहरू हुन सक्छन् । क्वारेन्टाइनमा बलात्कारको घटना र संक्रमित व्यक्तिले उपचारको लागि एम्बुलेन्स अभावका कारण अस्पताल पुग्न नपाई ज्यान गुमाउनु परेको घटनाहरू पनि भए । जताततै समस्यै समस्या हुँदा राज्यको कतिपय अवस्थामा ध्यान नगएको पनि हुन सक्छ वा बेवास्ता नै पनि गरेको हुनसक्छ । यस्तो बेलामा पत्रकारले ती समस्याहरू उजागर गरेर राज्यपक्षको ध्यानाकर्षण गर्न र समस्या समाधान गर्न मद्दत पुराउन सक्छ । लकडाउनका कारण घरभित्रै बस्न बाध्य मानिसहरूमा भविष्यमा आफ्नो रोजगारी के होला? कतिपय विपन्नमा भोलि खान पाइएला नपाइला ? कतिपय अभिभावकका आफ्ना बालबालिकाको शिक्षाको असर के होला ? कतिपय पेशा व्यवसायीमा आफ्नो पेशा के होला ? भन्ने पीर परेको हुनसक्दछ । कोरोनाले भन्दा पनि यो पीर र चिन्ताले ज्यान जोखिममा पर्ने सम्भावना रहन्छ ।कतिपयमा त आत्महत्याको कारण पनि यही नै हुनसक्छ । नेपालमा पनि लकडाउनपछिको अहिलेसम्मको तथ्याङ्कलाई हेर्ने हो भने मासिक १५ देखि १७ जनाले आत्महत्या गरेको देखाउँछ । कोरोना भाइरसको संक्रमण हुनुभन्दा अघि मासिक १५ जनाले आत्महत्या गर्ने गरेकोमा लकडाउनपछि मासिक १७ जनाले आत्महत्या गर्ने गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको छ । यस्ता लकडाउनपछि देखिन सक्ने विकराल समस्यालाई कसरी सम्बोधन गर्न सकिन्छ ?यसतर्फ सरकार बेलैमा सजग रहन जरूरी छ भने सञ्चारकर्मीले पनि सर्वसाधारणका यस्ता मानसिक तनाव कम गर्ने सम्भावना, आशाका सकारात्मक सूचना अनि राज्यले प्रदान गर्ने सहुलियत तथा राहत जस्ता जानकारीहरू प्रवाह गरेर नागरिकको आत्मबल दह्रो बनाउन मद्दत पुराउन सक्छ ।

सूचना प्रवाह गर्दा सञ्चारकर्मीले अत्यन्त विचार पुराउनुपर्ने हुन्छ । उदाहरणका लागि महामारीबाट कतिजनाको मृत्यु भयो भन्ने

सूचना र त्यसबाट कतिले मुक्ति पाए भन्ने सूचना सँगसँगै प्राप्त गर्दा मुक्ति पाउनेको सूचनालाई बढी प्राथमिकता दिई यो युद्ध जित्ने हौसला बढाउन भूमिका निर्वाह गर्न सक्छ । यस्तो बेलामा कतिपय त्रासदी फैलाउने सूचना प्राप्त गरे पनि प्रवाह गर्नुहुँदैन । समाचार संकलनका क्रममा सञ्चारकर्मी उत्तिकै सम्वेदनशील बन्नुपर्दछ । पत्रकार आचारसंहिता, पत्रकारिताको मूल्यमान्यतालाई आत्मसात गर्दै भूमिका निर्वाह गर्नुपर्दछ। र, संकटको बेलामा हरेक मिडिया हाउसले आफ्नो सुरक्षा निर्देशिका बनाई पालना गर्नुपर्दछ ।

अहिलेको परिस्थितिमा सिंगो मुलुकको प्राथमिकता भनेको कोरोना संक्रमण नियन्त्रण र रोकथाम नै हो । सञ्चारकर्मीको पनि त्यही नै हो । सञ्चारकर्मीको दायित्व कोरोना संक्रमण नियन्त्रणका लागि सही सूचना प्रवाह गर्नु, जनचेतना फैलाउनु, अपुष्ट सूचना नदिने, राज्यको काम कारवाहीको खबरदारी गर्नु हो । स्वास्थ्य संकटका बेला एउटा चिकित्सकले एकपटकमा एकजनाको ज्यान बचाउन सक्छ भने एउटा सूचनाले लाखौंको ज्यान बच्न सक्छ । त्यसैले सजग र सचेत रहँदै सूचना प्रवाह गर्नुपर्दछ ।

पत्रकारले आफ्नो भूमिका निर्वाह गर्दा थुप्रै समस्याहरू भोग्नुपरेको छ । खासगरी कोरोना संकटका बेला पत्रकारहरूले पनि स्वास्थ्य संकटसँगै भौतिक र व्यवसायिक संकट भोग्दै आएका छन् । सूचनामाथिको पहुँचको समस्या, आफ्नै जीवनरक्षा, पेशाको सुरक्षा पत्रकारका लागि चुनौतीका रूपमा रहेका हुन्छन् ।

नेपाल पत्रकार महासंघका अनुसार लकडाउनको अवधिमा धम्की, दुर्व्यवहार र आक्रमणका १८ वटा घटनामा २४ जना पत्रकार पीडित भएका छन् । त्यस्तै कतिपय सञ्चारगृहहरूले तलब नदिएको, आधा मात्रै दिएको तथा कतिपयलाई जागिरबाटै निकालिएको समाचारहरू सार्वजनिक भइरहेका छन् । महिला पत्रकारहरूका समस्या अझ जटिल हुने गरेको पाइएको छ । लकडाउनको समयमा आफ्नो सवारीसाधन नहुँदा समाचार संकलनमा समस्या भएको, तलब नपाउने, आधा तलब दिंदा महिला पुरूषमा विभेद, कार्यालय आउजाउ गर्दा तथा बाहिर समाचार संकलन गरी घर फर्किंदा परिवारले कोरोना ल्याएको छ कि भनी मानसिक तनाव दिने, काममा नजाऊ भन्ने जस्ता मानसिक तनाव भोगेका छन् । तथापि पत्रकारहरूले आफ्ना यस्ता समस्याहरूसँग जुधेर भए पनि आफ्नो भूमिका पूरा गरिरहेका छन् । तर अब ढिलो गर्नुहुँदैन कि यस्ता समस्याहरू समाधानका लागि सरोकारवाला निकाय तथा राज्यले समयमा नै ठोस कार्यक्रम ल्याउन । होइन भने लामो अनुभव भएका पत्रकारहरू पत्रकारिता पेशाबाट पलायन हुनुपर्ने बाध्यता हुन सक्दछ जुन नागरिकको आवाज बन्द गरिनु हो । र पत्रकारिताका लागि घाटा अनि लोकतन्त्रका लागि खतरा पनि । तसर्थ राज्यपक्षले बेलैमा हौसला प्रदान गर्ने तथा उत्प्रेरित गर्न जरूरी छ ।

*(लेखक नेपाल पत्रकार महासंघका पूर्वउपाध्यक्ष हुनुहुन्छ ।)*

## गतिविधि

# सञ्चारगृहको गेटमा विरोध स्वरुप कालो व्यानर

काठमाडौं । नेपाल पत्रकार महासंघले श्रमजीवि पत्रकारको पेशागत अधिकार रक्षाको लागी आन्दोलनको कार्यक्रम जारी छ। आन्दोलन अन्तर्गत असार २३ गते मंगलबार लामो समयदेखि श्रमजीवि पत्रकारहरुलाई पारिश्रमिक लगायत सेवा सुविधा उपलब्ध नगराएको, जबरजस्ती बिदामा राखेको र वेतलबी बिदामा रहेका सञ्चार गृह नागरिक दैनिक र एपीवान टेलिभिजनको कार्यालयमा विरोध स्वरुप कालो व्यानर राख्ने कार्यक्रम सम्पन्न भयो। महासंघका केन्द्रीय सदस्य जन्मदेव जैसी, उपत्यका प्रदेश समितिका कोषाध्यक्ष टेनिस रोका र काठमाडौं शाखाका अध्यक्ष शान्ताराम विडारी सहितको टोलिले संचार प्रतिष्ठानमा कालो व्यानर राखेको हो ।






# अनलाइन पत्रकारिता : सूचनाको भरपर्दो माध्यम



**सरकारले अनलाइन पत्रकारिताको प्रभावकारिता बुझेर नै हुनुपर्छ, आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा अनलाइन पत्रकारितालाई पनि केही सम्बोधन गरेको छ । तर, जति सम्बोधन गरेको छ, त्यो पर्याप्त भने छैन । सरकारले आवश्यक नियमन गरेर यसको विकासमा अझै भूमिका खेल्नुपर्ने देखिन्छ । अहिले पहिलोपटक अनलाइनलाई लोककल्याणकारी विज्ञापन वितरणका लागि अनलाइन वर्गीकरणका मोडलका बारेमा विभिन्न सरोकारवाला निकायहरूमा छलफल चलिरहेको छ ।**

**प्रकाश थापा**
pabhilashi@gmail.com

वर्तमान २१औँ शताब्दी सूचना-प्रविधिको युग हो । संसारमा विकास भएको सूचनाप्रविधिको विकासले विश्वलाई ग्लोबल भिलेजका रूपमा साँघुरो बनाइदिएको छ । विश्वको जुनसुकै कुनामा भएको विभिन्न घटनाक्रमलाई आज मानिसले घटना भएको केही माइक्रो सेकेन्डभित्रै घरैमा बसी-बसी हेर्न, पढ्न र सुन्नसक्ने भएको छ । यो सबै सूचना-प्रविधिको देन हो । मानव सभ्यताको विकासक्रमसँगै शुरुमा एक स्थानको सूचना अर्को स्थानमा पुर्याउनका लागि व्यक्ति स्वयं पुग्नुपर्थ्यो । अझ टाढा-टाढासम्म खबर आदान-प्रदानका लागि परेवाको खुट्टामा चिठी बाँधेर छोड्ने चलन रहेको पनि सुन्न पाइन्छ । तर, त्यसरी सम्बन्धित स्थानमा सूचना पुग्ने सम्भावना अत्यन्त न्यून हुन्थ्यो । पुगिहाले पनि समय बितिसक्ने हुँदा त्यो सूचना पुग्नु वा नपुग्नुको केही अर्थ हुँदैनथ्यो ।

त्यही आवश्यकतालाई मध्यनजर गर्दै विश्वमा हुलाकको स्थापना भएको पाइन्छ । अन्य पुराना पद्धतिभन्दा हुलाक सेवा थप भरपर्दो र विश्वसनीय बन्न पुग्यो । त्यसैले हुलाक सेवा विश्वभर लामो समयसम्म टिक्यो र अहिलेसम्म पनि यसको प्रयोग भइरहेकै छ । हुलाक सेवाले व्यक्तिगत वा संस्थागत सूचना आदान-प्रदानमा टेवा पुर्याए पनि आमसर्वसाधारणले राष्ट्रमा भएका विभिन्न गतिविधि एकैपटक थाहा पाउनका लागि सो माध्यम प्रभावकारी हुँदैन । पछिल्लो समय हुलाक सेवाको प्रयोग विस्तारै कम हुने अवस्थामा छ । नेपालमा हुलाक सेवाको सुरुवात वि.सं. १९३८ मा भएको पाइन्छ । छापामाध्यमको विकासपछि पत्रकारिता लामो समयसम्म यसैमा आधारित छ । अहिलेसम्म पनि छापामाध्यमले संसारभर सूचना सम्प्रेषणमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यद्यपि, आधुनिक सूचना प्रविधिको विकासक्रमले यसको आवश्यकतालाई पनि कम गर्दै लगेको छ । अहिले डिजिटल प्रविधिले सूचनाका पुराना माध्यमलाई क्रमिक रूपमा विस्थापित गर्दै छ ।

नेपालमा वि.सं. १९०८ मा जंगबहादुर राणा बेलायतबाट फर्कंदा ल्याएको फलामे हातेप्रेस (जसको नाम कोलम्बियन प्रिन्टिङ प्रेस हो, तर जनमानसमा गिद्धेप्रेसका नामले प्रचलित छ) लाई नेपाली पत्रकारिताको इतिहासमा पहिलो खुड्किलोका रूपमा लिइन्छ । जंगबहादुरले बेलायतबाट प्रेस ल्याएको ५० वर्षपछि मात्र नेपालमा पत्रिकाको प्रकाशन भयो । वि.सं १९५८ मा तत्कालीन प्रधानमन्त्री देवशमशेरको पालामा स्थापना भएको 'गोर्खापत्र' नै नेपालमै छापिएको

पहिलो नेपाली पत्रिका हो । त्यसअघि नेपाली भाषामा प्रकाशित हुने 'सुधासागर' भारतमा छापिन्थ्यो ।

छापा पत्रकारितापछि वि.सं २००७ सालमा नेपालमा दुईवटा रेडियो स्थापना भएका थिए । नारदमुनि थुलुङको नेतृत्वमा पूर्वी नेपालमा स्थापना भएको प्रजातन्त्र रेडियो र तारिणीप्रसाद कोइरालाको नेतृत्वमा विराटनगरमा स्थापना भएको रेडियोले सूचना सम्प्रेषणमा महत्वपूर्ण भूमिका खेले । प्रजातन्त्र प्राप्तिपछि कोइराला नेतृत्वको रेडियोका उपकरण ल्याएर काठमाडौंबाट 'नेपाल रेडियो'का नाममा सञ्चालन हुन थाल्यो । अहिले रेडियो नेपालका नाममा यसले सरकारी सञ्चारमाध्यमको भूमिका खेलिरहेको छ । नेपालमा टेलिभिजन सुरूवात छापामाध्यम, रेडियोभन्दा धेरैपछि मात्र सुरू भयो । वि.सं २०४३ मा स्थापना भएको नेपाल टेलिभिजनले अहिले पनि सरकारी सञ्चारमाध्यमका रूपमा सेवा दिइरहेको छ ।

पञ्चायती व्यवस्थाको अन्त्य भई विसं २०४६ मा बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि नेपालमा सञ्चारमाध्यमको विकास तीब्ररूपमा भएको पाइन्छ । प्रजातन्त्र पुनर्स्थापनापछि निजीस्तरमा पत्रपत्रिका र एफएम रेडियो खोल्ने होडबाजी नै चल्यो । सँगै निजी टेलिभिजन च्यानल पनि खुल्न थाले । तर, पछिल्लो समय यी सबै माध्यमको एउटै विकल्पका रूपमा अनलाइन पत्रकारिता विकसित हुने क्रम जारी छ । अनलाइन माध्यमबाट श्रव्य, दृश्य र छापा तीनवटै माध्यमको काम गर्न मिल्ने भएपछि अहिले पाठक, स्रोता, दर्शक त्यसतर्फ आकर्षित भएका छन् । अनलाइनमा पत्रिकाको जस्तो शब्द-चित्र सामग्री, रेडियोको जस्तो श्रव्यसामग्री र टेलिभिजनको जस्तो श्रव्य-दृश्यसहितको सामग्री अध्ययन गर्न पाइने भएकाले यो धेरैको आकर्षणमा परेको हो ।

समाचार सामग्री उत्पादन गरी इन्टरनेटमार्फत वितरण गर्नुलाई अनलाइन पत्रकारिता भनिन्छ । अनलाइन पत्रकारिता वर्तमान समयमा सञ्चारको लोकप्रिय माध्यम बन्दै गएको छ । पाठकहरूमा अनलाइनमा समाचार पढ्ने बानी परिसकेको छ । विश्वमा इन्टरनेट विकास सन् ७० को दशकको आरम्भतिर भए पनि त्यसले सन् ९० पछि मात्रै व्यापकता पाउन थालेको हो । अनलाइन पत्रकारिताको पहिलो खुड्किलोका रूपमा अमेरिकाको 'सिकागो ट्रिब्युन'लाई लिइन्छ । सन् १९९२ मा यसले पहिलोपटक पत्रिकामा छापिएका सामग्रीलाई डिजिटल स्वरूप दिएर अमेरिका अनलाइनको होमपेजमार्फत अनलाइनमा राखेको थियो ।

नेपालमा सन् १९९४मा इन्टरनेट भित्रिएको एक वर्षमै सन् १९९५ मा मर्कन्टायल कम्पनीले पहिलोपटक दी काठमाडौं पोष्टका समाचारलाई अनलाइनमा राख्न थाल्यो । यो दक्षिण एशियामै पहिलो अनलाइन समाचार प्रकाशन थियो । शुरूमा अनलाइन पत्रकारिता पत्रपत्रिकाकै अनलाइन संस्करण जसरी आए पनि अहिले यो पत्रकारिताको एक अलग्गै विधाका रूपमा अगाडि आएको छ । अहिले अनलाइनलाई नै लक्षित गरी समाचार सामग्री उत्पादन गरी इन्टरनेटमार्फत सम्प्रेषण गर्न थालिएको छ ।

अनलाइन पत्रकारिताको सबैभन्दा राम्रो पक्ष भनेको विषयवस्तु परम्परागत सञ्चारमाध्यमजस्तो यसको कुनै भौगोलिक सीमा हुँदैन । नेपालमा प्रकाशन-प्रसारण भएको समाचार युरोप अमेरिका र त्यहाँ उत्पादन भएका सामग्री नेपालमै बसेर सहजै हेर्न, पढ्न र सुन्न पाइन्छ । टेलिभिजन, रेडियो आदिमा एकपटक प्रसारण भइसकेको सामग्री दर्शकले पुनः अर्कोपटक सुन्न वा हेर्न पाउँदैनन् । तर, अनलाइनमा पुराना सामग्री खोजी-खोजी प्रयोग गर्न पाइन्छ । त्यसैले अनलाइन पत्रकारिता लोकप्रिय बन्दै गएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५ को उपधारा (२) ले अनलाइन पत्रकारितालाई पनि पत्रकारिताकै एक विधाको रूपमा वैधानिकता दिँदै स्वतन्त्रताको प्रत्याभूति गरेको छ । त्यसअघि नेपालमा अनलाइन पत्रकारिताबारे कानुनीरूपमा कतै पनि व्याख्या गरिएको थिएन । अहिले अनलाइन समाचार सेवाप्रदायकले पाठकलाई छिटो-छरितो रूपमा सूचना प्रवाह गरेर सुसूचित गराइरहेका छन् । व्यक्तिगतरूपमा र सानो क्षेत्रफलमा सञ्चालन गर्न सकिने भएकाले पनि यसको विकास हुँदै गएको हो । अहिले ब्लगबाट पनि समाचारहरू प्रकाशन गर्ने प्रचलन बढ्दै गएको छ । पछिल्लो समयमा नेपालमा सामाजिक सञ्जाल र अनलाइन मिडियाले सञ्चारको क्षेत्रमा क्रान्ति ल्याएको छ भन्दा अत्युक्ति नहोला ।

यद्यपि, यसका समस्या भने नभएका होइनन् । अनलाइनमा प्रकाशन हुने समाचारमा धेरैको ध्यान जाने गरेको पाइए पनि कतिपय अनलाइनले भ्युअर्स बढाउनका लागि प्रयोग गर्ने भाषा र उनीहरूलाई आकर्षित गर्न प्रयोग गर्ने शीर्षकले अनलाइनप्रतिको विश्वसनीयतामाथि भने प्रश्न उठ्ने गरेको छ । आमसर्वसाधारणमा इन्टरनेटको पहुँच नहुँदा सबैले अनलाइन पत्रकारिताको उपभोग गर्न पाएका छैनन् । नेपालीहरूको आयको दाँजोमा अहिले इन्टरनेट शुल्क महँगो छ । छापा, रेडियो, टिभीजस्तै पत्रकारिताको नयाँ विधाको रूपमा अनलाइन पत्रकारिता स्थापित त भएको छ तर, अनलाइन पत्रकारिता कम्प्युटर आधारित सञ्चार सिद्धान्तमा आधारित भएकाले यो प्रविधि अन्यभन्दा महँगो साबित भएको छ ।

अनलाइन पत्रकारिताको महत्व वर्तमान समयमा विश्वमा जारी रहेको कोरोना महामारीले राम्रोसँग दर्शाइदिएको छ । पत्रकारिताका अन्य माध्यममा पत्रकार सशरीर स्टुडियो वा प्रकाशनगृहमा उपस्थित हुनुपर्ने बाध्यता हुने हुँदा टेलिभिजन, रेडियो वा पत्रपत्रिकालाई जति समस्या पर्‍यो, त्यस्तै समस्या अनलाइन पोर्टलहरूले बेहोर्नु परेन । एकातिर पत्रकार कार्यालयमा उपस्थित हुन नसक्ने, अर्कोतिर विज्ञापनदाताले विज्ञापनमा कटौती गर्दै जाने अवस्था आएपछि सबै मिडिया हाउसहरू समस्यामा परे । अझ पत्रिका प्रकाशन गर्न आवश्यक कागज सहज उपलब्ध नहुँदा छापा पत्रिकाहरू अझै समस्यामा परेको देखियो । तर, अनलाइनमा पत्रकारले घरैमा बसेर पनि समाचार प्रकाशन-प्रसारण गर्न सक्ने भएकाले उनीहरू काम गराईको शैलीमा कम समस्यामा परेको देखिन्छ । तर, पत्रकारहरूले तलब नपाउने समस्या त उस्तै छ जुन अन्य प्रकृतिका मिडिया हाउसहरूमा वर्षौदेखि विद्यमान छ ।

पछिल्लो समय अनलाइन पत्रकारिता अपरिहार्य जस्तो बन्न पुगेको छ । जनताको सूचनाको हकलाई परिपूर्ति गर्न अनलाइन पत्रकारिताले खेलेको भूमिका सराहनीय छ । सरकारले अनलाइन पत्रकारिताको प्रभावकारिता बुझेर नै हुनुपर्छ, आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा अनलाइन पत्रकारितालाई पनि केही सम्बोधन गरेको छ । तर, जति सम्बोधन गरेको छ, त्यो पर्याप्त भने छैन । सरकारले आवश्यक नियमन गरेर यसको विकासमा अझै भूमिका खेल्नुपर्ने देखिन्छ । अहिले पहिलोपटक अनलाइनलाई लोककल्याणकारी विज्ञापन वितरणका लागि अनलाइन वर्गीकरणका मोडलका बारेमा विभिन्न सरोकारवाला निकायहरूमा छलफल चलिरहेको छ । समग्र पत्रकारको पेशाको सुरक्षाको प्रत्याभूति दिलाउन राष्ट्र अग्रसर हुनुपर्छ । राष्ट्रको विकासका लागि व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको जति महत्वपूर्ण भूमिका छ, पत्रकारिताको भूमिका पनि त्यो भन्दा कम छैन । अबका दिनमा राष्ट्रको चौथो अंगको भूमिका निर्वाह गर्न अनलाइन पत्रकारिता कोशेढुंगा बन्नेमा सायदै दुईमत रहला ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव हुनुहुन्छ ।)*

# सञ्चारमाध्यममा पत्रकारको बिचल्ली : कति कोरोना कति बहाना !



**नेपाली पत्रकारिता कोभिड– १९ का कारण जुन समस्या भोगिरहेको छ, पत्रकार चाहिँ सञ्चालकका नियत र स्वार्थको कोर्राले कुटिन पनि बाध्य भएका छन् । अझ, बोल्दै नबोल्ने, आफूलाई हुने अन्यायविरूद्ध मुख खोल्दै नखोल्ने नानीदेखिको बानीले समस्या अझ विकराल बनेको छ । यसले सञ्चालकलाई निर्मम र निर्दयी हुन हौस्याइरहेको छ ।**

**लक्ष्मण कार्की**
lokapriyalaxman@gmail.com

**अब नबोली सुखै छैन**

कोभिड– १९ लेविश्वलाई प्रभावित बनायो, बनाइरहेकै छ । प्रकृतिमाथि जीतको ध्वाँस दिने मानवलाई घरभित्रै खुम्च्याइदिन एउटा भाइरस काफी बन्यो । कोभिडलेमानिसको औकात देखाइदिएन मात्र धेरैको नियत पनि छताछुल्ल बनाइदियो ।

र, यस्तो समस्याको अवस्था नेपालको पत्रकारिता क्षेत्रमा धेरै देखिएको छ । किनभने यसमा सञ्चारमाध्यमका सञ्चालकहरूको नियत पनि मिसिन पुगेको छ । नेपाली पत्रकारिता कोभिड– १९ का कारण जुन समस्या भोगिरहेको छ, पत्रकार चाहिँ सञ्चालकका नियत र स्वार्थको कोर्राले कुटिन पनि बाध्य भएका छन् । अझ, बोल्दै नबोल्ने, आफूमाथि हुने अन्यायविरूद्ध मुख खोल्दै नखोल्ने नानीदेखिको बानीले समस्या अझ विकराल बनेको छ । यसले सञ्चालकलाई निर्मम र निर्दयी हुन हौस्याइरहेको छ ।

कोभिड– १९ को जोखिमबाट कसरी जोगिने भन्ने तनाव झेलिरहेका सैयौं पत्रकारलाई जागिर गएको अर्को तनाब थपिदिएका छन सञ्चालकहरूले ।कामबाट हटाइएको, बेतलबी बिदामा राखिएको र काममा जान नसक्ने वातवरण बनाइएको छ ।

ब्यापारमा सधैँ समृद्धि नै समृद्धि हुँदैन । कहिले मन्दी छाउँछ । मन्दीलाई पार लगाउने रणनीति सम्बन्धित संस्थाले बनाउनुपर्छ । कोभिड– १९ ले उद्योगधन्दा, बन्दब्यापार, आउजाउ नै ठप्प भएपछि सञ्चारमाध्यममा विज्ञापन अर्थात आम्दानी घट्ने नै भयो । (भलै केहीले यो बेलामा थप कमाई पनि नगरिरहेका होइनन्) । तर, चल्न नसक्ने भएको भन्दै सञ्चालकहरू निर्मम र निर्दयी भइरहेका छन् । उनीहरू लकडाउन शुरू भएको पहिलो महिनादेखि रोइकराई मात्र होइन त्यही महिनादेखि तलब कटौती र बेतलबी बिदामा राख्ने काम शुरू गरिसकेका थिए । पुराना, धेरै तलब दिनुपर्ने, आफूसँग कुरा नमिलेका वा सम्पादकले प्रतिशोध साँधेकाहरूलाई निशाना बनाइएको छछानीछानी र देखाइएको छ कोरोनालाई ।

दुई कोठा भाडामा लिएर शुरू गरेको कुनै प्रकाशन गृहले त्यही समयदेखि आफूलाई साथ दिएका पत्रकार र कर्मचारीलाई अवकाश गरेको वा विदामा राखेको भन्न अलिकति पनि लाज मानेको छैन । यो अवधिमा सञ्चार उद्यमीले कमाएको करोड, अर्व वा खर्व सम्पत्ति कमाएका छन् । सामाजिक ख्याति र प्रतिष्ठाको कुरा त अलग्गै भयो । लकडाउन शुरू भएको पहिलो महिनादेखि नै त्यसैबेलादेखिका सहयात्री कर्मचारीलाई कि अवकाश, कि बेतलबी विदा वा तलब कटौती गर्नुले पैसाका लागि सञ्चालक कति निर्दयी हुन्छन् भन्ने देखाएको छ । महिनामा ११ सय वा १३ सय हाराहारीमा तबल खातामा पठाइदिँदा यो पैसाले त्यो पत्रकार वा कर्मचारीको गुजारा कसरी हुन्छ होला भन्नेसम्म सोच्न उनीहरूले आवश्यक ठानेका छैनन् । आफूविलासी गाडीमा शयर गर्दैगर्दा कार्यालयमा बर्षौंदेखि सुविधा दिँदै आएको गाडी थन्क्याएर बिहान झिसमिसेमा कार्यालयमा हिँडेरै आऊ वा आधारातमा काम सकेर कार्यालयबाट हिँडेरै घर जाऊभन्न सानो मुटु भएका मानिसले सक्दैनन् । तर मिडिया सञ्चालकले सकेका छन् ।

राज्यले निशाना साधेका बखत, कानूनले कक्रक्क पार्न खोजेका बखत वा अरू कसैले धम्क्याएका बखत पत्रकारले निषेधाज्ञा तोडेर, भूकम्प जस्ता विपतका बेला ज्यानको बाजी राखेर काम गरिदिएर जोगाइदिएको र ख्याति बढाइदिएको गुन तिर्ने बेला कोरोनाकाललाई नै किन छानियो? छैन त रहस्यमय ?

नागरिकको सुसूचित हुने हकको लडाईँमा सञ्चालकहरू सडकमा आक्कलझुक्कल मात्र आएका हुन् । सधैं पत्रकारले धानेका हुन् त्यो आन्दोलन,लेखेका हुन समाचार, खिचेका हुन तस्बीर, बनाएका हुन् कार्टुन, गरेका हुन खबरदारी अनि जोगिएको हो साहुजीको ब्यवसाय । सरकारले दिने राहत र छुटका लागि पनि पत्रकार महासंघ लगायत पत्रकारका संघसस्थाले पैरवी गरिदिएका हुन् । ती सबै हात पारिसकेपछिआपतका बेला निशानामा चाहिँ तिनै पत्रकार ? कुनै दिन कुनै छिन प्रसारण प्रकाशन रोकिनु हुन्न भन्ने सञ्चारमाध्यम आफ्नो स्वार्थका लागि बन्दै गर्नपनि पछि नपर्ने ? संकटका बेला पत्रकारका पेटमा लात हान्न लाजशरम नहुने अनि प्रेस स्वतन्त्रताका लागि उहाँहरूको ब्यवसाय जोगाउन र नाफा बढाउन आन्दोलन चाहिँ पत्रकारले गरिदिनुपर्ने ? यो त मिल्छ र महाशय ?

बर्षौंदेखि काम गरिरहेको संस्थाले दुःखका बेलामा आडभरोसा देओस, म छु तपाईहरू ढुक्कले काम गर्नुस् भनेर ढाडस देओस भन्ने चाहनालाई लात हान्दै उनीहरूले कोरोनाभन्दा ठूलो आतङ्क सिर्जना गरिदिएपछि पत्रकार अझै बैगुनीलाई गुनले मार्ने भन्ने मन्त्र जपेर बस्ने हो र ?

हो यसैले अब, पर्गेल्नुपर्ने विषय यो बनेको छ कि सञ्चारमाध्यममा कोरोनाको प्रभाव कति सही हो र कति बहाना ? मतलव, के मिडिया सञ्चालकले भनेजस्तै अवस्था भइसकेको हो?प्रतिष्ठित, ठूला र धेरै बिजनेश गर्ने सञ्चारमाध्यमबाट पत्रकारलाई कामबाट निकाल्ने वा काममा जान नसक्ने गरी अपमान गर्नुपर्ने अवस्था आएको हो त ?सबैभन्दा पुरानो वा सबैभन्दा धेरै बिक्ने, सबैभन्दा पढिने, सबैभन्दा ठूलो नेटवर्क रहेको दाबी गर्दै विज्ञापन र कार्यक्रमको प्रायोजन खोज्ने सञ्चारगृहहरू अहिले कति पत्रकारलाई निकाल्ने वा कामविहीन बनाउने भन्ने प्रतिस्पर्धामा रहेको देखिन्छ । र दुःखको कुरा पत्रकार यी दुःख सहेर बसेका छन्, कहने हिम्मत गर्न सकिरहेका छैनन् । भलै, यो क्रम केही कम भने भइरहेको छ ।

दशकौँ चलेका मिडयाहाउसमा खोई संस्थागत र व्यवसायिक अभ्यास ? जसले सधैं अरूलाई अन्याय नगर्न पैरवी गरे । पारदर्शी हुन खबरदारी गरे । उधिनेर ल्याए लुकाउन खोजिएका कर्तुतहरू । तिनै पत्रकार अन्यायमा परे र उनीहरूले काम गर्ने संस्थाकै रकमकलम अपारदर्शी छ । सञ्चालकको ब्यवसाय, कमाई र स्रोत अपारदर्शी छ । योभन्दा मजाक अरू के कुरा होला ?

अरूलाई संस्थागत हुन सिकाउने, पारदर्शिताको प्रश्न उठाउने, न्यायका लागि लड्न हौंस्याउने सञ्चारमाध्यम स्वयम्ले चाहिँ त्यो पालना गर्नुपर्छ भन्ने हेक्का नराखेका हुन् कि पत्रकारलाई 'काम चल्यो भाँडो तेरो ठाँडो' बनाएका हुन् । त्यही सञ्चारमाध्यम चलाएर आफूले समाजमा कमाएको ख्याति वा प्रतिष्ठा मात्र होइन आर्थिक अवस्थाको क्रान्तिकारी परिवर्तनको समेत वास्तै नगरी सञ्चालकहरू पत्रकारलाई कसरी समस्यामा पार्न सकिन्छ भन्ने ध्याउन्नमा छन् । बैशाख महिनामा निर्णय गरेर चैतदेखिकै आधा मात्र तलब पठाइदिने निर्णय गरेका हुन् वा कार्यरत पत्रकारलाई कसरी ब्यवस्थापन गर्ने भन्ने निर्णय नै नगरी प्रकाशनहरू बन्द गर्ने निर्णय गरेर वा कार्यालयमा राखिएका गाडी नचलाई सवारीसाधनको ब्यवस्थापन आफैँ गरेर काममा आउनू भन्ने अमानवीयताको हदमा गिरेर किन नहोस् केवल आफ्नो मुण्टो कसरी जोगाउने भन्ने मात्र ध्याउन्नमा रहेका देखिन्छन् सञ्चालकहरू । आजको मेरो मानसम्मान, ख्याति र प्रतिष्ठा अनि आर्थिक हैसियत यो उचाइमा पुर्‍याउन तिनै पत्रकारको भूमिका सबैभन्दा बढी छ भन्ने कुराको हेक्का उनीहरूले राखेका छैनन् । विज्ञापन घटेपनि केही महिना म तपाईहरूलाई कुनै समस्या पर्न दिन्न, ढुक्कले काम गर्नुहोस् भन्नुको साटो घरै बसेर सहयोग गरिदिनुहोस् भन्ने तहमा झर्नु जति अस्वभाविक र अमानवीय के होला र ? पुराना र बढी तलव दिनुपर्ने पत्रकारलाई लक्षित गरी निर्णय गर्दा उनीहरूले यति तलसम्म गिर्ने र ?भन्ने एउटा इमानको धर्सो पनि कोरेका छैनन् ।तिनै पत्रकार र मजदूरले काम गरेर मलाई यो उचाइमा पुर्‍याएका हुन् । यो विलासी जीवनशैली र ख्याति दिएका हुन्, कम्तिमा दुःखको यो घडीमा म यो स्तरमा झर्न र उनीहरूको परिवार नै पाल्न नसक्ने अवस्थामा पुग्न दिनु हुँदैन भन्नेमा थोरै मात्र मिडिया सञ्चालक देखिएका छन्,जसलाई साधुवाद भन्नैपर्छ । र, सञ्चालकको यो सोचले अन्ततोगत्वा फाइदा फेरि सञ्चालकलाई नै हुने हो, संस्थालाई नै हुने हो ।

मिडिया ब्यापार गरीपाएजति सबै सुविधा र सहुलियत लिने, नाफा कमाउने तर संस्थाको आपतकालीन र कल्याणकारी कोष नबनाउने, बनाएपनि भंग गर्ने, भोलि यस्तो आइपर्न सक्छ भनेर कमाइको केही प्रतिशत पर नसार्ने, बरू बजारबाट उठेको रकम महिना नमर्दै आफ्ना अरू ब्यवसाय वा ब्यापारमा सार्ने अनि अहिले संकट शुरू हुनासाथपत्रकारलाई निकाल्न थाल्ने ? साहुजीहरूसँग त श्रीसम्पत्ति छ, बैंक वा सरकारले पत्याउँछ । एउटा निरीह पत्रकार घरपरिवार चलाउन कहाँ जाने ? कोसँग हात थाप्ने ? समाजमा एक पत्रकारको निरीहता समग्र पत्रकारिता जगतकै निरीहता हो । यो ऊ बाँच्छ कसरी मात्र होइन पत्रकारितालाई समाजले हेर्ने दृष्टिकोण कस्तो बनाउँछ भन्नेसम्मको भोलिको पुस्ता कुन आशले पत्रकारितामा आउँछ भन्नेसम्मको कुरा हो ।

मिडिया घाटामा छ भन्ने सञ्चालकको गनगन सधैंको हो । तर, घाटाको ब्यवसाय उनीहरू किन चलाइरहेका छन् ? जवाफ




दिँदैनन् । उनीहरूले पत्रकारलाई रोजगारी दिन वा पत्रकारिताको विकास गर्नका लागि मात्र यो व्यवसाय गरेका हुन् भनेर विश्वास गर्न सकिने ठाउँ कम्तिमा नेपालमा छैन । सधैं घाटा भयो भनेर नथाक्ने तर व्यवसाय पनि नछोड्ने सञ्चालकबारे एक पत्रकारले भनेको सम्झन्छु, मिडियाबाट घाटा भयो भने बन्द गर र खोल रक्सीको पसल । पत्रकार पनि कहिलेकाहीँ ग्राहक बनेर आइदिन्छन् । वा खोल चप्पल दोकान पत्रकारले किन्दिन्छन् ।

पत्रकारको निरीहतामाथि सञ्चालकले खेल्ने गरेका छन् ।सरकारले तोकेको २४,५०० न्यूनतम पारिश्रमिक नपाएपनि, नियुक्तिपत्र नपाएपनि, समयमा तलब नपाएपनि, अपमान र दुर्व्यवहार सहेर पनि काम गर्ने गरेका छन् पत्रकारले । अरूलाई अन्यायविरूद्ध लड्न आँट दिने र समस्या भए मलाई भन्नुस है म आवाजविहीनहरूको आवाज हुँ भन्ने पत्रकार स्वयम् चाहिँ आफूलाई भएको अन्यायबारे चुइँक्क गर्दैन। बरू कुनै आँटिलो पत्रकारले सामाजिक सञ्जालमा लेख्यो भने लाइक शेयर वा कमेण्ट होइन मेसेन्जरमा सोध्छ किन बोलेको वा लेखेको यति कडा ? साहुले मार्दैन ? स्पष्टिकरण सोध्दैन ?सञ्चालकले काम लगाएको पैसा दिँदैन भने र्‍याखर्‍याख्ती बनाउन वा नपाए काम गर्दिन भन्ने आँट गर्न त धेरै पछिको कुरा भइगयो । संस्थामा कसैलाई समस्या भयो भने पत्रकारको एकमतो हुँदैन । बरू सञ्चालकसँग चोचोमोचो मिलाउन र म 'कमान' सम्हाल्दिन्छु भन्न पत्रकारहरू नै पुग्छौं । समस्या त हुने नै भयो ।

यो समय सञ्चालकका लागि जति संकटको छ, त्यो भन्दा बढी पत्रकारका लागि छ । किनकि सञ्चालकले यसअघि कमाएको छ । सरकारले छुट दिएको छ । दिँदैछ । फेरि भोलि आम्दानी शुरू भइहाल्छ । तर आज गासबासकै समस्या भएको पत्रकारलाई घरपरिवार र लालाबालालाई संकटको यो बेला दुई गास खुवाउन नसक्नुको मतलव पनि सिंगो मिडिया क्षेत्रप्रतिको वितृष्णा हो कि होइन ?२४,५०० न्यूनतम पारिश्रमिक लागू नभएर त्यसका लागि लड्दै आएको पत्रकार त्यो पनि बन्द भएपछि बाँच्ने कसरीहो ? यसबारे साहुजीहरूले सोच्न भ्याउनुभएको छ ? ऊ बाँच्छ कसरी भन्ने न्यूनतम आधारभूत कुरा होइन र ?

श्रमजिवीलाई पारिश्रमिक नदिने सञ्चारमाध्यम बन्द हुँदा प्रेस स्वतन्त्रताको हनन हुन्छ कि हुँदैन ? यो कुरा पनि अब गम्भीर ढंगले बहस गर्न आवश्यक छ । किनकिपत्रकार महासंघले अहिलेसम्म सधैं कुनै पनि बहानामा सञ्चार संस्था बन्द हुन हुँदैन भन्ने एकाङ्गी दृष्टिकोण राख्दै आयो । तर, अब यसबारे गम्भीर भएर सोच्ने बेला भएको छ । श्रमचोर, संकटका बेला पत्रकारलाई थप संकट थपिदिने, जानीजानी समस्यामा पार्ने, आफू कुस्त कमाउने र पत्रकारलाई लात हान्ने एकाध सञ्चार संस्था बन्द भए प्रेस स्वतन्त्रता हनन हुने हो कि होइन अब गम्भीर मन्थन यता मोडिनुपर्ने देखिएको छ ।

कोरोनाका कारण धेरै मिडियालाई घाटा जरूर भएको छ । तर केहीले यो मौकामा थप कमाई पनि गरेका छन् । नयाँ कार्यक्रम आएका छन् । सहयोग आएको छ । सरकारलाई मिडिया सञ्चालकलाई राहतका प्याकेज ल्याउन वा सहुलियत ऋणको ब्यवस्था गर्न पत्रकारले पनि माग गरेका छन् । यो संकटबाट पार पाउने अनेकौं उपाय छन्, न कि पत्रकारको निकाला समाधान हो । तर सञ्चालकहरू यतातिर भन्दा पत्रकारलाई निकालेर, बेतलबी बिदामा राखेर वा काममा आउन नसक्ने गरी अपमान गरेर आफ्नो स्वार्थसिद्ध गर्ने ध्याउन्नमा देखिन्छन् । जुन सर्वथा गलत छ । यसले कुनै पत्रकारको चुल्हो बन्द भएको मात्र होइन समग्र पत्रकारिताप्रति नै वितृष्णा बढाएको छ । सञ्चारमाध्यम कति गैरजिम्मेवार छन् भन्ने देखाएको छ । संकट र दुःखका बेला पनि अमानवीयताको कुन हदमा गिर्न सक्छन् भन्ने देखाएको छ । सञ्चालकका विलासी गाडीमा तेल नसकिने तर श्रमजीवी पत्रकारको चुलो बन्द हुने अनि उनीहरूको 'आन्तरिक स्यानिटाइजेसन'का लागि महँगा ब्राण्डको अभाव नहुने तर पत्रकार भोकै बस्नुपर्ने ? अनि आवाजविहीनहरूको आवाज भएको भ्रममा रहेका हामी पत्रकारको मुखमा लागेको ताला कहिले खोल्ने ? हामी कहिले बोल्ने ?

त्यसैले आफूमाथिको अन्यायविरूद्ध मुख खोलौं, बोलौं, अब नबोली सुखै छैन ।

*(लेखक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# चुनौतीलाई पन्छाउँदै पाइला सार्दैछ प्रदेश समिति



**सञ्चारमाध्यममा सूचनामूलक स्वास्थ्य सन्देश र चेतनामूलक सामग्री प्रसारण प्रकाशन गरेर सञ्चारमाध्यमले सहयोग गर्ने र प्रदेश सरकारले त्यसबापत सञ्चारमाध्यमलाई सहयोग गर्ने दोहोरो सहयोगले कोरोना कहरमा सञ्चारमाध्यमको समस्यामा केही हदसम्म मलमपट्टी लागेकै छ ।**

✍ विक्रम लुइँटेल
bikrambrt@gmail.com

मुलुक संघीय संरचनामा रूपान्तरण भएसँगै निर्माण भएको नेपाल पत्रकार महासंघ प्रदेश समितिले २ वर्ष पूरा गऱ्यो । स्थापना भएका संस्था नै अघि बढ्न हम्मेहम्मे परेको समयमा नयाँ कार्यसमिति नै चयन भएर शून्यबाट संस्था सञ्चालनमा ल्याउनु आफैमा चुनौतीपूर्ण काम हो । त्यसमा पनि दैनिक हजारौँसँग ठोकिने र चुनौतीको पहाड बोकेको पत्रकारिता पेशाको मर्यादा राख्न र आएका समस्याको समाधान खोज्ने यो संस्थाको नयाँ पाइला अघि बढाउनु सहजता छैन ।

अघिदेखि नै संरचनागत हिसाबले बलियो अवस्थामा रहेका जिल्ला शाखाहरूको तुलनामा भौतिक पूर्वाधार र कार्यालय नभएको अवस्थामा महासंघको प्रदेश समितिलाई समन्वय गर्दै अघि बढ्नु निश्चय पनि कठिन हो । यी सबै कठिनाईका बीच प्रदेश १ पत्रकार महासंघले सहज र सरल ढंगले आफ्ना गतिविधिहरूलाई अगाडि बढाइरहेको छ । यसमा गौरब भने गर्नेपर्छ ।

यो अवधिमा नेपाल पत्रकार महासंघ, प्रदेश १ को भवन निर्माणको काम द्रुतगतिमा भएको छ । केही समयपछि नै प्रदेशको राजधानी विराटनगरमा निर्माणाधीन महासंघको भवनमा कार्यालय सञ्चालन हुनेछ । यसले ओत र छहारीमा बसेर तातो समस्या समाधान गर्न र अघि बढ्न महासंघलाई थप शितलता दिने महसुस महासंघले गरेको छ । अब आउने अधिवेशन अघि नै प्रदेश पत्रकार महासंघको आफ्नै भवन हुनेछ र त्यहाँबाट नै कार्यालयका काम शुरू हुनेमा प्रदेश समित ढुक्क छ ।

हुन त अहिले पनि कर्मचारीको व्यवस्थापनसहित भाडामा पनि कार्यालय सञ्चालन भइरहेको छ । यसबीचमा पत्रकार महासंघले विभिन्न संघसंस्थाको सहकार्यमा प्रदेशभरि विभिन्न खालका तालिमहरू पनि सञ्चालन गरेको छ । विषयगत तालिमदेखि पत्रकार महिलाका लागि पनि तालिम सञ्चालन भएका छन् । यसले पत्रकारिताको बाटोमा हिड्नेलाई सहजता प्रदान गर्न केही हदसम्म सफल भएको महसुस हामीले गरेकै छौँ ।

यसबीचमा प्रदेश पत्रकार महासंघको

समन्वयमा नेपाल पत्रकार महासंघका विभिन्न तहका अध्यक्षहरूको राष्ट्रिय सम्मेलन विराटनगरमा सफलतापूर्वक सम्पन्न गर्न प्रदेश १ पत्रकार महासंघ सफल भएको छ । यसै अवधिमा प्रदेशमा पहिलोपटक प्रदेश १ का १४ वटै जिल्लाका पत्रकार महिलाहरूको भेला समेत आयोजना गरिएको छ । यो कार्य सफलताले समितिको पाइला थप अघि बढेको प्रष्ट नै हुन्छ ।

प्रदेश १ मा ७ वटा टेलिभिजन, १ सय ३२ वटा एफएम, करिब १ सय ५० वटा अनलाइन, ३० वटा दैनिक पत्रिका, ७२ साप्ताहिक पत्रिका सञ्चालनमा छन् । ती सञ्चारमाध्यममा सैयौँले रोजगारी पाएका छन् भने उत्पादित नयाँ सञ्चारकर्मीले आफूलाई तिखार्न र निखार्न पाएका छन् । समय समयमा पत्रकार महासंघ प्रदेश १ ले गर्ने सञ्चारमाध्यम र सञ्चारकर्मीको अवस्थाको अवलोकन र सुझावले सञ्चारगृह र सञ्चारकर्मीलाई व्यवसायिक बनाउन थप बल पुगेको छ ।

पछिल्लो समय विश्वमा महामारीको रूप लिएको कोरोना भाइरस (कोभिड १९) संक्रमणपछि सुरू भएको लकडाउनका कारण सबैजसो मिडियाहरूमा पनि संकटको अवस्था आयो । सञ्चारमाध्यमको खर्च धान्न र सञ्चारगृह बन्द गर्ने कि चलाउने दोधारमा भएको समयमा पत्रकार महासंघ प्रदेश १ को समन्वयमा प्रदेश सरकारले ५० लाख रूपैयाँ सञ्चारमाध्यमका लागि सहयोग गरेको छ । सञ्चारमाध्यममा सूचनामूलक स्वास्थ्य सन्देश र चेतनामूलक सामग्री प्रसारण प्रकाशन गरेर सञ्चारमाध्यमले सहयोग गर्ने र प्रदेश सरकारले त्यसबापत सञ्चारमाध्यमलाई सहयोग गर्ने दोहोरो सहयोगले कोरोना कहरमा सञ्चारमाध्यमको समस्यामा केही हदसम्म मलमपट्टी लागेकै छ ।

देशभरमै नमूनाका रूपमा रहेको यो कार्यक्रम स्वरोजगार मूलक मिडियाहरूको लागि सहयोग गर्ने एउटा राम्रो अवसर प्राप्त भयो । यसले भविष्यमा स्वरोजगारमूलक मिडियाहरूलाई सहयोग गर्ने वातावरण समेत सिर्जना गरेको छ भने प्रदेश सरकार र प्रदेशका सञ्चारमाध्यम बीच बाँकी समयमा पनि सहयोग आदानप्रदानको मजबुत पुल खडा गर्ने काम प्रदेश पत्रकार महासंघले गरेको छ । यसले आगामी दिनमा स्वरोजगार मूलक मिडिया हाउस प्रवर्द्धनमा कोशेढुंगा सावित हुने अपेक्षा गर्न सकिन्छ ।

सञ्चारमाध्यमलाई मात्रै होइन सिधै पत्रकारसम्म पुग्ने सहयोग र महामारीको समयमा पनि सुरक्षित पत्रकारिताका लागि महासंघले हिजो पनि भूमिका निर्वाह गरेको थियो भने आज पनि त्यो कामलाई जारी नै राखेको छ । महामारीको बेला करिब २० जना पत्रकारहरूलाई लेखनवृत्ति प्रदान गर्न महासंघले स्थानीय सरकारसँग समन्वय गरेर पत्रकारको मनोबललाई थप उच्च बनाउन सफल भएको छ । लकडाउन र महामारीको समयमा प्रत्येक जिल्ला तहमा रहेका क्रियाशील सञ्चारकर्मीको समस्या बुझेर त्यसको समाधानमा २४ सै घण्टा प्रदेश समितिले काम गर्‍यो ।

पत्रकार महासंघ सुनसरीले यसको राम्रो वातावरण सिर्जना गरेर संकटमा परेका श्रमजीवी पत्रकारहरूलाई राहत मिलेको छ । जिल्ला शाखाहरूको समन्वयले प्रदेशका झण्डै १ सय जति पत्रकारहरूले थप लेखनवृत्ति पाएका छन् । आगामी वर्षमा समेत प्रदेश पत्रकार महासंघले पर्यटन लगायतका क्षेत्रमा क्रियाशील पत्रकारहरूलाई लेखनवृत्तिका माध्यमबाट सम्मान गर्ने नीति बनाएको छ भने सञ्चार क्षेत्रमा प्रवेश गर्ने नयाँ सञ्चारकर्मीलाई थप प्रेरणा दिने कार्यक्रमको खोजीमा महासंघ लाग्ने छ ।

प्रदेश १ मा प्रदेश सरकारको तर्फबाट प्रादेशिक सञ्चार प्रतिष्ठान बन्ने प्रक्रिया शुरू भएको छ । प्रतिष्ठान निर्माणको कतिपय सन्दर्भमा महासंघका असहमति भएपनि त्यसलाई सच्याएर अघि बढ्ने प्रतिवद्धता सरकारले गरिरहेको छ । तर, हामीले खबरदारी गरिरहेका छौँ । यसमा सञ्चारकर्मीलाई नै फाइदा पुराउने नीतिनियम राख्न र कार्यान्वयन गराउन प्रदेश पत्रकार महासंघको खबरदारी जारी रहने छ ।

आगामी वर्ष प्रदेश १ सरकारले प्रदेशका १४ वटै जिल्ला महासंघलाई २ लाख रूपैयाँको दरले सहयोग गर्ने र प्रदेश पत्रकार महासंघलाई भिन्दै अनुदान दिने नीति लिएको छ । हामीले प्रदेश सरकारसँग सकारात्मक सहकार्य गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा खबरदारी गरिरहेका छौँ । प्रदेश १ सरकारले पनि पत्रकार महासंघको चासो र सुझावलाई सकारात्मकरूपमा हेर्ने बनाउनु हाम्रो अर्को उपलब्धि हामीले ठानेका छौँ ।

कुनै पनि शर्तमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुनेगरी कानूनहरू बन्न नदिने र बनेका कानूनलाई सहज ढंगको छलफल र वार्ताबाट महासंघले हल गर्ने काम गरिरहेको छ । आगामी दिनमा बन्ने प्रदेशस्तरीय र स्थानीय तहका कानूनहरू निर्माणमा समेत चनाखो भएर झक्झक्याउने गरिरहने छौँ ।

प्रदेशका बिरामी पत्रकारलाई सहयोग गर्नको लागि सरकारले बनाएको अक्षय कोषलाई व्यवस्थित गर्न र कोषवृद्धिका लागि पत्रकार महासंघको तर्फबाट पहल भइरहेको छ । प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई प्रदेश सरकार अन्तरगतका विज्ञापनहरूबाट भुक्तानी दिँदा कम्तिमा ५ प्रतिशत कोषमा राख्ने वातावरण मिलाउनका लागि समेत अनुरोध गरिएको छ । हामीले स्थानीय विज्ञापन स्थानीय सञ्चारमाध्यमलाई उपलब्ध गराउनुपर्ने र त्यसबाट प्राप्त हुने कम्तिमा ५ प्रतिशत रकम श्रमजीवी पत्रकारहरूलाई खर्च गर्नेगरी कोष बनाउने तर्फ पनि ध्यानाकर्षण गराइरहेका छौँ । त्यस्तो रकम माथि उल्लेख गरेको कोषमा राखी त्यसका क्षेत्रहरू फराकिलो बनाउने अभियानमा हाम्रो जोड रहेको छ ।

श्रममा रमाउने, कर्ममा विश्वास गर्ने र सही बाटोमा समाजलाई डोर्‍याउने पेशा अँगालेका पत्रकार र सञ्चारगृहको समय अनुकूल सुधारसँगै बढ्दै गएको प्रतिष्पर्धा र साँघुरिएको बजार जस्ता समस्याको सही निकासमा प्रदेश १ पत्रकार महासंघको नजर परेको छ । आगामी दिनमा सञ्चारकर्मीको भविश्यको सुरक्षा र सञ्चारगृहको व्यवसायिकतालाई थप मजबुत बनाउने कार्यमा केन्द्रीय समितिसँग छलफल र सल्लाहका साथै जिल्ला शाखाबाट प्राप्त सुझावबाट निर्णय लिँदै आगामी दिनमा पनि थप महत्वपूर्ण काम गर्ने लक्ष्य प्रदेश १ समितिले लिएको छ । यसमा सबैको साथ भने अवश्य आवश्यक छ नै ।

*(लेखक नेपाल पत्रकार महासंघ, प्रदेश १ समितिका अध्यक्ष हुनुहुन्छ ।)*

# कोरोना काल र प्रदेश नं. २ को अवस्था



**प्रदेश नं. २ मा कोरोना संक्रमण सबभन्दा पहिले पर्सामै भेटियो । चैत्र २३ गते भारतबाट तबलिगी जमातको कार्यक्रममा भाग लिएर आएका तीन भारतीय जमातीहरूमा कोरोना भएको पुष्टि भयो । चैत्र २९ गते नै पर्साको जगरनाथपुर वडा नं. ४ स्थित मदरसामा लुकेर बसेका १५ जना जमातीहरूलाई पर्सा ल्याउन पर्सा प्रहरीलाई हम्मेहम्मे परेको थियो ।**

दीपेन्द्र चौहान
deepenchauhan@gmail.com

वैश्विक महामारीको कारण सम्पूर्ण संसार ठप्प रहेको वर्तमान अवस्थामा प्रदेश नं. २ को अवस्था पनि जर्जर रहेको छ । प्रदेश सरकार र स्थानीय सरकार जनतालाई राहत हुनेभन्दा बढी आहत हुने काम गरेर चर्चामा आए । केही जनप्रतिनिधिहरूलाई कमाउने यो स्वर्णीम अवसर बन्न गयो । गुणस्तरहीन चामल, दाल राहत वितरण गरेको खबर सार्वजनिक भएपछि कलैया उपमहानगरपालिकाका नगरप्रमुख राजेश राय यादव प्रहरीको हिरासतमै पुग्नु परेको थियो । प्रदेश नं. २ मा कोरोना संक्रमण सबभन्दा पहिले पर्सामै भेटियो । चैत्र २३ गते भारतबाट तबलिगी जमातको कार्यक्रममा भाग लिएर आएका तीन भारतीय जमातीहरूमा कोरोना भएको पुष्टि भयो । चैत्र २९ गते नै पर्साको जगरनाथपुर वडा नं. ४ स्थित मदरसामा लुकेर बसेका १५ जना जमातीहरूलाई पर्सा ल्याउन पर्सा प्रहरीलाई हम्मेहम्मे परेको थियो । जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँले पर्साको पश्चिमी नाका भिस्वाबाट सो जमातीहरूलाई नेपाल भित्राएको खबर सार्वजनिक भएपछि पर्सा प्रहरीको सक्रियतामा जगरनाथपुरमा अत्यधिक मात्रामा प्रहरी फोर्स परिचालन गरी जमातीहरूलाई ल्याएर वीरगञ्जको क्वारेन्टाइनमा राख्ने काम भयो भने ३ जना दिल्लीबाट आएका जमातीहरूलाई छपकैयास्थित यतिनखानामा लुकाएर राखिएको थियो । पछि ती लुकेर बसेकै जमातीहरूमा कोरोनाको पुष्टि भएको हो ।

कोरोनाको प्रकोप बढेसँगै दिनरात सूचना प्रवाहमा खटिरहने प्रदेश नं. २ का ४ जना पत्रकार समेत संक्रमित भए । संक्रमित भएको भोलिपल्ट चैत्र ३० गते पर्सामा कार्यरत १०४ जना पत्रकार हरूको स्वाब परीक्षण गरियो । सौभाग्यबस सबैको परीक्षण रिपोर्ट नेगेटिभ आयो । पर्साका दुई, बाराका एक र धनुषाका एक गरी चारजना पत्रकार कोरोना भाइरसको चपेटामा परे ।अहिले चारैजना कोरोना जितेर फर्किसक्नु भएको छ ।

**भारतीय मिडियाको प्रोपोगाण्डा :**

जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियाँ मंसुरीले दिल्ली मरकजमा सहभागी व्यक्तिहरूलाई भिस्वा नाकाबाट नेपाल भित्रिएको खबर भारतको बोर्डरमा ड्युटी बस्ने एसएसबीसीमा सुरक्षा बलले अप्रिल १ तारिख (चैत्र १९ गते) नै थाहा पायो । एसएसबीका कमाण्डेन्ट प्रियवर शर्माले अप्रिल ३ तारिख (चैत्र २१ गते) बेतियाका डिएम र एसपीलाई नेपालबाट जालिम मुखियाले भारतमा कोरोना पठाउने आशयसहितको पत्र लेखे । सो पत्रको हवालादिई अप्रिल १० तारिख (चैत्र २८ गते) दिनभरि भारतीय च्यानलहरूले नेपालबाट भारतमा कोरोना लागेकाहरू पठाउने तयारीमा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मुखिया उर्फ जालिम मियाँ मंसुरी रहेको समाचार चलाए । सोको ठिक एक दिनपछि तीनजना तबलिकी जमातीहरूमा कोरोना संक्रमण प्रदेश नं. २ मा पहिलोपटक भेटिएको हो ।

**मिडियाको अवस्था :**

कोरोना संक्रमण बढेलगत्तै लकडाउनको प्रभावमा यस प्रदेशबाट निस्किने लगभग सम्पूर्ण साप्ताहिक पत्रिकाको प्रकाशन बन्द भयो । दैनिक पत्रिकामा जनकपुर टुडे, डेली एक्सप्रेस, प्रतिक दैनिक, अंकुश दैनिकलगायतका केही पत्रिकाहरूको छिटफुट प्रकाशन जारी नै रह्यो । प्रायः पत्रिकाहरूले आफ्नो अनलाइन संस्करणलाई निरन्तरता दिई प्रदेश नं. २ का जनतालाई सुसूचित गराउने काममा लागिरहे । अनलाइन सञ्चालकहरू पनि पीडाबाट अछुतो रहन सकेनन् । अहिले लकडाउन खुलेपछि सबै पत्रिकाहरू प्रकाशन हुने क्रम जारी रहेको छ ।

एफएम रेडियोहरू पनि कोरोनाको कहरबाट प्रभावित भए । प्रदेशमा रहेका प्रायः एफएम रेडियोहरू आफ्नो कार्यक्रमहरू कटौती गरे । र, भीडभाड नहोस भनेर प्रसारण अवधि पनि घटाए । अधिकांश रेडियोहरूको विज्ञापनमा पनि व्यापक कटौती भएकोले प्रायः जम्मै एफएम रेडियोहरूको अवस्था आर्थिकरूपमा नाजुक बन्दै गएको छ । पर्साका नारायणी एफएममा कार्यरत पत्रकार तिवारी यादवलाई पर्सा प्रहरीले दुर्व्यवहार गर्‍यो भनी बाराका पत्रकार पवन यादवमाथि संघातिक आक्रमणको घटनाले पनि निराश बनायो ।

*(लेखक नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ ।)*

## गतिविधि

# श्रमजीवी पत्रकार ऐन र नियमावली बमोजिम सेवा सुविधा उपलब्ध गराउन महासंघको आग्रह




नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ

काठमाडौं । नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको प्रतिनिधि मण्डलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई विभिन्न सुझावहरु पेश गरेको छ । महासंघका अध्यक्ष गोविन्द आचार्य, उपाध्यक्ष दिलिप थापा मगर, महासचिव रमेश विष्ट, सचिव रामप्रसाद दाहाल र रेम विश्वकर्मासहितको प्रतिनिधि मण्डलले मन्त्रालयका निमित्त सचिव राधिका अर्याललाई भेटी ६ बुँदे सुझावसहित महासंघले तयार पारेको नेपाल सार्वजनिक सेवा प्रसारण विद्येयक मस्यौदा र आम सञ्चार विद्येयक मस्यौदा हस्तान्तरण गरेको छ ।

कोरोना सक्रमणको यस अवधिमा केही सञ्चारगृहमा श्रमजीवी पत्रकारहरुलाई दवावपूर्ण वेतलबी विदामा राख्ने, पाउनुपर्ने पारिश्रमिक नियमित भुक्तानी नगर्ने तथा काम गर्ने वातावरण नवनाउने तथा मिडिया हाउस बन्द गरेर श्रमजीवी पत्रकारलाई विचल्ली पार्ने जस्ता समस्या देखिएको जनाउँदै महासंघले यसलाई तत्काल रोकी श्रमजीवी पत्रकार ऐन र नियमावली बमोजिम सेवा सुविधा उपलब्ध गराउन आवश्यक पहलका लागि मन्त्रालयलाई आग्रह गरेको छ ।


श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टी गर, श्रमजीवी पत्रकार ऐन लागू गर

# कोरोनाको कहरमा सञ्चारकर्मी



**बागमती प्रदेश समितिले सञ्चारमाध्यमहरूलाई कोरोना कहरका बीच आर्थिक राहत हुनेगरी बजेट ल्याउन पहल गरिएको थियो । उक्त पहलस्वरूप प्रदेश सरकारले लोक कल्याणकारी विज्ञापन र सूचनामा सहयोग गर्न प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । पत्रकारहरूको लागि फेलोसिप, तालिम, लगायत क्षमता र आर्थिक विकास कार्यक्रमहरू नयाँ आर्थिक वर्षमा राखिएको छ ।**

प्रताप विष्ट
pratapkantipur33@gmail.com

मुलुक संघीयतामा प्रवेश गरेसँगै नेपाल पत्रकार महासंघ पनि संघीय संरचनामा अघि वढिरहेको छ । त्यस्को ज्वलन्त उदाहरण हो प्रदेश पत्रकार महासंघ ।

प्रदेश पत्रकार महासंघ सञ्चार क्षेत्रको संघीयताको कडी हो । पत्रकार महासघ प्रदेश समितिक् निर्वाचन भएको २ वर्ष पूरा भएको छ । शून्यबाट शुरू भएको पत्रकार महासंघको प्रदेश समितिहरू धिमा गतिमा बामे सर्दैछन् । नेपाल पत्रकार महासंघको इतिहास ६ दशक भन्दा बढी  लामो समयको छ । जिल्ला शाखाहरूको इतिहास पनि झण्डै चार दशकको छ । तर प्रदेश पत्रकार महासंघ शिशु अवस्थामा छ । यसले इतिहास बनाउन सकेको छैन, बनाउने क्रममा छ । केन्द्रीय पत्रकार महासंघ र जिल्ला पत्रकार महासंघसँग प्रदेश पत्रकार महासंघलाई तुलना गर्न मिल्दैन । र, अपेक्षा पनि गर्न हुँदैन । तर पनि प्रदेश पत्रकार महासंघ केन्द्रीय पत्रकार महासंघ  र जिल्ला शाखाहरूसँग समन्वय गरेर आफना गतिविधिहरूलाई अगाडि बढाइरहेको छ । प्रदेश पत्रकार महासंघहरूले नेपाल पत्रकार महासंघ र जिल्ला शाखाबीच सेतुको काम गरिरहेको छ । पत्रकार महासंघ बागमती प्रदेश समितिले सबैभन्दा पहिला प्रदेश सरकारको सहयोगमा हेटौडा उपमहानगरपालिका– ११ थानाभन्ज्याङमा कार्यालय स्थापना गरेको छ । उक्त कार्यालयलाई आवश्यक पर्ने फर्निचरहरू जिल्ला समन्वय समिति मकवानपुरले उपलब्ध गराएको छ ।

कार्यालय स्थापनासँगै आन्तरिक मामिला तथा कानुन मन्त्रालय र रजिष्ट्रार कार्यालयको सहयोग र समन्वयमा प्रदेशका पत्रकारहरूलाई विभिन्न किसिमका तालिमहरू दिने काम भएको छ । आर्थिक वर्ष २०७६/०७७ को तालिमहरू गर्ने अवस्थामा कोरोना भाइरसको सक्रमणले ती तालिम पूरा हुन सकेनन् । सबै क्षेत्रका कामहरू अवरूद्ध भएसँगै पत्रकार प्रदेश समितिका कामहरू पनि रोकिए । मुलुककै ध्यान कोरोना नियन्त्रण गर्नेतर्फ  केन्द्रित भएपछि सञ्चारकर्मीहरूको ध्यान पनि त्यतै मोडियो । सञ्चारकर्मी र सञ्चारमाध्यम कोरोनाको कहरले थिचियो र थिचिदै छन् । यस्तो विकराल

अवस्थामा बागमती प्रदेश समितिले सञ्चार रजिष्ट्रार र आन्तरिक मामिला मन्त्रालयको समन्वयमा पत्रकारहरूको स्वास्थ्य सुरक्षाका लागि सामग्रीहरू उपलब्ध गराउने काम लगायत कोराना विमा पनि गराउन सफल भएको छ ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको संयोजनमा २०७७ बैशाख १२ गते आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमकट्टेल, सञ्चार रजिष्ट्रार, महासंघको काठमाडौ उपत्यका समिति, महासंघका १३ वटै जिल्लाका अध्यक्षको भर्चुअल बैठक गरिएको थियो । बैठकमा सञ्चार क्षेत्रका समस्या, जिल्लाका पत्रकारहरूको अवस्था र मन्त्रालयको गर्नुपर्ने सहयोग र भूमिकाबारे बृहतरूपमा छलफल थियो । उक्त छलफलपश्चात आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सञ्चार रजिष्ट्रार कार्यालयको ध्यान सञ्चार क्षेत्रतर्फ आकर्षित भएको थियो । त्यसपछि मात्र सञ्चारकर्मीहरूको स्वास्थ्य सुरक्षाका बारेमा मन्त्रालयले ध्यान दिन थालेको हो । राज्यको संघीयताको संरचना र पत्रकार महासंघको संरचना फरक खालको भएकाले पनि प्रदेश सरकार र पत्रकार महासंघ बागमती प्रदेश समितीबीच काम गर्न प्राविधिक कठिनाईसमेत हुने गरेको छ । भौगोलिक हिसावले बागमती प्रदेशभित्र १३ वटा जिल्ला पर्छन् तर पत्रकार महासंघ प्रदेश समितिको कार्यक्षेत्र १० वटामात्र पर्छ । यसले पनि बेला बेलामा अलमलमा पार्ने गरेको छ । खुला निर्वाचनको पहिलो अभ्यास गर्ने प्रदेश समितिहरू आफनो क्षमता, समन्वय र सक्रियताको आधारमा क्रमशः सबल बन्दै गइरहेका छन् ।

**स्वास्थ्य सामग्री हस्तान्तरण**

कोभिड १९ नामक भाइरसको महामारी बेला अग्रपंक्तिमा रहेर बागमती प्रदेशमा काम गर्ने पत्रकारका लागि स्वास्थ्य सुरक्षासँग सम्बन्धित सामग्री वितरण गरिएको छ । नेपाल पत्रकार महासंघ प्रदेश समिति र उपत्यका समितिको संयोजनमा सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले १३ वटै जिल्लामा कार्यरत करिब ५ सय पत्रकारलाई मास्क, स्यानिटाइजर र पञ्जा बितरण गरिएको थियो ।

नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष राधेश्याम खतिवडा, धादिङका अध्यक्ष नवराज छत्कुली, नुवाकोटका लागि प्रदेश समिति सदस्य रामहरि गजुरेल र रसुवाका अध्यक्ष हेमनाथ खतिवडालाई सम्बन्धित जिल्लाका पत्रकारका लागि नेपाल पत्रकार महासंघ प्रदेश समितिका अध्यक्ष प्रताप बिष्टले स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए ।

**ज्याकेट वितरण**

नेपाल पत्रकार महासंघ सिन्धुलीका अध्यक्ष राजन कार्की, रामेछापका अध्यक्ष रमेश ढुंगेल, दोलखाका लागि प्रदेश समितिका सदस्य बद्री नयाँघरे, काभ्रेपलाञ्चोकका अध्यक्ष मोतीराम तिमिल्सिना, सिन्धुपाल्चोकका अध्यक्ष महेश श्रेष्ठ, काठमाडौका अध्यक्ष शान्तराम बिडारी, भक्तपुरका अध्यक्ष पुष्कर बुढाथोकी ललितपुरका अध्यक्ष ज्ञानप्रसाद पौडेललाई सम्बन्धित जिल्लाका पत्रकारका लागि सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटा, नेपाल पत्रकार महासंघ प्रदेश समितिका उपाध्यक्ष यदु गौतम, महासचिव कृष्ण सारूमगर र उपत्यका समितिका महासचिव श्रीजन झाले ती स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए । यसैगरी पत्रकारहरूको पहिचान र सुरक्षाको दृष्ट्रिकोणले.नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको संयोजनमा सञ्चार रजिष्ट्रार कार्यालयमार्फत प्रदेशका १३ जिल्लाका पत्रकारको लागि २०० वटा र उपत्यकाबाहेक १० जिल्लाका पत्रकारको लागि महासंघ प्रदेश समितिले थप १ सय ३० वटा प्रेस लेखेको ज्याकेट वितरण गरेको थियो ।

**कोरोना विमा**

कोरोना कहरमा पनि फ्रन्टलाइनमा काम गर्ने सञ्चारकर्मीहरूको कोरोना विमा प्रदेश सरकारसँग पत्रकार प्रदेश समितिले अनुरोध गरेपश्चात सरकारले १ हजार पत्रकारहरूको कोरोना बिमा गरिदिएको छ । त्यसको समन्वयको काम पत्रकार महासंघ बागमती प्रदेश समितिले गरेको थियो ।

बागमती प्रदेशका कार्यरत ९ सय १२ जना पत्रकारको कोरोना बिमा गरिएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशको आर्थिक सहयोग तथा सञ्चार रजिष्ट्रार कार्यालय र नेपाल पत्रकार महासंघको समन्वयमा कोभिड १९ महामारीका बेला अग्रपंक्तिमा रहेर काम गर्ने बागमती प्रदेशका पत्रकारहरूको कोरोना बिमा गरिएको हो । कोरोना भाइरसको पिसिआर परीक्षणमा संक्रमित भएको प्रमाणित भएमा बिमा गरिएका पत्रकारले १ लाख रूपैयाँको बिमा रकम युनाइटेड इन्सुरेन्स कम्पनीबाट प्राप्त गर्नेछन् । भुक्तानीका लागि कोरोना भाइरस संक्रमण देखिई पिसिआर परीक्षणमा पोजिटिभ देखिएको हुनु पर्नेछ ।

**पूर्वसतर्कता अपनाउन प्रदेश समितिद्वारा आव्हान**

पत्रकार महासंघ बाग्मती प्रदेश समितिले बेला/बेलामा विज्ञप्तिहरू प्रकाशित गरी अस्पताल तथा स्वास्थ्य केन्द्र, क्वारेन्टाइन क्षेत्र, विमानस्थल र भीडभाड भएका ठाउँको अग्रभागमा रहेर समाचार संकलन कार्य गर्नुपर्ने भएकाले पूर्वसतर्कता अपनाउन सबै सञ्चारकर्मीहलाई आब्हान गरेको थियो ।

महासंघद्वारा सबै सञ्चारगृहहरूलाई कार्यस्थलमा खटिने पत्रकारहरूका लागि पूर्वसतर्कताको तयारी गर्न र आवश्यक सामग्रीको प्रबन्ध गर्न आग्रह गरियो । साथै, महासंघ जिल्ला शाखाहरूलाई बिपतको समयमा जोखिम मोलेर समाचार संकलनमा खटिने सम्पूर्ण सञ्चारकर्मीहरूलाई आवश्यक सतर्कता अपनाएर समाचार संकलन गर्ने वातावरण निर्माणको लागि आवश्यक समन्वय गर्न आग्रह पनि गरिएको थियो । बन्दाबन्दी लगत्तै कार्य समतिको भर्च्युअल मिटिङ बसेर कोरोना भाइरस संक्रमण नियन्त्रणको लागि सरकारले लकडाउन गरेयता सञ्चारमाध्यम र सञ्चारकर्मीहरूको अवस्थाबारे छलफल गरियो । बैठकले प्रदेशभित्रका जिल्लाहरूमा सञ्चारमाध्यमलाई परेको समस्या समाधानको सहजीकरण गर्ने र सञ्चारकर्मीहरूको दैनिकीमा लकडाउनका कारण परेको प्रभावबारे बुझेर समस्यामा परेका सञ्चारकर्मीहरूलाई आवश्यक सहयोग गर्ने निर्णय गरियो । साथै लकडाउन अवधिमा कुनै समस्या परेमा महासंघमा खबर गर्न पनि सञ्चारकर्मीहरूलाई अनुरोध गरिएको थियो ।

त्यस्तै, समाचार संकलन तथा सम्प्रेषण गर्न अस्पताल तथा स्वास्थ्य केन्द्र, क्वारेन्टाइन क्षेत्र, विमानस्थल र भीडभाड भएका ठाउँको अग्रभागमा रहेर समाचार संकलन गरिरहेकाले पूर्वसतर्कता अपनाउन सबै सञ्चारकर्मीहरूलाई आव्हान गरिएको थियो । कोरोना भाइरसका बारेमा समाचार सम्प्रेषण गर्दा सत्यतथ्य र यथार्थपरक समाचार सम्प्रेषण गरी जनतालाई सही सूचना प्रवाह गर्न बैठकले सबै सञ्चारकर्मीहरूसमक्ष आग्रह समेत गरेको थियो ।

**रेडियो र टेलिभिजन सञ्चालकहरूसँग छलफल :**

प्रदेशभित्र सञ्चालित रेडियो र टेलिभिजन सञ्चालकहरूसँग प्रदेश सरकारको छलफल गराइएको थियो । आन्तरिक मामिला तथा कानूनमन्त्री शालिकराम जमकट्टेल र आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुङ्गेलसँग प्रदेशभित्रको सञ्चारमाध्यमको समस्याबारे छलफल गराइएको थियो । १० जिल्लाका पत्रकारहरूसँग कोराना कहरपछि पत्रकार र सञ्चारमाध्यमको अवस्था र पत्रकार आचारसंहिताबारे काभ्रेको धुलिखेलमा पत्रकार महासंघ बागमती प्रदेश समितिको संयोजन र प्रेस काउन्सिलको आयोजनामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । २०७७ असार ५ र ६ गते भएको कार्यक्रममा १० जिल्लाका पत्रकार महासंघ अध्यक्षसहित २० जना सहभागी थिए ।

**नयाँ वर्षको बजेट :**

बागमती प्रदेश समितिले सञ्चारमाध्यमहरूलाई कोरोना कहरका बीच आर्थिक राहत हुनेगरी बजेट ल्याउन पहल गरिएको थियो । उक्त पहलस्वरूप प्रदेश सरकारले लोक कल्याणकारी विज्ञापन र सूचनामा सहयोग गर्न प्रदेश सरकारले बजेट विनियोजन गरेको छ । पत्रकारहरूको लागि फेलोसिप, तालिम, लगायत क्षमता र आर्थिक विकास कार्यक्रमहरू नयाँ आर्थिक वर्षमा राखिएको छ ।

**कोरोना कहरमा पत्रकार :**

सबैभन्दा धेरै जोखिममा पत्रकारहरूरहेका छन् । पूर्ण बन्दाबन्दीको अवस्थामा समाचार एवं सूचनाको व्यापक खपत छ । तर सञ्चारकर्मीहरूको अवस्था अत्यन्त नाजुक रहेको छ । स्वास्थ्य र आर्थिक सुरक्षाको दृष्टिकोणले सञ्चारकर्मीहरू उच्च जोखिममा छन् । स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको भन्दा पनि पत्रकारहरूको व्यक्तिगत सुरक्षा कमजोर छ । बन्दाबन्दीको अवधिमा प्रदेशभित्रका प्रायः सबै प्रिन्ट मिडिया बन्द भएका छन् । अन्य मिडिया पनि धराशायी अवस्थामा छन् । प्रिन्ट मिडिया भर्खर सञ्चालन हुँदैछ । तर बजार र विज्ञान अभावमा ठूलो अभाव छ । अधिकांश सञ्चारकर्मीहरूले यो बन्दाबन्दीको अवस्थामा तलब पाएका छैनन् । पाएकाहरूले पनि आधा महिनाकोमात्र पाएका छन् । कैयौं सञ्चारकर्मीहरूले आफनो पेशाबाट हात धुनु परेको छ । यस अवधिका सञ्चारकर्मीहरूले कोरोना भाइरससँगसँगै आर्थिक समस्यासँग जुध्नु परेको छ । सञ्चारकर्मीहरूलाई तलब दिन, कामबाट ननिकाल्न र जबरजस्ती बिदामा नराख्न प्रदेश समितिले सम्बन्धित सञ्चारमाध्यहरूसँग आग्रह गर्दै आएको छ । यस अवधिमा विभिन्न समस्यामा परेका सञ्चारकर्मीहरूको गुनासोहरूलाई सुनुवाई गर्दै समस्याहरू हल गर्ने प्रयत्न गरिएको छ ।

प्रदेशभित्र रहेकासञ्चारमाध्यमहरूको सवलीकरण र राहतको लागि प्रदेश र स्थानीय सरकारसँग पहल गर्दै आएका छौं । कोरोनाको कहर अझै सकिएको छैन । त्यसको प्रभाव कहिलेसम्म रहने ? केही टुङ्गो छैन । सञ्चारकर्मीहरू कोरोनाको कहरले थला पर्न थालिसकेका छन् । सञ्चारउद्यमीहरू आफनो सञ्चारमाध्यम बन्द गर्ने, आधा तलव दिने वा पत्रकारलाई बिदा लगाउने काम गरिरहेका छन् । यो क्रम अझै बढ्दैछ । यसको पीडा सञ्चारकर्मीहरूले भोगिरहेका छन् । यो क्रमले निरन्तरता पाउँदैछ ।

*(लेखक नेपाल पत्रकार महासंघ, वागमती प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ ।)*

## गतिविधि

# विभिन्न सञ्चार गृहसँग परामर्श गर्दै महासंघ

काठमाडौं । कोभिड-१९ को महामारीका समयमा सञ्चार प्रतिष्ठानहरुले श्रमजीवी पत्रकारहरुलाई निष्काशन गर्ने, तलब कटौती गर्ने, बेतलबी बिदामा राख्ने र काम गर्ने वातावरण सृजना नगर्ने जस्ता कार्यविरुद्ध नेपाल पत्रकार महासंघ दबाव र आन्दोलनमा छ ।

महासंघले उत्पन्न समस्या समाधान गर्नका लागि सञ्चार प्रतिष्ठानहरुमा कालो ब्यानर राख्ने, धर्ना दिने जस्ता आन्दोलनका कार्यक्रम र वार्ता तथा कानूनी उपचारको बाटो एकसाथ अवलम्बन गरिरहेको छ ।

यही क्रममा महासंघ केन्द्रीय अध्यक्ष गोविन्द आचार्य, महासचिव रमेश विष्ट र सचिव रामप्रसाद दाहालको उपस्थितिमा पद्मा मिडिया ग्रुपद्वारा सञ्चालित माउण्टेन टेलिभिजन तथा उज्यालो नेटवर्कका व्यवस्थापन पक्षसँग छलफल गरिएको छ ।

पद्मा मिडिया ग्रुप अन्तर्गतको माउण्टेन टेलिभिजनको व्यवस्थापन पक्ष र महासंघ माउण्टेन टेलिभिजन शाखाबीच श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गर्ने विषयमा लिखित सम्झौता सम्पन्न भएको छ भने उज्यालो नेटवर्क व्यवस्थापन पक्षसँग त्यहाँ उत्पन्न समस्या सम्बोधन गर्ने समझदारी भएको छ । श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि महासंघले सुरु गरेको दबाव र आन्दोलन जारी रहने छ ।





नेपाल पत्रकार महासंघले पत्रकारिता क्षेत्रसँग सम्वन्धित विभिन्न सरोकारवालाहरुसँग मिलेर गठन गरेको Free Media Network को बैठक

# कोरोना संकटकाल र गण्डकी प्रदेश



**नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशले हिमालपारिका जिल्ला मनाङ र मुस्ताङसहित सबै ११ वटा जिल्लामा कार्यरत साथीहरूलाई सुरक्षा सामग्री प्रदान गर्दै कामप्रतिको समर्पणको लागि धन्यवाद ज्ञापन गरिसकेको छ । हामीलाई थाहा छ, अब धन्यवादले पुग्दैन । तर, भर्खरै स्थापना भएको महासंघ गण्डकीसँगको सीमितताबारे यहाँहरूसँग नभने कसलाई भन्ने ?**

त्रिभुवन पौडेल
ganeshpoudel@gmail.com

लाग्छ, नेपालको अहिलेको कोराना महामारीमा अर्को महामारीको नाम हो, 'पत्रकारिता क्षेत्र !' पत्रकारिताको छोटो इतिहासमा यसले अनेकौंपटक संकट बेहोरेको छ र पनि आफूलाई प्रमाणित गरेको छ । राज्यबाट सधैं कोपभाजनमा परेर पनि यसले आफ्नो नैतिकता राज्यसामु न्यौछावर गरेन । ऊ सतिसालजस्तै अडिग रह्यो । कोरोनाको यो संकटमा भने पत्रकारिता क्षेत्र अहिले इतिहासकै धेरै संकटमा परेको छ ।

देश संघीय संरचनामा जाँदै गर्दा नेपालका पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघले पनि आफूलाई त्यही संरचनामा ढाल्दै संघीयताप्रति दह्रो समर्थन जनायो । संघीयता भनेको सिंहदबारको शक्ति जनताको घरघरमै पुर्‍याउने माध्यम हो भन्नेमा महासंघ अडिग रह्यो । महासंघले यसका साथै समावेशितालाई अर्को मूलमन्त्र मान्यो । संरचना जे भए पनि सञ्चारकर्मीको काम सत्यमा टेक्दै सूचना संप्रेषण नै थियो । सिंहदबारको बेथिति गाउँमा नछिरोस्, संघीयताको फल सबैले चाख्न पाऊन् र संघीयता बलियो होस् भन्नेमा पत्रकारिता सधैं चनाखो रह्यो । आफ्नो सीमित स्रोतसाधनको भरमा नेपाल पत्रकार महासंघ गण्डकीले पनि पत्रकारको दक्षता अभिबृद्धि र व्यवसायीकरणको लागि सक्दो प्रयत्न गर्‍यो । सञ्चारकर्मी साथीहरूले विकृति र विसंगतिबारे जनतालाई सुसूचित गरिरहे । यस मानेमा सम्पूर्ण सञ्चारकर्मीहरूमा म नेपाल पत्रकार महासंघ गण्डकीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आफै स्रोत र साधनको चरम संकट भेलिरहेको प्रदेश समितिले यो महामारीका बेला खासै केही गर्न सक्ने अवस्था थिएन, फगत हौसला बाहेक । जिल्ला शाखाहरूले यसबीचमा स्वतस्फर्तरूपमा गरेका कार्यहरू उत्कृष्ट रहे । सबै जिल्लाले आफ्नै पहलमा स्वास्थ्य सामग्री मात्रै बितरण गरेनन, समस्यामा परेका पत्रकारलाई राहत पनि दिए । कास्कीले सबै सदस्यहरूको कोरोना बिमा पनि गर्न सफल भयो ।

नेपालको पत्रकारिता आर्थिक दृष्टिबाट आकर्षक पेशा थिएन । राज्यले यो पेशाको सुरक्षामा खासै ध्यान पनि दिएन । संघीय सरकारले सञ्चार मन्त्रालयबाट वितरण गर्ने लोककल्याणकारी विज्ञापन दिएँ है भन्ने अभिप्रायले उत्प्रेरित थियो र छ । त्यस्तोमा पनि देशभरजस्तै गण्डकीका रेडियो, टेलिभिजन र अनलाइनहरूले महामारीमा जिम्मेवार भएर समाचार प्रवाह गरिरहे । विज्ञापन बजार सानो थियो । त्यहाँबाट प्राप्त हुने विज्ञापनले पनि मिडिया चल्न गाह्रो । अझ, मिडियाबीचको प्रतिष्पर्धा पनि कडै थियो । नेपाल पत्रकार महासंघ गण्डकीले लोकतन्त्रको रक्षा र जनताको सुसूचित हुने अधिकार सुनिश्चितताको लागि गण्डकी प्रदेश सरकार र स्थानीय पालिकाहरूसँग सहकार्यको हात बढाएकै हो । यो संकटमा प्रदेश सरकारबाट केही सहयोग भएन । लकडाउनसँगै सञ्चार क्षेत्रले विज्ञापनको बजार गुमायो । बजार बन्दको असर मिडिया हाउसमा पऱ्यो । सञ्चारमाध्यमकहरू बन्द भए । धेरै सञ्चारकर्मीको रोजीरोटीमै समस्या देखियो । यो अद्यावधि छँदैछ ।

संकट चुलिँदो छ । चुलिँदो संकटले कसैलाई बाँकी राखेको छैन । यो विषयमा सञ्चार क्षेत्र जानकार पनि छ । तर पनि संकटको घडीमा पनि सञ्चारकर्मी पहिलो मोर्चामै उभिनुपर्छ । सही सूचना प्रवाह गर्नैपर्छ । यो जिम्मेवारीबाट पत्रकारहरू विचलित हुनुभएको छैन । पटुका बाँधेरै भए पनि संकटको बेला भएका र हुनसक्ने अनियमितता र कमजोरीहरू केलाउनु भएको छ । जनतालाई सही सूचना दिइरहनु भएको छ । संकटको यो घडीमा कर्ममा खटिने सञ्चारकर्मीहरूको सुरक्षा पहिलो शर्त थियो । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशले हिमालपारिका जिल्ला मनाङ र मुस्ताङसहित सबै ११ वटा जिल्लामा कार्यरत साथीहरूलाई सुरक्षा सामग्री प्रदान गर्दै कामप्रतिको समर्पणको लागि धन्यवाद ज्ञापन गरिसकेको छ । हामीलाई थाहा छ, अब धन्यवादले पुग्दैन । तर, भर्खरै स्थापना भएको महासंघ गण्डकीसँगको सीमितताबारे यहाँहरूसँग नभने कसलाई भन्ने ? हामीले प्रदेश सरकारसँग सहकार्य गर्दै भवन निर्माणको लागि केही सहयोग प्राप्त गऱ्यौँ । आउँदो आर्थिक वर्ष २०७७/०७८ को लागि भने यो शीर्षकमा कुनै बजेट विनियोजन भएन । यसमा हामीलाई दुःख पनि छैन । दिन सहज भए भवन र कार्यालय बन्ला तर भोको पेट काम गर्ने पत्रकारहरूको आवश्यकताबारे जानकारी गराउँदा पनि गण्डकी प्रदेश सरकारले मौनता साँध्दा भने हाम्रो मन दुखेको छ । हरेक क्षेत्रलाई राहतका प्याकेज घोषणा गरेको प्रदेश सरकारले पत्रकारितालाई पेशा नै मानेन । बजेटमा लोककल्याणकारी विज्ञापन दिइने घोषणा गरियो तर त्यो कस्तो हुन्छ केही जानकारी छैन ।

यस क्षेत्रका सबै छापा सञ्चारमाध्यम बन्द भएका छन् । त्यहाँका सञ्चारकर्मीहरूले लकडाउनसँगै तलब पाएका छैनन् । रेडियो र टिभीमा काम गर्नेहरूको हालत पनि दयनीय छ । पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठका अनुसार रेडियो र टिभीले करिब पाँच करोडको ब्यापार यो बेला गुमाएका छन् । हामीलाई अहिले संरक्षण चाहिएको हो । हामीले सहयोग मागेका हैनौं, लोकतन्त्रको बलियो र अत्यावश्यक खम्बालाई संकटको बेला टिकाउनुपर्छ भनेका हौं । तर, हामीलाई निराश बनाइयो । लोकतान्त्रिक आन्दोलनमा तानेर ल्याइएकाहरू अहिले यहाँको सत्तामा हुनुहुन्छ, उहाँहरूले कुनै बेलाका सहयात्रीहरूलाई बिर्सनु भयो । लोकतन्त्र र संघीयताको फलको भागीदार आफैलाई मात्र सम्झनुभयो । यसले गर्दा संकटको बेला पनि पत्रकारको लागि कुनै राहतका प्याकेजहरू आउन सकेनन् । तर पनि हामी आत्तिएका छैनौं । सञ्चारक्षेत्रलाई सत्ताले सधैं कोपभाजनमा पार्छ भन्ने पनि हामीले बुझेका छौं । यो संयम हुने बेला हो तर संयमता र धैर्यताको बाँध फुट्ने बेला भएको छ । पत्रकारितालाई संकुचनमा पार्दैमा लोकतन्त्रप्रतिको हाम्रो आस्था तिरोहित हुने छैन । न त हामी विसंगति र विकृतिको मतियार नै बन्नेछौं ।

*(लेखक नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ ।)*

## गतिविधि




नेपाल पत्रकार महासंघ काठमाडौं शाखाद्वारा महासंघ केन्द्रीय कार्यालयलाई स्प्रे मेसिन हस्तान्तरण



काठमाडौं शाखाद्वारा महासंघ केन्द्रीय कार्यालयलाई प्राप्त स्प्रे मेसिन कर्मचारीलाई हस्तान्तरण गर्दै महासंघ अध्यक्ष गोविन्द आचार्य

**घरबाहिर निस्कँदा मास्कको अनिवार्य प्रयोग गरौं, कोरोना संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं ।**

# प्रदेश मिडियामा कोरोना भाइरसको प्रभाव



**प्रदेश सरकार, स्थानीय सरकारहरूले सबै क्षेत्रमा कोरोना नियन्त्रण तथा कोरोना विशेष कार्यक्रम ल्याइरहेका छन । यसबेला महासंघले आफ्नो जिम्मेवारी निर्वाह गर्न सकियो भने मात्र सञ्चारमाध्यम र सञ्चारकर्मीको मनोबल उठनुका साथै उनीहरूलाई संकटका बेला महासंघ छ भन्ने देखाउन सकिन्छ भन्ने हेतुले प्रदेश ५ का सबै पत्रकारको विमा गरिएको छ ।**

**मौसम रोका**
facebook.com/mausam.roka.7

**पृष्ठभूमि**

विश्वलाई कोरोना भाइरस (कोभिड–१९) ले नराम्ररी प्रभावित गरिरहेको छ । चीनको वुहानबाट शुरू भएको र विस्तारै विश्वभरि फैलिएको कोरोना रोगका कारण नेपाल पनि प्रभावित भयो । नेपालमा पहिलो कोरोना संक्रमित बाग्लुङमा भेटिएका थिए । त्यसको केही समयपछि प्रदेश नं. २ मा र त्यसपछि प्रदेश नं ५ मा ।

कोरोना भाइरसका कारण नेपाली पत्रकारिता पनि नराम्ररी प्रभावित भयो । प्रारम्भमा कोरोनाबारे ज्ञानको अभावका कारण सञ्चारकर्मीमा पनि अन्योल र भय व्याप्त देखियो । सञ्चारमाध्यम सञ्चालन गर्ने वा नगर्ने अन्योल देखिनुका साथै कतिपयले लकडाउनसँगै सञ्चारमाध्यम पनि बन्द गर्नुपर्ने अवस्था आयो । झण्डै एक महिनाको अन्योल, त्रास र द्विविधापछि बन्द गरिएका सञ्चारमाध्यम पनि बिस्तारै सञ्चालनमा आउन थाले भने पत्रकारहरू यसबारे थप अध्ययन, खोज र रिपोर्टिङमा सक्रियतापूर्वक लागे । दिनरात नभनी सूचना प्रवाहमा खटिने नेपालका पत्रकारझैं प्रदेश ५ का सञ्चारकर्मी र सञ्चारमाध्यमहरूमा पनि उही मनोविज्ञान व्याप्त देखियो । यस प्रदेशमा कपिलवस्तुका ४ र बाँकेका १ जना पत्रकारहरू कोरोना संक्रमित भई जितेर फेरि काममा क्रियाशील रहेका छन् । रूपन्देहीमा २ जना पत्रकार अहिले पनि कोरोनासँग लडिरहेका छन् ।

कोरोना संक्रमणपछि केही पत्रपत्रिका बन्द भए पनि धेरैजसो रेडियो र अनलाइन सञ्चारमाध्यमले भने निरन्तररूपमा सूचना प्रकाशन गरिरहेका छन् । तर विज्ञापन, वितरण जस्ता हिसावले लकडाउनको कारण यस प्रदेशबाट प्रकाशन तथा प्रसारित हुने सञ्चारमाध्यमहरू नराम्रोसँग प्रभावित भएका छन् । यस प्रदेशमा करिव साढे तीन सयको हाराहारीमा सञ्चारमाध्यम सञ्चालनमा छन् । जसमध्ये १ सय ७ वटा रेडियोहरू, ३९ दैनिक पत्रिका, झण्डै साढे १ सय अनलाइन र ५६ वटा साप्ताहिक रहेका छन् ।

**उद्देश्य**

१) कोरोना भाइरसको संक्रमण र यसले सञ्चारकर्मीमा पारेको प्रभाव बारे अध्यन गर्ने ।

२) लकडाउनले सञ्चारमाध्यममा पारेको समग्र प्रभाव विषयमा अध्ययन गर्न ।

३) संक्रमणको समयमा मिडिया र सञ्चारमाध्यमले कसरी काम गरेका छन भन्ने बारे जानकारी गराउने ।

**समयसीमा**

लकडाउन भएयताको समय

**मिडियामा प्रभाव**

**१. पत्रिका**

प्रदेश ५ मा प्रदेशमा रहेका ३९ वटा दैनिक पत्रिका र ५६ वटा साप्ताहिक पत्रिका रहेकोमा प्रारम्भमा अन्यौल, भय र त्रास सबैमा व्याप्त रहे पनि न्यून मात्र पत्रिका बन्द रहे । धेरैजसोले जोखिमको सामना गर्दै सञ्चारमाध्यमलाई निरन्तरता दिनुका साथै सूचना प्रवाहमा लागि परे । बन्द भएका पत्रपत्रिका पनि झण्डै एक महिनापछि नियमित प्रकाशन गरिरहेका छन् । तर, विडम्वना पत्रपत्रिकाहरू सञ्चालनमा आएपनि विज्ञापन नआउँदा जटिल आर्थिक संकट व्यहोर्नु परेको छ । धेरैजसो पत्रिकाका अफिसहरू भाडामा सञ्चालनमा छन् । उनीहरूले घरभाडा तिर्न समस्या परेको छ भने सञ्चारकर्मीहरूले नियमित तलव पाउन सकेका छैनन् ।

पत्रिकाहरूलाई मुख्य समस्या भनेको मुख्य आयस्रोत मानिने विज्ञापन नआउनु र ग्राहकसम्म नपुग्नु रहेको छ । जिल्लाबाट निस्कने पत्रिकाहरू यातायातको व्यवस्था भएका केही सञ्चारमाध्यमहरूले सदरमुकाम आसपाससम्म वितरण गरेका छन् भने अन्य केहीले प्रकाशनस्थल वरपर मात्र प्रकाशन गरेका छन् । यतिमात्र हैन केन्द्रबाट निस्कने पत्रपत्रिकाहरू पनि बुटवल, दाङ, नेपालगञ्ज र राजमार्ग वरपर मात्र वितरण गरिन्छन् ।

**२. एफएम रेडियो र टिभी**

यस प्रदेशमा रहेका १०७ वटा एफएम रेडियोहरू र १७ वटा टेलिभिजनहरू पनि लकडाउनको कारणले प्रभावित बने । तर, पनि प्रसारण भने रोकेनन् । यो समयमा सबै रेडियो टेलिभिजनहरू नियमितरूपमा प्रसारण भए तर सञ्चारकर्मीहरू रेडियोलाई नै क्वारेन्टाइन बनाएर भए पनि नियमित सूचना र मनोरन्जन दिइरहेको पाइएको छ ।

रेडियोहरू नियमित चले । उनीहरू कार्यकक्षमा नै बसेर समाचार संकलन गरे तर टेलिभिजनमा काम गर्ने जिल्लाबाट सञ्चालित हुने वा अन्यत्र जिल्लामा काम गर्नेहरूले बढी जोखिमको सामना गर्नु पर्‍यो । उनीहरू आफै र परिवारले समेत मानसिक पीडा भोग्नु पर्‍यो । नियमित समाचार संकलनमा निस्कनुपर्ने, सबैसँग घुलमिल हुनुपर्ने कारणले यस्तो समस्या आएको हो । समयमा तलब नपाउँदाको आर्थिक समस्या सञ्चारकर्मीहरूलाई रह्यो भने विज्ञापन नआउने समस्याबाट रेडियो र टेलिभिजनहरू निकै प्रभावित बने । भाडा तिर्न नसक्नु र तलब दिन नसक्नु यिनको समस्या रह्यो ।

**३. अनलाइन मिडिया**

लकडाउनको समयमा पत्रिकाहरू बन्द भएतापनि अनलाइन मिडिया भने सञ्चालनमा छन् । यो समयमा समाचार प्रसारणको मुख्य माध्यम भनेकै अनलाइन माध्यम हो । यहाँ झण्डै साढे १ सय अनलाइन मिडियाहरू रहेका छन् । कोरोनाको कारण भएको लकडाउनको समयमा नागरिकलाई सुसूचित गराउने प्रभावकारी माध्यमको रूपमा अनलाइनलाई लिइएको छ । छिटोछरितो समाचार प्रवाह हुने हुँदा त्यतिकै प्रभावकारी भएको छ तर, छिटो समाचार प्रकाशन गर्ने होडबाजीमा गलत सूचना पनि प्रवाह हुँदा त्यसले समस्या सिर्जना गरेको अवस्था छ ।

**सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि पत्रकारको भूमिका**

नेपाल पत्रकार महासंघ प्रदेश समिति र जिल्ला शाखाहरूले पत्रकारको हकहित र सुरक्षाको निम्ति अभिभावकत्वको भूमिका खेलेका छन् । पत्रकार महासंघ प्रदेश ५ ले सबै जिल्ला शाखाहरूलाई बिमा गरिदिन, सकेसम्म पिसिआर परीक्षण र नसके आरडिटी परक्षणका लागि अनुरोध पनि गरेको छ । जसअनुसार कपिलवस्तु, दाङ, प्यूठान, बाँके र रूपन्देहीमा कति पत्रकारहरूको पिसिआर र कतिको आरडिटी परीक्षण पनि भइसकेको छ ।

यसैगरी प्रदेश सरकार, स्थानीय सरकारहरूले सबै क्षेत्रमा कोरोना नियन्त्रण तथा कोरोना विशेष कार्यक्रम ल्याइरहेका छन । यसबेला महासंघले आफ्नो जिम्मेवारी निर्वाह गर्न सकियो भने मात्र सञ्चारमाध्यम र सञ्चारकर्मीको मनोबल उठनुका साथै उनीहरूलाई संकटका बेला महासंघ छ भन्ने देखाउन सकिन्छ भन्ने हेतुले प्रदेश ५ का सबै पत्रकारको विमा गरिएको छ । यसबेला जिल्ला महासंघ, पत्रकार सम्बद्ध संघसंस्था, सञ्चारमाध्यमहरूले विभिन्न सुरक्षा सामग्रीको लागि पहल गर्ने, विमा गरिदिने जस्ता काम गरिरहेका छन् । प्रदेश सरकार र स्थानीय तह तथा केही निजी व्यवसायीहरूले पनि महत्वपूर्ण सहयोग गर्दै आएका छन् ।

प्रदेश सरकार प्रदेश नं ५ का आन्तरिक मामिला तथा कानून मन्त्रालय र धेरैजसो स्थानीय तहले प्रदेशका पत्रकारको विमा गरिदिएको छ भने रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाका लागि सूचना प्रकाशन र प्रसारणका लागि बजेट बिनियोजन गरेको छ ।

**सञ्चारमाध्यमलाई मर्न दिंदैनौ**
**कुलप्रसाद केसी, आन्तरिक मामिला तथा कानूनमन्त्री**

विश्व यतिबेला कोरोनाले ग्रसित छ । यसबाट हाम्रो देश र प्रदेश पनि नराम्ररी प्रभावित भएको छ । यसबाट विशेषगरी फ्रन्टलाइनमा खटिने पत्रकार, प्रहरी र स्वास्थ्यकर्मी खतरामा हुनुहुन्छ । उहाँहरूको जीवनरक्षा, परिवारको सुरक्षा र मनोबल बढाउनु सरकारको दायित्व हो । प्रदेश सरकार यस विषयमा गम्भीर छ ।

प्रदेश सरकारले ५ नं. प्रदेशका सञ्चारमाध्यम र सञ्चारकर्मीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनेर गम्भीर छलफल गरेका छौं । पहिलो दायित्व भनेको श्रमजीवी पत्रकारहरूलाई सही सूचना प्रवाह गर्नका लागि फिल्डमा जाँदा अपनाउने सावधानी र उहाँहरूको मनोबल उकास्ने कार्यक्रम प्रदेश सरकारले सोचेको छ । यसका लागि पहिलो चरणमा हामीले सबै क्रियाशील पत्रकारहरूको कोरोना बिमा गरिदिएका छौं । यसले उहाँहरूमा काम गर्ने जाँगरमा थप उत्साह आउँछ भन्ने हाम्रो विश्वास छ । दोस्रो चारणमा प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रमार्फत सुरक्षा सामग्री उपलब्ध गराउन पहल तथा अपिल पनि गरेका छौं ।

यसैगरी पत्रकार भएर मात्र भएन सञ्चारमाध्यम पनि बाँच्नु पर्‍यो । यसका लागि हामीले टेलिभिजन, रेडियो र पत्रिकाहरूलाई अनुदानको व्यवस्था पनि गरेका छौं । ताकि सञ्चारमाध्यम कोरोना अवधिभर बन्द हुन नपरोस भन्ने हाम्रो अपेक्षा हो । विशेषगरी जनतालाई सुसूचित गर्ने कुरामा रेडियो प्रभावकारी मानिएको छ । खासगरी रेडियो बन्द हुन नपरोस् भन्ने कुरामा प्रदेश सरकार सचेत छ । त्यसैगरी पत्रिका, टेलिभिजन र अनलाइनको हकमा पनि कोरोना निर्मूल नहुन्जेल बन्द हुन नपरोस् र फेरि पनि पुरानै लयमा फर्कन सकियोस् भन्ने कुरामा प्रदेश सरकारले सोचिरहेको छ । यस वर्षका लागि अनुदान तथा विज्ञापनका साथै आउँदो आर्थिक वर्षसम्मका लागि सञ्चारकर्मी, सञ्चारमाध्यम र पत्रकार महासंघका लागि विषेश कार्यक्रम ल्याउँछौं ।

कोरोना नियन्त्रण र सचेतनाका लागि मिडियाको भूमिका

महत्वपूर्ण छ । हुन त मिडिया र सरकार प्रतिपक्ष जस्तो हो तर विपतका वेला सरकार र मिडिया सहकर्मी जस्तो बन्नुपर्छ भन्ने हाम्रो मान्यता छ । एकातिर सरकारले गर्ने कामकारवाहीको खवरदारी त छदैँ छ अर्कोतिर कोरोनाका कारण जनतालाई कशरी बचाउने भन्ने सामिजिक उत्तरदायित्व दुवै पक्षको काँधमा छ । यतिवेला मिडिया र सरकार सहकर्मी भएर जान जरूरत छ । सरकारको काममा, जनताको जिउधनको रक्षाको काममा र जनतालई सुसुचित गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने पत्रकार र सञ्चारमाध्यमलाई कोरोनाको कारण बन्द हुने अवस्थावाट जोगाउनु सरकारको दायित्वभित्र पर्दछ । मिडिया व्यवसाय त हो तर अरू व्यवसाय जस्तो नाफामूलक व्यवसाय नभएर सामाजिक उत्तरूदायित्व बहन गर्ने व्यवसाय भएका कारण यसको जगेर्ना गर्नु केन्द्र, प्रदेश र स्थानीय सरकारको काम हो । हामीले कोरानाका कारण सञ्चारमाध्यम बन्द हुने र सञ्चारकर्मी भोकै मर्ने वातावरण आउँन दिदैनौं ।

## महिला सञ्चारकर्मी बढी प्रभावित भए

दीपा घर्ती (उपाध्यक्ष, नेपाल पत्रकार महासंघ प्रदेश ५ समिति)

कोरोनाका कारण विशेषगरी महिला सञ्चारकर्मी बढी पीडित भएका छन् । कति महिला पत्रकारहरू गर्भवती अवस्थामा हुनुहुन्छ भने कति सुत्केरी अवस्थामा हुनुहुन्छ । बच्चाबच्चीदेखि घरमा रहेका बृद्ध सासुससुरा अनि बाआमालाई हेरचाह गर्ने जिम्मेवारी पनि धेरैजसो महिलाहरूले नै गर्ने भएकाले महिला सञ्चारकर्मीहरूलाई पारिवारिक दवाव पनि छ । एकातिर आफ्नो जिम्मेवारी बहन गर्दै समाचार संकलन, समाचार लेख्नु वा पढनुपर्ने नै छ भने घरको जिम्मेवारी पनि निभाउनु नै छ । काममा नजाँदा सञ्चारमाध्यमको गाली खानु पर्ने र काममा जाँदा घरको मानिस सशंकित हुने अवस्थाले महिला पत्रकारहरू धेरै दवावमा परेका छन् ।

सञ्चारमाध्यम तथा आर्थिक अवस्थाका कारण प्रशस्त सुरक्षा सामग्री नपाउने एकातिरको बाध्यता र जिम्मेवारी सम्हाल्नै पर्ने अर्कोतिरको बाध्यताका बीचमा महिला सञ्चारकर्मीहरू छन् । पत्रकार महासंघले यतिबेला महिला सञ्चारकर्मीहरूको विषयलाई गम्भीरताका साथ लिएर परिवार सञ्चारमाध्यमसँग छलफल गरी काममा सजिलो हुने अवस्थाको सिर्जना गर्न जरूरी छ । पत्रकार महासंघ प्रदेश समिति यस विषयमा गम्भीर छ । जिल्ला शाखाहरूलाई यसमा गम्भीरताका लागि सहजीकरण गरिदिन हामीले अपिल पनि गरेका छौं ।

## राज्यलाई सहयोग गर्‍यौं तर सरकारले केही हेरेन

राजेन्द्र धिताल (अध्यक्ष, नेपाल पत्रकार महासंघ, बर्दिया शाखा)

देशभर कोरोना संक्रमण बढ्दै जाँदा राज्य नपुगेको ठाउँमा र राज्यले नदेखेको क्षेत्रमा पुगेर समाचार लेखेर, पढेर पत्रकारले राज्यलाई ठूलो सहयोग गरे तर राज्यले पत्रकारको समस्या पहिचान गर्न सकेन । बिना सुरक्षा सामग्री खतरा मोलेर पत्रकारहरू अहिले पनि रिपोर्टिङमा खटिएका छन् । उनीहरूलाई एकातिर आफ्नो जिम्मेवारी निभाउनुपर्ने दायित्व छ भने अर्कोतिर पारिवारिक र आर्थिक दवाव पनि त्यत्तिकै छ ।

विज्ञापन आउन छोडेको छ । पत्रकारलाई तलव दिनुपर्ने बाध्यता सञ्चारमाध्यमलाई छ । घरको समस्या हल पनि गर्नुपर्ने र समयमा पारिश्रमिक नपाउने समस्या पनि अर्कोतिर छ । यसरी हेर्दा सञ्चारमाध्यम र सञ्चारकर्मी ठूलो मारमा छन् । उनीहरूको संरक्षण, जगेर्ना र सहयोग गर्ने राज्यको दायित्व हो तर कहिँकतैबाट पनि सञ्चारमाध्यम र सञ्चारकर्मीका लागि सहयोग प्राप्त हुन सकेको छैन ।

पत्रकार महासंघले निजी क्षेत्र, राज्यका विभिन्न तहबाट सहयोग संकलन गरेर सञ्चारकर्मीका लागि सानोतिनो सुरक्षा सामग्री तथा बिमासम्म बाहेक त्यति ठूलो सहयोग कतैबाट प्राप्त हुन सकेको छैन । जसरी सञ्चारकर्मी र सञ्चारमाध्यमले राज्यका लागि सहयोग गरिरहेका छन्, त्यसैगरी राज्यले पनि उनीहरूका लागि केही सोच्न जरुरी छ ।

## पत्रकारहरूको सुरक्षाको विषयमा पत्रकार महासंघ गम्भीर छ

नवराज भुसाल (अध्यक्ष, नेपाल पत्रकार महासंघ गुल्मी)

पत्रकारको सुरक्षाको विषयमा नेपाल पत्रकार महासंघ गम्भीर छ । हामीले जिल्लामा पत्रकारको सुरक्षा र सञ्चारमाध्यमको संरक्षणका लागि गम्भीरताका साथ काम गरिरहेका छौं । समाचार संकलन र सञ्चारमाध्यममा रहँदा पत्रकार कोरोनाबाट प्रभावित नहोऊन् र उनीहरूको मनोबल पनि नगिरोस भनेर विभिन्न कार्यक्रम ल्याएका छौं ।

जिल्लामा पत्रकारहरूको अवस्था के छ भनेर हामीले दुईवटा कार्यदल बनाएका छौं । एउटा कार्यदलले पत्रकारको पेशागत अवस्थाको अध्ययन गरिरहेको छ भने अर्को कार्यदलले कोरोना कोष स्थापनाका लागि काम गरिरहेको छ । कोरोना कोष स्थापना कार्यदलले हालसम्म १ लाख ५० हजारको कोष स्थापना गरिसकेको छ । अर्को कार्यदलले पत्रकारहरूको पेशागत समस्या र उनीहरूले पारिश्रमिक पाए नपाएको अध्ययन गरिरहेको छ । हालसम्म कुनै पनि पत्रकारले तलब नपाएको गुनासो गरेका छैनन् । उनीहरूका लागि आवश्यक न्यूनतम सुरक्षा सामग्री र बिमा लगायतका काममा महासंघले सहजीकरण गरिरहेको छ ।

कोरोनाका कारण सञ्चारमाध्यम निकै प्रभावित भएका छन् । विज्ञापन आउन छाडेको छ । सञ्चारकर्मीलाई तलबका साथै कागज, इन्धन तथा आवश्यक सामग्री खरिद गर्नुपर्ने अवस्था छ । यसका बावजुद पनि सञ्चारमाध्यमले पेशागत दायित्व र सामाजिक जिम्मेवारी सम्झेर सञ्चारमाध्यम सञ्चालन गरिरहेका छन् । उनीहरूलाई यस्तो संकटको अवस्थामा राज्यले दिनुपर्ने सहुलियत र सहयोगका लागि पछि पर्नु हुँदैन ।

### उपसंहार

समाजमा कोरोना संक्रमण फैलिँदै जाँदा लकडाउनको कारण अन्य क्षेत्र जस्तै मिडियामा पनि ठूलो असर परेको छ । मिडिया नागरिकलाई सुसूचित गर्ने माध्यम हो । कोरोनाको संकटको बेलामा मिडियाको महत्वपूर्ण भूमिका रहेको छ । तर, ती मिडिया नै अहिले सञ्चालन गर्न नसक्ने अवस्थामा छन् र त्यसको प्रभाव पत्रकारलाई पनि परेको छ । यस्तो अवस्थामा मिडिया र पत्रकारलाई बलियो बनाउने खालका कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहले ल्याउन जरूरी छ ।

यसमा पत्रकार महासंघको भूमिका झनै बढेर गएको छ । प्रेस काउन्सिलले सञ्चारमाध्यमको वर्तमान अवस्था बुझेर कानूनी तथा आर्थिक सहयोग गर्न जरूरी देखिन्छ । पत्रकारहरू अहिले पनि कम सावधानी र सुरक्षा सामग्रीको अभावकै बीचमा कार्य क्षेत्रमा खटिएका छन् । कति पत्रकारहरूले पिसिआर र आरडीटी परीक्षण गर्नुका साथै बिमा पनि गरिसकेका छन् । प्रदेश ५ मा अधिकांश पत्रकार हरूको पत्रकार महासंघ प्रदेश समिति, जिल्ला समिति, सम्बन्धित सञ्चारमाध्यम र पत्रकारसँग क्रियाशील संघसंस्थाको पहलमा बिमा गरिएको छ । यसले पत्रकारहरूको केही हदसम्म भए पनि हौसला प्रदान गरेको छ ।

*(लेखक नेपाल पत्रकार महासंघ, प्रदेश ५ समितिका अध्यक्ष हुनुहुन्छ ।)*

# कोरोना कहरमा कर्णाली

## कोभिड १९ ले कर्णालीका मिडियामा परेको असर



**कर्णाली प्रदेशका सबै पत्रकारहरू लकडाउनको प्रभावमा परेका छन् । लकडाउनको अवधिमा सहजरूपमा रिपोर्टिङ गर्न पत्रकारहरूलाई निकै चुनौती बनेको छ । सम्बन्धित मिडियाको पत्रकार परिचयपत्रका आधारमा नभई सूचना विभागको पासका आधारमा मात्र समाचार संकलन गर्नुपर्ने बाध्यता र सूचना विभागको पास लिन निकै महंगो र झन्झटिलो हुने स्थितिका बीचमा पनि कर्णालीका पत्रकारहरूले नियमितरूपमा आफ्नो धर्म निर्वाह गर्दै आएका छन् ।**

दीपिन्द्र शर्मा
dipendrasm046@gmail.com

पाँच लाखभन्दा बढी मानिसको ज्यान लगिसकेको कोरोना भाइरस (कोभिड १९)का कारण विश्व मानव समाजमा त्रास छाएको छ । वैज्ञानिक विकासका अकल्पनीय प्रगति हासिल गरेको मानिस यस्ता भाइरसमाथि भने अहिलेसम्म विजय प्राप्त गर्न सकेको छैन । पृथ्वी नै सिध्याउने अत्यन्तै घातक शस्त्र अस्त्र र परमाणु वम बनाउने होडबाजी र त्यसको चेतावनीमा त्रसित रहने विश्व यतिबेला भने एउटा भाइरससँग नराम्ररी थलिएको छ । यसले विश्व अर्थतन्त्रमा दोस्रो विश्वयुद्धपछि त्यसभन्दा पनि ठूलो क्षति पुऱ्याइसकेको छ । यो विश्वमा अकल्पनीय नयाँ खतरा बनेर आएको छ । विश्व यतिबेला एकखालको बन्दी जस्तै भएको छ र यो भाइरसमाथि पूर्णतः विजय प्राप्त गर्दासम्म विश्व अर्थतन्त्रमा अहिलेसम्मकै ठूलो क्षति पुग्ने अनुमान गरिएको छ । प्रकृतिमाथि मानिसले निरन्तर गरिरहेको अनियन्त्रित दोहन र औद्योगिक गतिविधिले पृथ्वीको आयु नष्ट गर्दै गएको चर्चा भइरहँदा कोरोना भाइरसले भविष्यमा मानव जीवनमाथि कल्पना नै नगरेका अरू खतराहरू आउन सक्ने संकेत पनि गरेको छ ।

समग्र जनजीवन नै प्रभावित गरेको कोरोनाले विश्व सञ्चार जगत पनि नराम्ररी प्रभावित भएको छ । कोरोनाले अहिलेसम्म विश्वमा करिव दुई दर्जन पत्रकारको ज्यान लिइसकेको छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघले दिएको जानकारीअनुसार ल्याटिन अमेरिका र क्यारिवियन क्षेत्रमा मात्र १३ जना पत्रकारको कोरोना महामारीबाट ज्यान गएको छ । विश्वका ठूला ठूला सञ्चारमाध्यमहरू बन्द भएका छन् । नेपाली सञ्चारमाध्यममा पनि यस महामारीको असर नराम्ररी परेको छ । अधिकांश प्रिन्ट मिडियाहरू बन्द भएका छन् भने विद्युतीय सञ्चारमाध्यम (रेडियो

टेलिभिजन) तथा अनलाइन मिडियाहरू मुश्किलले सञ्चालन भइरहेका छन् । तर, लकडाउन बढ्दै जाँदा ती सञ्चारमाध्यमहरू पनि कहिलेसम्म प्रकाशन, प्रसारण होलान् भन्न सकिदैन । विश्वभर त्रास फैलाएको कोरोना भाइरसको प्रभाव कर्णाली प्रदेशका सञ्चारमाध्यम र सञ्चारकर्मीमा पनि परेको छ । कर्णाली प्रदेशका १० वटै जिल्लाका छापा माध्यमहरू धेरै प्रभावित भएका छन् । कोरोनाको त्रास र लकडाउनको प्रभावसँगै जुध्दै सञ्चारकर्मीहरू अहिलेसम्म समाचार सम्प्रेषण भने गरिरहेका छन् ।

**कोरोनाकालमा मिडियाको अवस्था**

कर्णाली प्रदेशका सुर्खेत, जाजरकोट, दैलेख, सल्यान, रूकुम, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट जिल्लाबाट प्रकाशन हुने प्रायः सबै पत्रपत्रिकाहरू प्रभावित भए । जिल्ला शाखाहरूको रिपोर्टअनुसार झण्डै ३३ वटा पत्रिकाहरू कर्णाली प्रदेशमा लकडाउनका कारण वन्द भएका थिए । लकडाउनको अवधिमा सुर्खेतवाट प्रकाशित युगआह्वान दैनिक पत्रिका भने नियमित प्रकाशन भएको थियो । अहिले पछिल्लो समयमा प्रदेश राजधानी लगायतका केही जिल्लामा भने पत्रपत्रिकाहरू क्रमशः प्रकाशन हुँदै गएका छन । सुर्खेतका केही दैनिक पत्रिकाहरू अहिले जसोतसो प्रकाशित भइरहेका छन् । प्रदेशका १० जिल्लामा रहेका रेडियोहरू, केवल टेलिभिजन र यस प्रदेशका १० जिल्लामा कार्यालय रही सञ्चालन हुने अनलाइनहरू मुस्किलले सञ्चालन भइरहेका छन् ।

कर्णाली प्रदेशका सबै पत्रकारहरू लकडाउनको प्रभावमा परेका छन् । लकडाउनको अवधिमा सहजरूपमा रिपोर्टिङ गर्न पत्रकार हरूलाई निकै चुनौती बनेको छ । सम्बन्धित मिडियाको पत्रकार परिचयपत्रका आधारमा नभई सूचना विभागको पासका आधारमा मात्र समाचार संकलन गर्नुपर्ने बाध्यता र सूचना विभागको पास लिन निकै महंगो र झन्झटिलो हुने स्थितिका बीचमा पनि कर्णालीका पत्रकारहरूले नियमितरूपमा आफ्नो धर्म निर्वाह गर्दै आएका छन् । एकातिर कोरोनाको त्रास, अर्कोतिर प्रशासनको बुझाइका अन्तरका कारण भइरहने अवरोध कर्णालीका पत्रकार हरूले सामना गर्नुपर्‍यो । यसबीचमा सुर्खेत लगायतका केही जिल्लामा पत्रकारहरूले प्रहरीको दुर्व्यवहार भोग्नु पर्‍यो । प्रेस पास हुँदा पनि प्रशासनले सहज आवतजावत गर्न नदिने समस्या छ । त्यसैगरी पत्रकारहरूले सवारीसाधनको समस्या, मास्क, स्यानिटाइजर, ग्लोव लगायतका अत्यावश्यक स्वास्थ्य सामग्रीहरूको अभाव झेल्नुपरेको छ ।

**कोरोनामा हाम्रो पहल**

- कोरोना भाइरस (कोभिड १९) कारण कर्णाली प्रदेशका सञ्चारमाध्यम र सञ्चारकर्मीहरूलाई पारेको असर तथा प्रभावका बारेमा प्रदेश समितिका तर्फबाट सबैभन्दा पहिला कर्णाली प्रदेश सरकार र नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई कर्णाली प्रदेशको अवस्था जानकारी गराएका थियौं । सबै जिल्ला शाखालाई जिल्लामा कार्यरत सञ्चारकर्मी तथा मिडियाहरूको अवस्थाको अध्ययन गर्न लगाई त्यसका आधारमा तयार पारिएको अध्ययन रिपोर्टका आधारमा कर्णालीमा कोरोना भाइरसले मिडिया र मिडियाकर्मीमा पारेको प्रभाव तथा असरको जानकारी गराइएको थियो । त्यसमा थुप्रै समस्याहरूका साथै आगामी दिनमा रोकथामका लागि गर्न सकिने प्रयासलाई पनि उजागर गरिएको थियो । उक्त रिपोर्टले सबैको ध्यान कर्णालीमा केन्द्रित गर्‍यो ।
- कोरोनाको जोखिममा पनि पत्रकारिता गरिरहेका पत्रकार हरूलाई केन्द्रित गरी प्रदेश समितिले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा प्रदेशका विभिन्न जिल्लाका १३५ जना पत्रकारको पिसिआर परीक्षण गरिसकेको छ । बाँकी थप पत्रकारको परीक्षण गर्ने कार्य क्रम पनि जारी छ ।
- प्रदेश समितिको पहलमा कर्णालीमा कार्यरत अधिकांश पत्रकारहरूका लागि अत्यावश्यक स्वास्थ्य सामग्रीको ब्यवस्था गर्न हामी सफल भएका छौं । संविधानसभा सदस्य तथा समाजसेवी राजीव विक्रम शाह र कोपिला भ्याली सेवा समाज सुर्खेतले प्रदेश समितिमार्फत कर्णालीका जोखिममा पत्रकारिता गरिरहेका पत्रकारका लागि मास्क, स्यानिटाइजर र पञ्जा लगायतका सामग्रीहरू प्रदान गरेको थियो । प्रदेश समितिलाई प्राप्त सामग्रीहरू प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूमार्फत हुम्ला वाहेक सबै जिल्ला शाखाहरूलाई हस्तान्तरण गरिएको छ । स्वास्थ्य सामग्रीको अभाव र जोखिमका बावजुद पनि कर्णाली प्रदेशका १० वटै जिल्लामा कार्यरत पत्रकारहरूले आआफ्नो क्षेत्रबाट रिपोर्टिङ गर्दै आएका छन् । लकडाउनका बीचमा नेपाल पत्रकार महासंघ सुर्खेतसहित केही जिल्ला शाखाहरूद्वारा विभिन्न क्षेत्रको समन्वयमा पत्रकारहरूका लागि आवश्यक पर्ने मास्क, स्यानिटाइजर र पञ्जा लगायतका सामग्रीहरू वितरण गरिएको छ । लकडाउनमा पनि फिल्डमा कार्यरत सबै पत्रकारहरूलाई नपुग भएको हुँदा सामग्रीहरू पर्याप्तरूपमा वितरण गरिनु जरूरी छ । यसैबीच दैलेख शाखाले पत्रकारका लागि कोरोना जोखिम विमाको काम पनि अगाडि बढाएको छ ।
- समाजलाई निरन्तर समाचार सम्प्रेषण गरी आम नागरिकमा जागरण फैलाउने, सुसूचित गर्ने र राज्यलाई जिम्मेवार बनाउने मिडियाको अहम् दायित्व महामारीका बीच पनि रोकिएको छैन । मिडिया र मिडियाकर्मीहरूको भूमिका जस्तोसुकै संकटका बीच पनि अपेक्षा गरिन्छ । त्यही अपेक्षाअनुरूप कर्णाली प्रदेश सरकार र नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिले कर्णालीमा कार्यरत मिडिया र मिडियाकर्मीहरूका लागि राहत कार्यक्रम सञ्चालन गर्न नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिले कर्णालीका मिडिया तथा मिडियाकर्मीका लागि राहत वितरणका लागि मापदण्ड तयार गरी प्रदेश सरकारलाई बुझाएको थियो । त्यो कार्य प्रदेश सरकारले अहिले निर्णय प्रक्रियामा अगाडि बढाएको छ । आफू पीडामा परेर पनि नागरिकको सूचनाको भोक मेटाउन काम गर्ने मिडियाकर्मीहरूका लागि प्रदेश

समितिले निम्नानुसारको मापदण्ड तयार गरेको छ ।

१. कोरोना भाइरसको असरले सबैभन्दा बढी असर गरेका मिडिया र मिडियाकर्मीहरूको सूची तयार गरी बढी समस्या भएकाहरूलाई प्राथमिकतामा दिने ।

२. नेपाल पत्रकार महासंघको सदस्य र महासंघ कर्णाली प्रदेश समितिले सिफारिस गरेका क्रियाशील पत्रकारिता गरिरहेका सञ्चारकर्मीहरूले यो राहत कार्यक्रम प्राप्त गर्न सक्नेछन् ।

३. कर्णाली प्रदेशमा दर्ता ठेगाना रहेका, सञ्चार मन्त्रालयमा दर्ता भई हालसम्म नवीकरण भएका रेडियो, टेलिभिजन, प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका अनलाइन मिडिया तथा कानुनी प्रावधानहरू पूरा गरी प्रेस काउन्सिल नेपालमा वर्गीकरणमा समावेश भएका पत्रपत्रिकाहरूमध्ये कर्णालीका समाचारहरू प्राथमिकताका साथ सम्प्रेषण गरिरहेका मिडियाहरू यो कार्यक्रममा समेटिनेछन् । कानुनअनुरूप दर्ता भई हालै सञ्चालन भएका र जिम्मेवार मिडियाको भूमिका निर्वाह गरिरहेका मिडियाहरू समेत यसमा समावेश गर्न सकिनेछ ।

४. कोरोना भाइरसका कारण गरिएको लकडाउनको निर्णयभन्दा अगाडि नै अन्य कारणले बन्द भएका मिडियाहरू यसमा समावेश हुने छैनन् ।

### राहतका लागि गरिएको प्रस्ताव

| क्र.सं. | विवरण | प्रस्तावित रकम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | दैनिक पत्रिका | ३० हजार | २१ वटा | |
| २ | साप्ताहिक पत्रिका | १५ हजार | १०/१२ वटा | |
| ३ | अनलाइन | २० हजार | २०/२५ | |
| ४ | रेडियो | ५० हजार | ४० वटा | |
| ५ | केवुल टिभी | ५० हजार | ५ वटा | |
| | **जम्मा** | | **९५ वटा** | |
| ६ | पत्रकारहरू | ५-१५ हजार | २५/३० जना | प्रभावितहरू मात्र हुनेछन् । |

### कर्णालीका मिडिया र मिडियाकर्मीका समस्याहरू

» मिडियाहरू बन्द भएपछि मिडियाकर्मीहरूमा आर्थिक समस्या पर्दछ । उचित पारिश्रमिक नपाउने र भनेको समयमा पारिश्रमिक नपाउने गरेको नेपाली मिडिया क्षेत्रमा अब मिडिया नै बन्द भएपछि झन ठूलो समस्या देखिने निश्चित छ । त्यसको प्रभाव बहुआयामिक हुन्छ । त्यस्तै अब सञ्चारमाध्यमहरूको आम्दानी पनि ह्वात्तै घट्ने देखिन्छ । मिडियाहरूको आम्दानीको स्रोत विज्ञापन बजार हो । तर, सबै क्षेत्रहरू बन्द रहेका कारण विज्ञापनबाट हुने आम्दानी बन्द भएको छ । अहिलेसम्म सञ्चालनमा रहेका रेडियो र अनलाइनहरू पनि यही अवस्थामा लामो समय सञ्चालन भइरहनसक्ने अवस्थामा देखिदैनन् । यस्तोबेला सबैभन्दा महत्वपूर्ण कुरा मिडियालाई बन्द हुन नदिई आफ्नो भूमिकामा उत्रने परिस्थिति निर्माण गर्नु हो । त्यसका लागि राज्यले जिम्मेवार मिडिया र मिडियाकर्मीका लागि विशेष सुविधा प्रदान गर्न आवश्यक छ । आफ्नो स्वास्थ्य, परिवार र जीवनकै प्रवाह नगरी खट्ने पत्रकारहरूका लागि स्वास्थ्य उपचार, सञ्चारका साधनहरूको व्यवस्था तथा अन्य अनुदानका कार्यक्रम विकास गर्नका लागि सम्बन्धित निकायको ध्यान जान जरूरी छ ।

» यस्तो अवस्थामा सञ्चारमाध्यम श्रमजीवीहरूलाई पारिश्रमिक, घरभाडा, टेलिफोन, इन्टरनेट, विद्युत महशुल लगायतका अन्य खर्च समेत धान्न नसक्ने अवस्थामा रहने स्थिति छैन । त्यसका लागि टेलिफोन, विद्युत महशुल र इन्टरनेटमा विशेष सहुलियत प्रदान गर्न तथा महशुल छुट गर्नका लागि थप पहल आवश्यक छ ।

» राष्ट्रिय तथा कतिपय स्थानीय मिडियामा कार्यरत पत्रकारहरू सदरमुकामहरूमा भाडामा बस्ने गरेका छन् । यस्तो अवस्थामा उनीहरूको घरभाडा मिनाहा गर्ने वातावरण तयार गर्न तथा आश्रित परिवारका लागि राहतका प्याकेज उपलब्ध गराउन पनि जरूरी छ ।

» संकटकालीन स्थिति तथा यस्तै विपतमा सबैभन्दा बढी फेक न्यूजले ठूलो अफवाह फैलाउने र नागरिकमा त्रास उत्पन्न गर्ने स्थिति बन्दछ । त्यसैले हामी आम सञ्चारकर्मीहरूलाई हरेक सूचनाहरूलाई आफैले भेरिफाई गरेर मात्र प्रकाशन तथा प्रसारण गर्न आग्रह गर्दछौं । साथै महामारीले कसैलाई चिन्दैन । यस्तो बेला पत्रकारहरूले आफ्नो स्वास्थ्यको पूर्ण सुरक्षाको ख्याल गरी आफू सुरक्षित रहेर पत्रकारिताको धर्म निर्वाह गर्न जरूरी देखिएको छ ।

आमसञ्चारका माध्यमहरू विनाको आजको समाज अन्धकार खाडलमा रहन्छ । त्यसैले आमसञ्चारका माध्यम नागरिकका दृष्टि र आवाज हुन् । नागरिकलाई निरन्तर सुसूचित, जागरूक र सचेत बनाउने तथा राज्यका निकायलाई सतर्क गराउँदै जवाफदेही बनाउन मिडियाले भूमिका निर्वाह गर्दै आएका छन् । विविध सीमा र समस्याका बावजुद नेपाली मिडियाले सामाजिक अन्तरक्रिया तथा परिवर्तनको प्रवाहलाई गतिवान बनाउने काम गर्दै आएका छन् । नागरिक सचेत र बलिया नभइकन राज्य बलियो हुनसक्दैन । राज्यले नागरिकलाई सचेत, जागरूक र सक्रिय बनाउनका लागि सबैभन्दा पहिला मिडियाको विकासमा ध्यान दिनु जरूरी हुन्छ । मिडिया पूर्णतः व्यवसायिक, दक्ष र सबल नभइकन आफ्नो वास्तविक धर्म निर्वाह गर्न सक्दैनन् । त्यसैले राज्यले निरन्तर मिडियाको विकासमा ध्यान दिनु जरूरी छ । विगतको भूकम्पको विपत, महामारी तथा अहिलेको लकडाउनका बेला नागरिकलाई सूचना सम्प्रेषण गरी अवस्थाको वास्तविक जानकारी दिने लगायतका काममा मिडियाले उल्लेखनीय काम गरेका छन् । राज्यलाई पारदर्शी, जिम्मेवार र सबल बनाउन मिडियाले सदैव एक असल पहरेदारको भूमिका निर्वाह गर्दछन् ।

*(लेखक नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेश समितिका महासचिव हुनुहुन्छ ।)*

# कोरोना कहर र सुदूरपश्चिमको सञ्चार क्षेत्र



**सुदूरपश्चिमका सञ्चारमाध्यम र पत्रकारहरू आर्थिक हिसावले जर्जर हुन थालेका छन् । सञ्चारकर्मीको अवस्था झन धेरै जटिल बन्दै गएको छ । उनीहरू जोखिम मोलेर काम गरिरहेका छन् । तर पारिश्रमिक पाउने अवस्था छैन । यस्तो परिस्थितिमा सञ्चारकर्मीहरूका लागि व्यवसायिक तथा आर्थिक सुरक्षा, स्वास्थ्य सामग्रीको पर्याप्त उपलब्धतातर्फ सरोकारवालाहरूको गम्भीर चासोको जरूरत छ ।**

**अर्जुन शाह**
arjun.shah33@gmail.com

यतिबेला विश्वभर कोभिड-१९ को त्रास छ । हाम्रो देश पनि कोरोना कहरबाट प्रताडित छ । प्रारम्भमा अरूतिर संक्रमणको असर नदेखिएका बेला चैत दोस्रो सातादेखि सुदूरपश्चिममा संक्रमितको संख्या बढी थियो । बीचको एक महिना अवधिमा अन्य प्रदेशतिर असर बढ्दै गर्दा सुदूरपश्चिममा केही कम रह्यो । तर पछिल्लो समयमा सुदूरपश्चिममा संक्रमितको संख्यामा बृद्धि हुनु र मृत्युका घटनाले सुदूरपश्चिमलाई नराम्ररी प्रभावित पारेको छ ।

भारतबाट अब्यवस्थितरूपमा स्वदेश फर्किनेहरूको संख्या, अस्तव्यस्त क्वारेन्टाइन, आवश्यकताअनुसार जाँच नहुनुले सुदूरपश्चिममा कोरोना संक्रमणको अझ बढी जोखिम छ । संक्रमण पुष्टि भएकाहरूलाई पनि होम क्वारेन्टाइनका नाममा गाउँमा पठाइएपछि उनीहरू निर्वाधरूपमा सार्वजनिक कार्यक्रमहरूमा सामेल हुने गरेका घटनाले कोभिड-१९ ले समुदाय तहमा व्यापक भएर तहसनहसको अवस्था सिर्जना हुनसक्ने त्रास सबैमा छ ।

सरकारले कोभिड-१९ को महामारीलाई रोकथाम तथा नियन्त्रण गर्न लामो समयदेखि कडा र खुकुलो गरी लकडाउन गर्दै आएको छ । लकडाउन शुरू भएदेखि आमजनजीवन निकै प्रभावित छ । आम जनजीवनसँगै सुदूरपश्चिमको सञ्चार क्षेत्रसमेत लकडाउनको मारमा छ । फ्रन्टलाइनमा खटिने सुदूरपश्चिमका सञ्चारकर्मीहरू कोरोना भाइरसबाट संक्रमणको अत्यधिक जोखिममा छन् । साथै कोरोना कहरबाट सिंगो सञ्चार क्षेत्र आर्थिक तथा व्यवसायिकरूपमा प्रभावित भएको जटिल परि स्थिति विद्यमान छ । तथापि सिंगो सञ्चार क्षेत्रले अविचलित रूपमा यस विषम परिस्थितिमा पनि आफ्नो जीउज्यानकै ख्याल नगरी अझ दृढतापूवर्क आफ्नो सञ्चारकर्ममार्फत आमनागरिकलाई सूचना प्रवाह गराउने कार्यमा अहम् भूमिका निर्वाह गरिरहेका छन् ।

**लकडाउनको अवधि र सुदूरपश्चिम प्रदेश समितिको मुख्य पहल**

(क) अवस्था अध्ययन

कोरोना कहरको जर्जर अवस्था, लामो समयको लकडाउनको जटिल परिपस्थितिमा सुदूरपश्चिम प्रदेश समितिले  यस प्रदेशका सबै जिल्लाको स्थलगत अनुगमन गरी सञ्चारकर्मीहरूको अवस्थाका बारेमा प्रत्यक्ष अनुगमन छलफल तथा अन्तरक्रिया गर्ने कार्य गरेको छ । जिल्ला तहमा सञ्चारकर्मी तथा सञ्चारमाध्यमहरूले भोग्नु परेका पछिल्ला समस्याहरूको पहिचान तथा समाधानका उपायहरू पहिल्याउने उद्देश्यले नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिका पदाधिकारीद्वारा २०७७ जेठ ८ गतेदेखि १४ गतेसम्म ९ वटै जिल्लाको स्थलगत अनुगमन तथा पत्रकारहरूसँग अन्तरक्रिया गरिएको हो ।

**सञ्चारमाध्यम र सञ्चारकर्मीको अवस्था :**

सुदूरपश्चिम प्रदेशका ९ वटा जिल्लामा ७६ वटा एफएम रेडियोहरू सञ्चालनमा छन् । दैनिक पत्रिका ५४, साप्ताहिक पत्रिका ४९, स्थानीय टेलिभिजन २ वटा रहेका छन् । नियमित प्रकाशन हुँदै आएका प्रायः सबैजसो दैनिक र साप्ताहिक पत्रिकाहरू लकडाउन शुरू भएदेखि नै बन्द छन् । लकडाउनको अवधिमा कैलाली र कञ्चनपुर, डडेलधुरा र दार्चुलामा मात्रै केही सीमित पत्रिकाहरू प्रकाशन हुनसकेको देखियो । नियमित प्रकाशन भइरहेका पत्रिकाले समेत निकै समस्या र चुनौतीको सामना गर्नुपरेको छ । बजार बन्द छ, स्वास्थ्य असुरक्षा उस्तै छ । विज्ञापन शून्य छ ।

एफएम रेडियोहरूले समुदायस्तरमा आम स्रोतालाई कोभिड- १९ का बारेमा समेत जनचेतना जगाउने काम गरिरहेका छन् । सरोकारवालाहरूलाई जवाफदेहिता बृद्धि गराउने कार्य पनि गरिरहेका छन् । एफएमहरू पनि थुप्रै समस्याका बाबजुद नियमित प्रसारण भइरहेका भएपनि उनीहरूको आम्दानी ह्वात्तै घटेको छ । व्यापारिक विज्ञापनहरू छैनन् । धेरैजसोले प्रसारण अवधि घटाएका र कर्मचारी कटौती गरेको पाइएको छ ।

अनलाइनहरू आम नागरिकलाई सूचना प्रदान गर्ने गराउने सशक्त माध्यम बनेका छन् । यस प्रदेशका प्रायः सबै रेडियो, पत्रपत्रिका, अनलाइन र टेलिभिजनको अवस्था आर्थिक तथा व्यवसायिकरूपमा दयनीय बन्दै गएको छ । जसका कारण सम्पूर्ण श्रमजीवी पत्रकारहरूमाथिको संकट बढ्दै गएको छ । यही सन्दर्भमा जिल्लागत अवस्थाको संक्षिप्त विवरणसहितको प्रतिवेदन धनगढीस्थित सञ्चारकर्मीमाझ अन्तरक्रियासहित सार्वजनिक गर्ने कार्य पनि प्रदेश समितिले सम्पन्न गरेको हो । प्रतिवेदनको संक्षिप्त सार यस प्रकार रहेको छ ।

**डोटीः**

» लकडाउन अवधिमा दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू बन्द अवस्थामा रहे ।

» एफएम सञ्चालनमा छन् । व्यावसायिक विज्ञापन बन्द गर्न भनिएको छ । कार्यरत पत्रकारहरूले नियमित पारिश्रमिक पाएका छैनन् ।

» समाचार छापिएका भरमा पारिश्रमिक पाउने राष्ट्रिय सञ्चारमाध्यममा कार्यरत स्ट्रिञ्जर पत्रकारको अवस्था झन कठिन बन्दै गएको छ । केही मिडियाहरूले समाचार नपठाउन भनेका छन् ।

» जोखिम बढी छ । सुरक्षाको अवस्था कमजोर छ । विमाको व्यवस्था हुनुपर्छ ।

**बाजुरा**

» पत्रपत्रिका बन्द छन् ।

» रेडियो एफएम सञ्चालनमा छन् । रेडियोकर्मीले लामो समयदेखि तलब पाएका छैनन् ।

» इन्टरनेटको सुविधा भरपर्दो छैन । विद्युत अनियमित छ ।

» समाचार छापिएका भरमा पारिश्रमिक पाउने राष्ट्रिय सञ्चारमाध्यममा कार्यरत स्ट्रिञ्जर पत्रकारको अवस्था झन कठिन बन्दै गएको छ । केही मिडियाहरूले समाचार नपठाउन भनेका छन् ।

» जोखिम बढी छ । सुरक्षाको अवस्था कमजोर छ । विमाको व्यवस्था हुनुपर्छ ।

**अछाम**

» दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू बन्द अवस्थामा छन् ।

» एफएममा कार्यरत पत्रकारहरूले पनि पारिश्रमिक पाउन सकेका छैनन् । प्रसारण अवधि घटाइएको छ ।

» राष्टिय सञ्चारमाध्यममा कार्यरत स्ट्रिञ्जर पत्रकारको अवस्था अन्यत्र जस्तै हो ।

कोरोना संक्रमण फैलिदै गएकाले पत्रकारहरूलाई बढ्ता जोखिम देखिएको छ ।

**डडेल्धुराः**

» धेरैजसो दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू बन्द छन् ।

» एफएमहरूले प्रसारण अवधि घटाएका छन् । पत्रकारहरूले नियमित पारिश्रमिक पाउन सकेका छैनन् ।

» स्वास्थ्य सामग्री अभाव छ । किनेर पनि पाउने अवस्था छैन । सेल्फ सुरक्षाबाहेक अर्को विकल्प छैन ।

**बझाङ**

» लकडाउन अवधिमा पत्रपत्रिकाहरू बन्द रहे । अफसेट छैन । धनगढीबाट छाप्नुपर्ने हुनाले पत्रिका बन्द गर्नुपरेको हो ।

» एफएमहरूले प्रसारण अवधि घटाएका छन् । कार्यरत पत्रकार हरूले नियमित पारिश्रमिक पाएका छैनन् ।

» सूचना प्राप्त गर्न सहजता छैन । कोरोनाका नाममा अनियमितता भइरहेको छ । डेरामा बस्ने पत्रकारहरू समस्यामा छन् ।

**दार्चुला**

» केही बाहेक अधिकांश दैनिक र साप्ताहिक पत्रपत्रिकाहरू बन्द रहे ।

» एफएममा कार्यरत पत्रकारहरूले नियमित पारिश्रमिक पाउन

सकेका छैनन् ।

» काम गर्ने उत्साह घटेको छ । पत्रकारको स्वास्थ्य सुरक्षाको अवस्था कमजोर छ ।

» नेपाल पत्रकार महासंघ जिल्ला शाखाले प्रति पत्रकार रू. १,५०० (एक हजार पाँच सय) का दरले ४५ जनालाई प्रोत्साहनस्वरूप आर्थिक राहत सहयोग गरेको छ । अन्य संघसंस्थाले सहयोग गरेका छैनन् ।

**बैतडी**

» पत्रपत्रिकाहरू बन्द छन् ।

» रेडियो एफएम सञ्चालनमा भएपनि प्रसारण अवधि घटेको पाइयो ।

» पत्रकार स्वास्थ्य सुरक्षाको जोखिममा छन् ।

**कञ्चनपुर**

» अधिकांश पत्रपत्रिकाहरू बन्द छन् । प्रकाशित भएका केही पत्रपत्रिका समेत पूर्ववतरूपमा वितरण हुन सकेको छैन ।

» एफएम नियमित सञ्चालनमा छन् । नियमित पारिश्रमिक दिन हम्मेहम्मे परेको छ ।

**कैलाली**

» अधिकांश पत्रपत्रिकाहरू बन्द छन् । लकडाउनको अवधिमा धनगढीबाट युगअस्त्र दैनिक, अनुमोदन दैनिक, टीकापुर दैनिक र हाम्रो सेती साप्ताहिक पत्रपत्रिका प्रकाशनमा रहे पनि वितरणमा कठिनाई देखियो ।

» एफएमहरूले प्रसारण समय घटाएका छन् । पत्रकारहरूको संख्या कटौती गरेका छन् । कार्यरतहरूले पनि नियमित पारिश्रमिक नपाएको अवस्था छ ।

» राष्ट्रिय सञ्चारमाध्यममा कार्यरत स्ट्रिञ्जर पत्रकारहरू झन धेरै समस्यामा छन् ।

» पत्रकारको स्वास्थ्य सुरक्षाको अवस्था कमजोर छ ।

**अनलाइन र स्थानीय टेलिभिजन :**

पछिल्लो समय सञ्चारको सशक्त माध्यमका रूपमा विकास भइरहेको अनलाइन समेत आम मानिसको सूचनाको स्रोत बनेका छन् । यस प्रदेशमा रहेका दुईवटा टेलिभिजनले पनि सूचना प्रवाहमा भूमिका निर्वाह गरेका छन् । धेरैलाई कोभिड-१९ का बारेमा सूचना दिने र सचेतता गराउने काम अनलाइनले गरेको पाइएको छ । अनलाइनमा काम गर्ने सञ्चारकर्मीहरूका समेत उस्तै समस्या छन् । अनलाइनमा विज्ञापन शून्य छ ।

**(ख) स्वास्थ्य सामाग्री प्रदान :**

कैलाली र कञ्चनपुरका सञ्चारकर्मीहरूले थोरै भएपनि स्वास्थ्य सामग्रीका रूपमा मास्क, स्यानिटाइजर र पञ्जा पाएका छन् । तर पहाडी जिल्लामा कार्यरत सञ्चारकर्मीहरूले त त्यो पनि पाउन सकेका छैनन् । उनीहरू स्वास्थ्य सामग्री बिना नै रिपोर्टिङमा गइरहेका छन् । कतिपय स्थानीय निकाय, संघसंस्था र व्यक्तिहरूले पत्रकारहरूका लागि स्वास्थ्य सामग्री उपलब्ध गराएका छन् । तर धेरैजसो ठाउँमा किनेर पनि स्वास्थ्य सामग्री पाउने अवस्था छैन । यही अवस्थालाई मध्यनजर गर्दै नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिद्वारा सबै जिल्ला शाखामै पुगेर जिल्लाका पत्रकारहरूलाई आधारभूत स्वास्थ्य सुरक्षा सामग्रीहरू (एन-९५ मास्क, ग्लोब्स, स्यानिटाइजर र सर्जिकल मास्क) उपलब्ध गराउने कार्य भएको छ ।

**(ग) पिसिआर परीक्षण**

प्रारम्भिक चरणमा अन्यत्र कोरोनाको प्रभावले विकराल रूप नलिँदै सुदूरपश्चिममा सबैभन्दा बढी संक्रमितको संख्या

देखिएको थियो । चैत्र १४ गते सुदूरपश्चिममा पहिलो कोरोना संक्रमित भेटिएका हुन् र नेपालभर ९ जना संक्रमित देखिएको बेला सुदूरपश्चिममा ५ जना संक्रमित थिए । त्यसैमा चैत्र दोस्रो साता हजारौंको संख्यामा बिना चेकजाँच भारतबाट स्वदेश फर्किएपछि सीमा क्षेत्रमा रिपोर्टिङमा खटिएका धनगढीका पत्रकारहरूको नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिको पहलमा पिसिआर जाँच गराइएको थियो ।

**(घ) पत्रकारहरूको वीमाको व्यवस्था**

नेपाल पत्रकार महासंघको पहलमा सुदूरपश्चिम प्रदेश सरकारद्वारा सुदूरपश्चिम क्षेत्रमा कार्यरत पत्रकारहरूलाई १५ लाख बराबरको बिमा व्यवस्था गराइएको छ ।

**(ङ) मिडिया परिचालन फण्ड**

कोरोना कहरले समग्र सञ्चार क्षेत्र तहसनहस भएको पृष्ठभूमिमा नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिको पहलमा सुदूरपश्चिम प्रदेश सरकारले ३४ लाख ५५ हजार मिडिया परिचालन कार्यका लागि नेपाल पत्रकार महासंघमार्फत सञ्चारमाध्यमहरूलाई उपलब्ध हुनेगरी प्रदेश समितिलाई अनुदान उपलब्ध गराएको छ । महासंघले उक्त रकम निश्चित मापदण्ड, विधि र प्रक्रिया अवलम्बन गरेर सुदूरपश्चिमभरिका ७६ वटा रेडियो, ४९ वटा साप्ताहिक, ५४ वटा दैनिक र २ वटा स्थानीय टेलिभिजनबाट कोभिड १९ रोकथाम तथा नियन्त्रण कार्यका लागि सूचना तथा सन्देश प्रवाह गराउँदै प्राप्त रकम वितरण गरिरहेको छ । यसबाट कोरोना कहरबाट आहत भएको यस प्रदेशको सञ्चारमाध्यमहरूलाई थोरै भएपनि राहत मिलेको छ ।

**निष्कर्ष**

सुदूरपश्चिमका सञ्चारमाध्यम र पत्रकारहरू आर्थिक हिसावले जर्जर हुन थालेका छन् । सञ्चारकर्मीको अवस्था झन धेरै जटिल बन्दै गएको छ । उनीहरू जोखिम मोलेर काम गरिरहेका छन् । तर पारिश्रमिक पाउने अवस्था छैन । यस्तो परिस्थितिमा सञ्चारकर्मीहरूका लागि व्यवसायिक तथा आर्थिक सुरक्षा, स्वास्थ्य सामग्रीको पर्याप्त उपलब्धतातर्फ सरोकारवालाहरूको गम्भीर चासोको जरूरत छ ।

*(लेखक नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ ।)*

# सरकार खोज्नुपर्ने बाध्यता



श्रमजीवी पत्रकारको सवाल र समानुपातिक विज्ञापन नीति लगायतका बिषयमा सरकारले महासंघको आवाज सुनी समाधान गनुपर्ने या महासंघसँग सहकार्य गर्ने अवस्था सिर्जना गर्नैपर्छ ।

एनके दाहाल
dahalnk@gmail.com

कोभिड- १९, कोरोना भाइरस महामारीले विश्व आक्रान्त छ । कोरोनाको कारण समग्र अर्थतन्त्र प्रभावित भएको छ । विश्वका अधिकांश भू–भाग लकडाउनमा छ । नेपालमा कोरोना भाइरस देखा परेको पाँच महिना बितिसकेको छ । लकडाउन शुरू भएको नै चारमहिना पुग्न लागिसकेको छ । कोरोना महामारी फैलिन नदिन जे प्रयास गरे पनि बिफल हुँदै गएको छ । कोरोनाले जित्दैछ र हामीले गरेको प्रयास हार्दैछ । परिणाम, कोरोना समुदायमा पुग्न लागेको छ । कुनै ट्राभल हिस्ट्री नभएका मान्छेमा कोरोनाको संक्रमण देखिनु र ढलको परीक्षण गर्दा पनि कोरोना भेटिनुले कोरोना महामारीले साँच्चिकै महामारीको रूप लिँदैछ भन्ने अनुमान गर्न सकिन्छ । विश्वका धेरै स्थानका खराब उदाहरण अब हामीले नै भोग्नुपर्ने बाध्यता आउँदैछ । कोरोना महामारीको कारण राज्यका सबै संयन्त्र सबै काम छोडेर कोरोना नियन्त्रणमा लागेको भनिदैछ । विकास बजेट सबै कोरोनामा जाँदैछ । मुलुकको प्रमुख आम्दानी रेमिट्यान्स घट्दैछ र कोरोना महामारी चाँडो नियन्त्रणमा नआउने हो भने रेमिट्यान्स ठप्प हुने बिन्दुमा छ । अर्थात कोरोना महामारीले नेपालजस्तो गरीब र अरू देशको आशामा अघि बढ्नुपर्ने मुलुकले भयावह अवस्था भोग्न बाँकी नै छ र त्यो आउँदैछ । अहिलेदेखि नै त्यसको लागि मानसिकरूपमा तयार रहँदा राम्रो हुनेछ ।

कोरोना महामारीको कारण सबै क्षेत्रमा असर परेजस्तै सञ्चार क्षेत्रमा पनि असर परेको छ । बिगतमा सञ्चार क्षेत्रलाई सेवा उद्योगको रूपमा परिभाषा गर्ने र कर्पोरेट हाउसको हौवा दिने सञ्चारगृहहरू समेत कोरोना महामारीको असरलाई मौकाको रूपमा प्रयोग गरेर सञ्चारकर्मीहरूमाथि शोषण र दमन गर्दै न्यूनतम सेवा सुविधाबाट समेत बञ्चित गर्न थालेका छन् । धेरै सञ्चारगृहले तलब नदिने, बेतलबी बिदा दिने, अवकाश दिने लगायतका हर्कत गरिरहेका छन् । ठूलो लगानी भएको भनिएका सञ्चारगृहहरूले नै लकडाउनको पहिलो महिनाबाटै सञ्चारकर्मीलाई बेरोजगार बनाउने षडयन्त्र सुरू गरेका थिए र अहिले ब्यापक रूपमा गरिरहेका छन् । कोरोना महामारीको जटिल अवस्थामा श्रमजीवी पत्रकारले मुलुक र समाजप्रतिको आफ्नो दायित्व निर्वाह गर्न फ्रन्टलाइनमा रहेर काम गर्नुपर्ने जिम्मेवारी बहन गर्दै भएको न्यूनतम स्रोतसाधन तथा सीपको भरपुर उपयोग गरी यथार्थ सूचना संप्रेषणमा अहोरात्र आफ्नो कर्तव्य निर्वाह गरिरहँदा समेत बेरोजगार हुनुपर्ने बाध्यता भोग्नुपरिरहेको छ । नियमित विज्ञापन, बिक्री र आम्दानी नभएको अवस्थामा राज्यबाट उचित राहत प्याकेज नपाइएको जनाउँदै सञ्चागृहले क्रमशः तलब र कर्मचारी कटौती गर्ने गरेका छन् । विगतमा

अथाह कमाई गरेर धनाढ्य बनेका सञ्चारगृह मालिकहरू केही समय पनि समस्या सहन गर्न सक्दैनन् र विगतको कमाइबाट खर्च गरेर सञ्चारकर्मीको समस्या सम्बोधन गर्न सक्दैनन् भने नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले भनेजस्तै सञ्चारगृहका साहुहरूको घरघर घेर्न जानुको विकल्प देखिँदैन ।

कोरोना महामारीको समयमासञ्चार क्षेत्र जनतालाई सूचना दिनुपर्ने जिम्मेवारीबाट विचलित नभई जुन भूमिकामा छ, अहिले त्यसमा सबैको साथ र सहयोग चाहिएको छ । नेपाल पत्रकार महासंघले कोरोना महामारी शुरू भएपछि सक्रियताका साथ काम शुरू गरेको थियो र गरिरहेको छ । कोही कतै जान नसक्ने अवस्थामा पनि महासंघ केन्द्रबाट फिल्डमै जाने, अनुगमन गर्ने, सञ्चार क्षेत्रका संघसंस्थाका समस्याको पहिचान गरी समाधान गर्ने, श्रमजीवी सञ्चारकर्मीको बिषयमा बोल्ने कार्यक्रम गर्ने लगायतका काम गर्दै आएकोले सञ्चारकर्मीहरूले बोलिदिने कोही छैन ? भन्नुपर्ने अवस्था छैन । तर बोल्ने मात्र कि केही गर्ने ? भन्ने प्रश्न पनि आउनसक्छ । त्यसका लागि महासंघले ठोस कदम चाल्नैपर्ने देखिएको छ । महासंघले कोरोनाको कहरमा प्रदेश समिति र जिल्ला शाखाहरूलाई एक्सन ओरियन्टेड र केन्द्रलाई कोअर्डिनेसन गर्ने शैलीमा अघि बढाएपछि तल्लो तहमा समेत प्रभावकारी काम हुनसक्यो । पत्रकार हरूले राहत पाउने र कार्यक्षेत्रमा भोग्नुपरेका समस्या हल गर्ने संस्थाको रूपमा महासंघलाई लिनसके । सीमित स्रोत र साधनका बाबजुद महासंघ केन्द्रदेखि तलसम्म सक्रियरूपमा कार्य गरिरहेको छ । नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले पनि केन्द्रको निर्देशनअनुसार कार्यक्षेत्रमा विभिन्न कार्य गरेको छ ।

भौगोलिक हिसाबले उपत्यकाका तीन जिल्लामा सीमित यस प्रदेश समितिले स्वास्थ्य सामग्री लगायतका सुरक्षा सामग्री, प्रेस ज्याकेट जस्ता सामग्री प्रत्यक्ष रूपमा वितरण नगरी विभिन्न संघसंस्थासँगको समन्वयमा वितरण गरियो । कतिपय संघसंस्थालाई महासंघ केन्द्र या जिल्लामार्फत यस्ता सामग्री वितरण गर्नमा भूमिका खेल्यौं । जिल्ला शाखासँग मिलेर राहत वितरण लगायतका काम गर्‍यौं । बागमती प्रदेश सरकार अन्तरगतको प्रदेश सञ्चार रजिष्टार कार्यालयले नेपाल पत्रकार महासंघ प्रदेश समितिमार्फत प्रेस ज्याकेट र स्वास्थ्य उपकरण वितरण गर्न खोज्दा यस समितिले रोहबरमा मात्र बसेर जिल्ला समितिमार्फत नै वितरण गर्दा उपयुक्त हुने निष्कर्षको आधारमा जिल्लासमिति मार्फत वितरण गरियो । केन्द्रले नीतिगतरूपमा कोअर्डिनेसन गर्ने र प्रदेश समितिले कार्यगतरूपमा कोअर्डिनेसन गरी काम जिल्लाले नै गर्नु उपयुक्त हुने विश्वासका साथ यस समितिले जिल्ला शाखालाई प्राथमिकता दिँदै आएको छ । महासंघ प्रदेश समितिकोसमन्वयबाट प्राप्त खाद्यान्न समेत जिल्लाबाटै वितरण गरिएको छ । यस प्रदेश समिति अन्तरगत ३ सयभन्दा बढी सञ्चारकर्मीलाई खाद्यान्न वितरण गरिएको छ ।जिल्लाले गरिरहेको काममा सहयोग गर्नुको अलावा प्रदेश समितिले पनि कोरोना कहरमा केही काम गरेको छ ।

**औषधि वितरण**

लकडाउन शुरू भएपछि सबैभन्दा बढी समस्या स्वास्थ्य क्षेत्रमा देखिनु स्वभाविक हो । भ्रष्टाचार, अनियमितता, कालोबजारी लगायतका समस्याले स्वास्थ्य क्षेत्रलाई गाँज्यो र गाँजिरहेको छ । कतिपय औषधि नपाउने लगायतका समस्या शुरू भएको केही महिना बितिसकेको छ । दीर्घरोगीले नियमित खानुपर्ने औषधि नपाएको गुनासो आएपछि महासंघ प्रदेश समितिले विभिन्न प्रकारका औषधि केही संघसंस्थासँगको सहकार्यमा संकलन र केही आफै खरीद गरेर वितरण गरियो । नियमित औषधि सेवन गरिरहेका करीब दुई दर्जन सञ्चारकर्मीहरूलाई घरमै औषधि पुर्‍याइयो । लकडाउन केही खुकुलो र धेरै औषधि सहज भएपछि भने औषधि नपाएको या खरीद गर्न नसकेको गुनासो नआएकोले यो काम हाल भने गरिएको छैन ।

**बिमामा तीव्रता**

महासंघ केन्द्रले कोरोना बिमा गर्न सर्कुलर पठाएपछि यस प्रदेश समितिले त्यसको कार्यान्वयनमा जोड दियो । प्रदेश समितिकै तर्फबाट फ्रन्टलाइनमा काम गर्ने १ सय २० पत्रकारको कोरोना बिमा गरियो । बागमती प्रदेश सरकारलाई पटकपटक आग्रह गरी १ हजार सञ्चारकर्मीको कोरोना बिमा गराउने निर्णय प्रदेश मन्त्रिपरिषदबाट निर्णय हुनसक्यो । जसबाट बागमती प्रदेशमा रहेका सबै क्षेत्रका फ्रन्टलाइनमा काम गर्ने सञ्चारकर्मीको बिमा गराउने काम गरियो । प्रदेश सरकारले यस समितिबाहेक बागमती प्रदेशमा रहेका पत्रकार महासंघका अन्य प्रदेश समितिको सिफारिसमा कोरोना बिमा गरिएको थियो ।

**अब गर्नैपर्ने काम**

विश्वमा महामारीको रूपमा चित्रण गरिएको कोरोना महामारीअझै आउन बाँकी नै छ । धेरै सञ्चारकर्मी बेरोजगार भइसकेका छन् र थप हुँदैछन् । महासंघ केन्द्रले सञ्चारकर्मीलाई बेरोजगार बनाउन नदिने दबाबमूलक कार्यक्रम सबैतिर सञ्चालन गर्न आवश्यक छ । उपत्यका प्रदेश समितिश्रमजीवी पत्रकारहरूको हकहित कायम गर्न प्रतिबद्ध छ । यस समितिमा सदस्य रहेका बहुमत पत्रकार स्वरोजगारमूलक सञ्चारमाध्यममा आबद्ध छन । जुन सञ्चारमाध्यमले कठिन अवस्थामा प्रभावकारी भूमिका खेलेको सर्वविदितै छ । अहिलेको कठिन अवस्थामा ती सञ्चारमाध्यमलाई टिकाई जनतालाई सूचना दिनैपर्छ । पत्रकार महासंघले विगतदेखि नै समानुपातिक विज्ञापन नीति लागु गर्न माग गर्दै आएको छ । ठूला सञ्चारमाध्यम त्यसको बिरोधमा थिए । भित्र खोत्रो रहेको अहिले प्रमाणित भए पनि नामका ठूला सञ्चारमाध्यमले समानुपातिक विज्ञापन नीतिको बिरोध गर्नु भनेको नाफा मात्र कमाउनु रहेछ भन्ने देखिएको छ । महासंघले अहिले श्रमजीवी पत्रकारको मुद्दालाई जसरी उठाएको छ, त्यसैगरी समानुपातिक विज्ञापन नीति लागु गर्न दबाब दिनैपर्ने आवश्यकता छ । यदि त्यसो हुनसकेमा अहिले बेरोजगार बनाइएका सञ्चारकर्मीलाई पनि स्वरोजगारमूलक सञ्चारमाध्यममा आवद्ध गराउन सकिनेछ । समानुपातिक विज्ञापन नीति लागु भएमा नेपालको सञ्चार क्षेत्रले साँच्चिकै प्रगति गर्ने निश्चित छ । सञ्चार क्षेत्र नाफा होइन, सेवालाई प्रमुखता दिएर सञ्चालन हुने वातावरण सिर्जना गर्न पनि समानुपातिक विज्ञापन नीति लागु गर्नैपर्छ । तर यो सरकारबाट त्यो अपेक्षा गर्न सकिएला र ? प्रश्नको जवाफ तत्काल पाउने अवस्था छैन । किनकि सञ्चार क्षेत्र विशेषगरी श्रमजीवी पत्रकार र स्वरोजगारमूलक सञ्चारमाध्यमले अहिले सरकार खोज्नुपर्ने बाध्यता भोगिरहेका छौं ।

अन्त्यमा, नेपाल पत्रकार महासंघ सञ्चारकर्मीहरूको साझा संस्था हो । महासंघ यसका निश्चित मूल्यमान्यता र विधिअनुसार सञ्चालन हुने गर्दछ । महासंघमा जो पात्र आए पनि गर्ने काम एकै हो । नेपालका नागरिक संस्थाहरूमा सबैभन्दा पुरानो संस्था नेपाल पत्रकार महासंघ सरकारको राम्रो काममा साथ दिने र अन्य सबै काममा खबरदारी गर्ने संस्था हो । महासंघको त्यो भूमिका यस प्रदेश समितिले पनि निर्वाह गरिरहेको छ । तर यस प्रदेश समितिले कोरोना बिमाको एउटा प्रसँग बाहेक अन्य काममा प्रदेश सरकारसँग खासै सहकार्य गरेको छैन । बागमती प्रदेश सरकारको नेतृत्वले यस प्रदेश समितिसँग सहकार्य गनुपर्ने आवश्यकता नदेखेर होला, सहकार्य हुन सकेको छैन । कानुन निर्माण लगायतका जिम्मेवारी रहेको प्रदेश सरकारको कार्यशैली सञ्चारपक्षीय देखिँदैन । अहिले महासंघ केन्द्रले जुन समस्या भोगिरहेको छ, हामी पनि त्यही समस्या भोगिरहेका छौं । अहिलेको सरकारी रवैयाले महासंघलाई आत्मनिर्भर बनाउन पनि भूमिका खेल्ने भएकोले त्यसप्रति कुनै नकारात्मक टिप्पणी गर्न आवश्यक छैन । तर श्रमजीवी पत्रकारको सवाल र समानुपातिक विज्ञापन नीति लगायतका बिषयमा सरकारले महासंघको आवाज सुनी समाधान गनुपर्ने या महासंघसँग सहकार्य गर्ने अवस्था सिर्जना गर्नैपर्छ । पत्रकार महासंघका सबै संरचना त्यसतर्फ केन्द्रित गर्नेगरी आ–आफ्नो ठाउँबाट भूमिका खेलौं ।

*(लेखक नेपाल पत्रकार महासंघ, उपत्यका प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ । )*

# 'बिग हाउस'का बदमासी



**लकडाउनले बिजनेस ठप्प भएको चाहिँ चैत पहिलो सातादेखि हो । तर, ठूला मिडियाहरूले पुस महिनादेखिको तलब भुक्तानी गरेका छैनन् । नेपाल पत्रकार महासंघ, न्यूनतम पारिश्रमिक निर्धारण समिति र पत्रकारसँग सम्बन्धित विभिन्न संघसंगठनको दबाबले केही सञ्चारमाध्यमले लकडाउन अगाडिसम्मको पूरा र ५० देखि ७० प्रतिशतसम्म भुक्तानी गरेका छन् ।**

शेखर अधिकारी
openshekhar@gmail.com

» ११ चैत २०७६ मा लकडाउन सुरू भएलगत्तै उज्यालो नेटवर्कले कर्मचारीलाई घरबाटै काम गर्न भन्यो । कसरी सम्भव छ र ! क्वालिटी नआउने हो कि ! भन्नेजस्ता जिज्ञासा पत्रकार–कर्मचारीले राखे । व्यवस्थापनले क्वालिटी हैन सेफ्टीका लागि निर्णय गरेको भन्दै आश्वस्त बनायो । तर, सम्भव भएन । पत्रकारले अफिसमै आएर काम गर्ने वातावरण मिलाउन आग्रह गरे । व्यवस्थापनले भन्यो कि– अफिसमै आएर काम गर्न सक्नुहुन्छ, तर अतिरिक्त सुविधा पाउनुहुन्न । अफिसमै गाडी थन्किएको छ । मालिक गाडी नै चढेर हिँड्छन् । तर, गाडी पठाइएन । घण्टौं हिँडेर अफिस पुग्नुपर्ने बाध्यात्मक अवस्था भयो । त्यहाँबाट व्यवस्थापक–कर्मचारीबीच भएको खटपट पत्रकार बहिर्गमनको अवस्थासम्म पुग्यो ।

» कान्तिपुर पब्लिकेसन्स्ले लकडाउन भएको साता दिनमै पत्रिकाको प्रकाशन रोक्यो । अरू पत्रिका निरन्तर भएपछि पुनः प्रकाशन त शुरू गर्‍यो । तर, दशा पत्रकार–कर्मचारीमाथि आइलाग्यो । बैशाख ७ र ८ गते मानव संशाधन शाखाबाट फोन गरेर छानीछानी वर्षौं काम गरेका दर्जनौं पत्रकार र कर्मचारीलाई एक महिनाका लागि बेतलबी बसेर अफिसलाई सहयोग गर्न भनियो । तर, दुई महिना बितिसक्दा पनि खबर आएन । तीमध्ये कतिपयको निर्क्यौल छ– हामी बर्खास्तगीमा परिसक्यौं ।

» नागरिक दैनिकसमेत प्रकाशन गर्दै आएको रिपब्लिक मिडिया प्रा.लि.ले पत्रकारलाई पुसदेखिकै तलब दिएन । लकडाउनको बहानामा रिपब्लिका दैनिक बन्द गर्‍यो । पत्रकार–कर्मचारीको दबाबका बीच आधा तलब दियो । बाँकी तलबको कुरै नगरी अनलाइन संस्करणका लागि काम गर्न या राजीनामा दिन भनेपछि केही पत्रकार लकडाउनबीच नै बाहिरिए ।

मूलधारका सञ्चारमाध्यम भनिएका ठूला मिडियाहरूमा लगातार समस्याहरू बढिरहेका छन् । ठूला सञ्चारगृहले आफ्ना प्रकाशनहरू बन्द र स्थगन गरिरहेका छन् । रिपब्लिका अङ्ग्रेजी दैनिक र दी हिमालयन टाइम्स अङ्ग्रेजी दैनिकको प्रकाशन रोकिएको छ । दुबै अहिले अनलाइन पोर्टलमा सीमित भएका छन् ।

कोरोना महामारीको बहाना बनाएर पत्रकार निकाल्ने, प्रकाशन संस्था बन्द गर्ने, तलब घटाइदिने र बिगतको भुक्तानीसमेत रोकिदिने समस्याहरू बढिरहेका छन् । पत्रकार, कामदार र कर्मचारीलाई छानीछानी 'माथिको आदेश' भन्दै 'बेतलबी' बिदामा बस्न जारी गरेको मौखिक उर्दीले पत्रकारले मानसिक यातना भोग्न बाध्य भएका छन् । समाचारको स्रोत खोज्दै हिँड्नुपर्ने पत्रकारहरू अहिले न्यायका लागि नेपाल पत्रकार महासंघ, प्रेस रजिस्टारको कार्यालय, प्रेस काउन्सिल, न्यूनतम पारिश्रमिक निर्धारण समिति र विभिन्न संघसंगठनको ढोकाढोका पुगिरहेका छन् ।

श्रमजीवी पत्रकार ऐनमा व्यक्तिगतरूपमा आवश्यक परेको अवस्थामा श्रमजीवी पत्रकार, कामदार र कर्मचारीले बेतलबी बिदा पाउने व्यवस्था छ । तर सञ्चार प्रतिष्ठानका व्यवस्थापकले श्रमजीवी पत्रकार र कर्मचारीले नियत राखेरै बेतलबीमा राखिरहेका छन् ।

कोरोना मारकै बीच कान्तिपुर पब्लिकेसन्स्ले एउटै निर्णयमा दुई प्रकाशन (नेपाल साप्ताहिक र साप्ताहिक) बन्द गर्‍यो । प्रकाशन बन्द गर्दा ३ महिना अगावै प्रेस रजिस्टारलाई जानकारी गराउनुपर्ने कानुनी पाटो समाउनुपर्नेमा सञ्चार संस्था चुकेकै छ, अझ प्रकाशन बन्द भएको जानकारी स्वयं उसका पाठकहरूलाई दिइएको छैन । प्रकाशन रोक्दा अन्तिमपटक भए पनि एक संस्करण प्रकाशन गर्ने चलन र परम्परा छ । 'तिमीले जुनसुकै बेला पनि मिडिया बन्द गर्छौ' भन्दै ग्राहकले भोलि बाँकी प्रकाशन खरिद गरिदिएन भने के हुन्छ ? जबकि कान्तिपुरको सर्कुलेसन विभागले त्यही दिन पनि नेपाल साप्ताहिकका १२ जना नयाँ ग्राहक थपिएको जानकारी व्यवस्थापनलाई दिएको दाबी गरेको छ ।

**समस्या हाम्रो उही पुरानो...**

हिमालयन टिभीका सम्पादक विनोद ढुङ्गेल भन्छन्- प्रकाशकले कोरोना महामारीले मिडिया संकटमा पर्‍यो भन्नु तर्कसङ्गत छैन । किनकि कोरोनाभन्दा अगाडि बीसौं वर्ष चलेका सञ्चारमाध्यमले पनि नाफा बाँडेका छैनन् । किन पहिले चाहिँ घाटा भयो भनेनन् ? बिजनेस सधैं एकनास हुन सक्दैन । पहिला सधैँ नाफा भइरहने, लकडाउनको एक महिना पनि थेग्न नसक्ने हुन्छ ?

लकडाउनले बिजनेस ठप्प भएको चाहिँ चैत पहिलो सातादेखि हो । तर, ठूला मिडियाहरूले पुस महिनादेखिको तलब भुक्तानी गरेका छैनन् । नेपाल पत्रकार महासंघ, न्यूनतम पारिश्रमिक निर्धारण समिति र पत्रकारसँग सम्बन्धित विभिन्न संघसंगठनको दवावले केही सञ्चारमाध्यमले लकडाउन अगाडिसम्मको पूरा र ५० देखि ७० प्रतिशतसम्म भुक्तानी गरेका छन् ।

कोरोना महामारीका बीच स्वरोजगार र केही अनलाइनले भुक्तानीलाई निरन्तरता दिए पनि बिग मिडिया भनिने मूलधारका छापा, टेलिभिजन र रेडियोहरूको भुक्तानी अवस्था चिन्ताजनक छ । कतिपय छापामाध्यमहरूले फागुनदेखि श्रमजीवी पत्रकाहरूको तलब दिएका छैनन् । मोफसलका धेरै छापामाध्यमहरू लकडाउनको बेला बन्द भए । लकडाउन भएको २ महिनामै धान्न सकिएन भन्दै वर्षौंदेखि काम गर्दै आएका पत्रकारहरूलाई निकालेर उनीहरूको रोजगारीको अधिकार खोस्नु गल्ती हो । वर्षौंसम्म नाफा कमाउने तर केही महिना पनि श्रमजीवीहरूलाई तलब खुवाउन सकिएन/घाटा भयो भन्दै मिडिया साहुहरूको भनाइले धेरै कुरा बोल्छ । आवरणमा सञ्चार उद्यमी भने पनि सञ्चार क्षेत्रलाई भजाएर अन्य क्षेत्रमा आफू अनुकूलका कामहरू गर्ने गराउने भएकाले पनि नेपाली मिडिया उद्योगहरू अहिले यो अवस्थामा आइपुगेका हुन् । वर्षौंसम्म मिडियाबाट नाफा कमाउने, त्यही काम गर्ने श्रमजीवीको योगदानबाट नाफा कमाउने तर दुई महिनामै उनीहरूलाई तलब खुवाउन सकिएन भनेर बन्द गर्नु न्यायोचित देखिँदैन । यसमा समीक्षा गर्नुपर्ने बेला आएको छ । मिडिया हाउसहरूमा पत्रकारहरू नै सबैभन्दा बढी पीडित छन् । अरूलाई हक अधिकार र कानूनको कुरा गर्ने हामी पत्रकारहरूको समस्याका सवालमा 'मुटु भएका सम्पादक'हरूका कुनै मर्म देखिँदैन ।

सरकारले न्यूनतम तलब नै २४ हजार ३ सय ७५ रूपैयाँ नियुक्तिपत्रमा तोक्नुपर्ने भन्दै राजपत्रमा प्रकाशन गरे पनि सञ्चार संस्थाहरूले श्रमजीवीको पक्षमा यो नियम लागू गराउन तत्परता देखाएका छैनन् । अरूलाई नियम कानुन, विधि, परिधि र खबरदारी गर्ने सञ्चार क्षेत्र त्यहाँभित्रको शोषण र विभेदमा भने मौन देखिन्छ । सम्पादकहरूको मौनता त झन् सोचनीय छ । सरकारी सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूले कोरोना संकटमा पनि तलब निरन्तर पाए पनि दीर्घकालीनरूपमा करार र स्ट्रिन्जरको हकमा पनि न्यायपूर्ण व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**अबको बाटो**

पत्रकार र पत्रकारिता क्षेत्रका लागि कोरोना महामारी संकट त हो नै यसलाई अवसरको रूपमा सदुपयोग गर्नुपर्ने देखिन्छ । तत्कालका लागि कोरोना संकटसँग जुध्दै पेसागत सुरक्षा र दैनिक जीवनयापन सहज बनाउनुको विकल्प छैन । तर, यहीबीचमा सरकारसँग मिलेर पत्रकारसम्बद्ध संघसंस्थाहरूले केही नीतिगत सुधारको पहल लिन जरूरी देखिन्छ । मिडिया हाउसबाट नियुक्तिपत्रमा दिने भत्ता, सुविधालाई तलबमा गणना गरिएकाले यसलाई स्पष्ट पारिनुपर्ने र सोही आधारमा सूचना विभागले प्रेसपास जारी गर्नुपर्ने देखिन्छ । मिडिया हाउसले तह, योग्यता र पदअनुसारको तलब समायोजन गर्नुपर्ने देखिन्छ । ठूला मिडिया हाउसहरूमा योग्यता अनुसारको तलब समायोजन गर्न सकेका छैनन् । यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । श्रमजीवी पत्रकार ऐनका बाँकी प्रावधानको कार्यान्वयन तथा पत्रकार वृत्ति विकासको लागि कामहरू अझै हुन सकेका छैनन् ।

पत्रकारहरूले अझै न्यूनतम पारिश्रमिक पाउन सकेका छैनन् । पारिश्रमिक निर्धारण समिति तलब मात्रै तोक्ने तर कार्यान्वयन गर्ने सवालमा भएका पहल सार्थक हुन सकेका छैनन् । न्यूनतम पारिश्रमिकको व्यवस्था कार्यान्वयन गर्न समितिले निरन्तर पहल र खबरदारी गरिरहनु पर्ने देखिन्छ । मिडिया हाउसलाई थप सुविधाको व्यवस्था गर्दै पत्रकारको सामान्य जीवनयापन गर्ने सेवासुविधा प्रदान गर्न सञ्चारगृहलाई कानूनीरूपमा दबाब दिनुपर्ने देखिन्छ । हरेक मिडियामा कार्यरत पत्रकार, कर्मचारी र कामदारको बिमा, स्वास्थ्य उपचार र सञ्चय कोषको व्यवस्था गर्न दबाब श्रमजीवीहरूले दिनुपर्ने देखिन्छ । कतिपय अवस्थामा ठूला मिडियाहाउसहरूमा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारीहरु भने श्रमजीवी पत्रकारसम्बन्धी ऐनको पालना हुने कुरामा आशावादी भएको पाइए पनि त्यो कार्यान्वयन हुनेमा आशंका जीवितै छ । यसका लागि निरन्तरको खबरदारी आवश्यक देखिन्छ ।

कतिपय सञ्चारमाध्यमहरूमा पत्रकाहरूको बिमा र उनीहरूको पेशागत सुरक्षाको ग्यारेण्टी भएको पाइँदैन । दिनरात फिल्ड र सूचना संकलनमै व्यस्त रिपोर्टरहरूका लागि दुर्घटना बिमा भएको छैन । दुर्घटना बिमाका लागि अहिले भइरहेको प्राविधिक समस्या (अनिवार्य प्रेस पास)लाई पनि सुधार गर्नुपर्ने देखिएको छ । प्रदेश सरकार र केही स्थानीय सरकारले फ्रन्टलाइनमा खटिएका कोरोना बिमा गरिदिए पनि मिडिया हाउसहरूले उनीहरूको बिमा सम्बन्धमा स्पष्ट कार्ययोजना ल्याएनन् । बिमा गर्दा पनि थोरै पैसाको गरिदिने गरेका छन् । कम्तिमा एउटा मिडिया हाउसमा कार्यरत पत्रकारको बिमा १० लाखसम्म गरिदिनुपर्ने देखिन्छ ।

*(लेखक नेपाल पत्रकार महासंघ, प्रतिष्ठान प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ ।)*

# कोरोनाको कहर : साहुलाई ख्याल ख्याल, श्रमजीवीलाई साँच्चै



**अधिकांश अनलाइन सञ्चारमाध्यमले कर्मचारी कटौती गर्ने र संस्थामा कार्यरत सञ्चारकर्मीलाई सम्झौताअनुसारको पारिश्रमिक नदिई ५० प्रतिशतमात्रै पारिश्रिमक दिइरहेका छन् । कतिपयले बाँकी पारिश्रमिक अवस्था सहज भएपछि फिर्ता दिने जानकारी गराएका छन् भने कतिपयले बाँकी पारिश्रमिक के हुने खुलाएको नदेखिएको अनलाइन पत्रकार संघ नेपालले जानकारी दिएको छ ।**

केपी ढुंगाना
kpdhungana@gmail.com

कोरोना भाइरस संक्रमणसँगै नियन्त्रणका लागि विश्वका अधिकांश देशले लकडाउनको मोडल अपनाए । नेपालमा पनि कोरोना संक्रमित फेला परेपछि सरकार लकडाउनकै मोडलमा जाँदा आर्थिक र सामाजिक सबै क्षेत्रमा नकारात्मक प्रभाव पर्ने नै भयो । सबै क्षेत्रमा परेको नकारात्मक प्रभावबाट सञ्चारकर्मी अछुतो रहने सम्भावनै रहेन ।

सरकार लकडाउनको मोडलमा गएलगत्तै त्यसको प्रत्यक्ष प्रभाव सञ्चारगृहहरूमा देखियो । यसको पहिलो प्रभाव छापामाध्यममा देखियो । सञ्चारगृहहरू पत्रिका बन्द गरेर डिजिटल माध्यममा सक्रिय भए । लकडाउनको अवधि बढ्दै जाँदा आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पर्‍यो । त्यसको प्रभाव सञ्चारगृहमा पर्ने नै भयो । सञ्चारमाध्यमको आम्दानीको मुख्य स्रोत विज्ञापन बजार खुम्चिँदा त्यसको प्रत्यक्ष मारमा परे श्रमजीवी सञ्चारकर्मी ।

कोरोनाको कहरकै बीचमा सञ्चारगृहहरूले जबर्जस्ती बिदामा राख्ने, तोकिएको पारिश्रमिक नदिने, नियमित पारिश्रमिक नदिने, कानुन विपरीत अवकाश दिने जस्ता गतिविधिलाई तीब्र बनाए र त्योक्रम अझै जारी छ । केहीले यही बेला पारेर सञ्चारमाध्यम नै बन्द समेत गरे । यसले श्रमजीवी सञ्चारकर्मीको दैनिक जीवनमा प्रत्यक्ष असर पर्‍यो ।

कोरोना भाइरस संक्रमण बढेसँगै नियन्त्रणका लागि सरकारले अपनाएको मोडलले सञ्चारगृह र विज्ञापन बजारमा नकारात्मक प्रभाव पार्‍यो नै । यसले सहज समयमा जसरी सञ्चारगृह सञ्चालनहुँदै आएका थिए, त्यसको मोडालिटी बदलियो । लकडाउन र कोरोना संक्रमण हुनसक्ने जोखिम कम गर्न अधिकांश सञ्चारगृहले फिल्डमा खटिनैपर्ने बाहेकका अन्य जिम्मेवारीमा रहेकाहरूलाई घरमै बसेर काम गर्ने प्रणाली अपनायो र यो एक हदसम्म सफल पनि भयो ।

कामको शैली बदल्न सहजै राजी भएका सञ्चारगृहहरूले आर्थिक मोडलमा पनि त्यति ध्यान दिएनन् यो संकटमा । आर्थिक पक्षलाई उनीहरूले सामान्य समयकै रूपमा लिएर र श्रमजीवी सञ्चारकर्मीलाई सामान्य समयझै ब्यवहार गरे ।

सञ्चार क्षेत्रसँग व्यवसायिक पाटो जोडिन्छ नै । तर यो सधैं नाफाघाटाको जोडघटाउमा मात्रै जोडिने क्षेत्र हैन । यो क्षेत्रसँग सामाजिक उत्तरदायित्व समेत छ । सामाजिक उत्तरदायित्व पूरा गर्दा मानक नाफाघाटालाई मात्र यो क्षेत्रले स्वीकार गर्दैन । यो क्षेत्रसँग इमान समेत जोडिन्छ ।

तर कोरोना संक्रमणको बेलामा अधिकांश सञ्चारगृह आफ्ना श्रमजीवी सञ्चारकर्मीको हकमा सामाजिक उत्तरदायित्व निर्वाह गर्न चुके । केही सञ्चारमाध्यम आर्थिकरूपमा समस्यामा परेका हुनसक्छन् । तर २ दशकसम्म बजारमा एकछत्र प्रभाव कायम गरेको र आर्थिकरूपमा समेत सबल देखिएको सञ्चारगृहले समेत तीन महिना पनि आफ्नो कम्पनीमा लामो समय काम गरेका श्रमजीवी सञ्चारकर्मीको पेशागत सुरक्षा गर्न सकेन । उनीहरू अन्य व्यवसायझैं सञ्चार क्षेत्रलाई पनि नाफाघाटाकै क्षेत्रझै व्यवहार गर्दै संकटमा कर्मचारी कटौती, पारिश्रमिक कटौती, बेललबी बिदा तथा संस्था र प्रकाशन बन्दको तहसम्म ओर्लिए ।

यसले नेपालका सञ्चारगृह सञ्चालहरूले अहिलेसम्म आफू सामाजिक उत्तरदायित्व समेत भएको क्षेत्रमा संलग्न रहेको र यो क्षेत्रले सञ्चालकबाट सोही व्यवहारको अनिवार्य रहेको सत्यबाट निकै टाढा रहेको देखायो ।

**एसोसिएट क्षेत्रमा कोरोनाको प्रभाव**

सरकारले लकडाउन घोषणा गरेपछि परम्परागत मिडियाको संरचनामै असर पर्‍यो । त्यसको सबैभन्दा धेरै मार छापा माध्यममा देखियो । पत्रिका छाप्ने र वितरण गर्ने पद्धति अप्ठ्यारो अवस्थामा पुगेपछि कान्तिपुर पब्लिकेशनसहित केही छापा माध्यमले आफ्नो छापा संस्करण बन्द गरेर अनलाइन माध्यमलाई अगाडि बढाए । हिमालसहित १६ साप्ताहिकले छापा संस्करण बन्द गरेर डिजिटल माध्यमलाई निरन्तरता दिए ।

छापामाध्यम डिजिटलमा रूपान्तरण भए पनि अनलाइन माध्यममा काम गर्ने सञ्चारकर्मीलाई सहज भने भएन । कामको प्रकृतिको आधारमा फिल्डमै खटिनुपर्नेहरूलाई सम्बन्धित सञ्चारगृहले स्वास्थ्य सुरक्षासम्बन्धी कुनै सामग्री उपलब्ध गराएनन् ।

केही सञ्चारगृहले कोरोना संक्रमणको हटस्पटमा केन्द्रबाट रिपोर्टर पठाएर समाचार सम्प्रेषण गर्दा काठमाडौं फर्किएपछि पिसिआर परीक्षण र १४ दिने क्वारेन्टाइनको व्यवस्था गरे पनि अधिकांश सञ्चार गृहले फिल्डमा खटिनैपर्ने फोटो पत्रकार, रिपोर्टर र क्यामरा पर्सनको स्वास्थ्य सुरक्षामा चासै दिएनन् । उनीहरूलाई कोरोना संक्रमणबाट जोगाउने मास्क, स्यानिटाइजर जस्ता स्वास्थ्य सामग्री समेत उपलब्ध गराइएन ।

नेपाल पत्रकार महासंघमा आवद्ध विधागत श्रमजीवी सञ्चारकर्मीहरूमध्ये सबैभन्दा धेरै अनलाइन सञ्चारमाध्यममा काम गर्ने सञ्चारकर्मी परेका छन् । लकडाउन शुरू भएलगत्तै चैत २० मा नेपालन्युजडटकमले आर्थिक कारण देखाउँदै अनलाइन नै बन्द गर्ने भन्दै २० जना सञ्चारकर्मीलाई अवकाश दियो ।

श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा सञ्चार प्रतिष्ठान बन्द गर्नुपरेमा अपनाउनुपर्ने कानुनी पाटो उल्लेख छ । जसअनुसार व्यवस्थापकले आफूले सञ्चालन गरेको सञ्चार प्रतिष्ठान कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारहरूलाई तीन महिना अगावै दिनुपर्ने उल्लेख छ ।

सञ्चार प्रतिष्ठान बन्द हुने भई श्रमजीवी पत्रकारले स्वतः अवकाश पाउने भएमा वा दरबन्दी कटौती भई श्रमजीवी पत्रकारले अवकाश पाउने भएमा व्यवस्थापकले सम्बन्धित श्रमजीवी पत्रकार हरूलाई तोकिएबमोजिम सुविधा दिनुपर्ने उल्लेख छ ।

नेपालन्युजको व्यवस्थापनले केन्द्रका १३ जना र जिल्लाका ७ जना सञ्चारकर्मीलाई अवकाश दिएको थियो । केन्द्रका सञ्चारकर्मीलाई थप २ महिनाको पारिश्रमिक दिए अवकाश दिए पनि जिल्लाका सञ्चारकर्मीले कानुनतः पाउनुपर्ने सो सुविधा पाएनन् ।

कम्पनीले सञ्चालनै गर्न नसकिने भएकाले बन्द गरिएको भनिए पनि अनलाइन भने अहिले पनि सञ्चालनमै छ । यसले आर्थिकरूपमा समस्या परेर भन्दा पनि कोरोना संक्रमणपछि उत्पन्न परिस्थितिको उपयोग गर्दै श्रमजीवी सञ्चारकर्मीलाई विदाई गर्ने मात्र नियत रहेको देखियो ।

लकडाउनकै अवधिमा नेपालखबरडटकमका सम्पादक कृष्ण ढुंगानाले राजीनामा दिए । कोरोना संक्रमणपछि व्यवस्थापनपक्षबाट काम गर्ने वातावरण सहज नबनाएकाले उनले राजीनामा दिएको बुझियो । कोरोना संक्रमणका कारण आर्थिक पाटोमा असर परेको भन्दै व्यवस्थापन पक्षले पहिल्यै गरेको सहमतिअनुसारको पारिश्रमिक नदिने तयारी गरेपछि बढेको असमझदारीका कारण देखापढी डटकमका सम्पादक रामेश्वर बोहोराले राजीनामा दिए । पछि तुफान न्यौपाने र अर्का फोटो पत्रकारले समेत राजीनामा दिए । नयाँपत्रिका डटकममा कार्यरत अधिकांश सञ्चारकर्मीलाई विदामा राखियो ।

आगामी दिनमा अनलाइन सञ्चारमाध्यममा कार्यरत अधिकांश सञ्चारकर्मीहरूको पेशागत सुरक्षा जोखिममा रहेको देखिन्छ । अनलाइन सञ्चारमाध्यममा आर्थिक रूपमा सबल देखिएको अनलाइनखबर डटकमको व्यवस्थापकले लकडाउनका कारण रेभिन्यु ६० प्रतिशत समेत घटेकाले असारपछि करार अवधि सकिएका कर्मचारीको तत्काल नवीकरण नगर्ने रणनीति बनाएको सार्वजनिक भइसकेको छ । यसले नै अनलाइन सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मी पेशा संकटमा रहेको देखाउँछ नै ।

अधिकांश अनलाइन सञ्चारमाध्यमले कर्मचारी कटौती गर्ने र संस्थामा कार्यरत सञ्चारकर्मीलाई सम्झौताअनुसारको पारिश्रमिक नदिई ५० प्रतिशतमात्रै पारिश्रमक दिइरहेका छन् । कतिपयले बाँकी पारिश्रमिक अवस्था सहज भएपछि फिर्ता दिने जानकारी गराएका छन् भने कतिपयले बाँकी पारिश्रमिक के हुने भन्ने खुलाएको नदेखिएको अनलाइन पत्रकार संघ नेपालले जानकारी दिएको छ ।

फोटो पत्रकारहरू पनि कोरोना संक्रमणको कहरमा परेको देखियो । फोटो पत्रकार संघ नेपालको तथ्यांकअनुसार लकडाउनपछिको अवस्थामा ७ जना फोटो पत्रकारहरूको रोजगारी गुमेको छ । मासिक पारिश्रमिक नपाउने, तोकिएको भन्दा कम पारिश्रमिक दिने, राजीनामा दिन बाध्य पार्ने कार्यालयमा काम गर्न असहज वातावरण बनाउने, विभिन्न बहानामा जगेडामा राख्नेक्रम बढेको छ ।

खेलकुद पत्रकार मञ्चका अनुसार लकडाउनपछि ७ जना खेलकुद सञ्चारकर्मी बेरोजगार भएका छन् । पेशागत सुरक्षा जोखिममा परेका सञ्चारकर्मीहरूको संख्या उल्लेख्य छ । चलिचत्र पत्रकार संघ नेपालको तथ्यांकअनुसार ७ जना पत्रकार बेरोजगार भएका छन् भने ३७ जनाको रोजगारी संकटमा छ । बिदामा बस्न दवाव दिने, कार्यालयमा जिम्मेवारी नदिई काम छाड्न बाध्य पार्ने लगायतका समस्याहरू आइरहेको संघले जानकारी दियो । स्वरोजगार मुखी रूपमा सञ्चालित मनोरञ्जनात्मक अधिकांश अनलाइन साइट

निस्क्रिय भएका छन् ।

चलचित्र समीक्षक समाज लगायतका महासंघमा आवद्ध संस्थाका सदस्यहरूको समस्या पनि उस्तै देखियो । अधिकांशले पूर्ण पारिश्रिमक पाएका छैनन् । जबर्जस्ती विदामा राख्ने र राजीनामा दिन दवाव दिने सञ्चारगृहको संख्या अधिक देखियो ।

**उदासीन सरकारी रवैया**

कोरोना कहरको बीचमा सरकारी रवैया पनि सञ्चारकर्मीमैत्री देखिएन । सञ्चारगृह बन्द गर्ने, विदामा राख्ने र राजीनामा गर्न बाध्य बनाउँदा श्रमजीवी पत्रकार सम्बन्धी कानुनको पालना हुन नसक्दा पनि सरकारीतहबाट श्रमजीवी सञ्चारकर्मीको पक्षमा कुनै पहल भएन ।

कानुनी पहलका लागि प्रेस रजिष्टारको कार्यालयमा जाने सञ्चारकर्मीको समस्या समाधानका लागि सक्रियतापूर्वक पहल भएको देखिएन । रजिष्टारको कार्यालयको काम सम्बन्धित सञ्चारगृहमा पत्र पठाउने तर निर्देशन पालना नहुँदा हुनुपर्ने कानुनी प्रक्रियामा चासै नदेखाउने समस्या देखियो ।

यो बीचमा सरकारी ओहदामा रहेकाहरूबाट उल्टै सञ्चारकर्मीलाई सताउने काम भयो । पत्रकार आचारसंहिता विपरीत काम भएको भन्दै प्रेस काउन्सिल नेपालबाट अनलाइन सञ्चारमाध्यमको प्रकाशननै बन्द गराउनेसम्मको काम भयो । नेपालको संविधानले कुनै पनि सामग्री प्रकाशन अगाडि नै प्रतिबन्ध लगाउन नपाउने गरी प्रेस स्वतन्त्रताको सुरक्षाको पहल गरे पनि विभिन्न बहानामा सामग्रीहरू प्रकाशनमै अवरोध पुराउने प्रयास भएको देखियो ।

समाचार सम्प्रेषण गरेकै आधारमा सञ्चारमाध्यममाथि गैरकानुनी हस्तक्षेप र धम्क्याउने काम समेत भयो यो बीचमा । प्रधानमन्त्रीका सल्लाहकार विष्णु रिमाल र आइटी सल्लाहकार असगर अलीको बदमासीबारे समाचार प्रकाशित गरेको भन्दै कानुनतः अपनाउन सकिने प्रक्रियामा नगई अनधिकृतरूपमा काठमाडौंप्रेसडटकमको सिएमएसमा प्रवेश गरी समाचार हटाउने काम समेत भयो ।

काठमाडौंप्रेसका अनुसार एफवान सफ्टअन्तर्गतको शिरान टेक्नोलोजिजले अनधिकृत रूपमा सिएमएसमा प्रवेश गरेर समाचार नै डिलिट गराएको थियो । सो कम्पनीमा प्रधानमन्त्रीका आइटी सल्लाहकार असगर अली संलग्न छन् ।

**मल्हमको प्रयास**

कोरोना संक्रमणपछि संकटमा परेका सञ्चारकर्मीको समस्या समाधानमा सरकारी निकाय र सम्बन्धित सञ्चारगृह उदासीन भए पनि केही एसोसिएट संस्थाहरूले आपतमा परेका आफ्ना सदस्यहरूको समस्या समाधानको प्रयास गरेका छन् ।

अनलाइन पत्रकार संघले आफ्ना १ सय १२ जना सदस्यको १ लाखको कोरोना विमा गरेको छ । विभिन्न सञ्चारगृहबाट निकालिएका पत्रकारहरूको समस्या समाधानका लागि समन्वय गरिएको संघका अध्यक्ष शिव सत्यालले जानकारी दिए ।

खेलकुद पत्रकार मञ्चले कोरोना संक्रमणबाट जोगाउन फिल्डमा खटिएका सञ्चारकर्मीहरूलाई मेडिकल सामग्री वितरण गरेको थियो । आर्थिकरूपमा समस्यामा पर्नसक्ने खेलकुद पत्रकारहरूका लागि सहयोग गरिएको मञ्चका अध्यक्ष देवेन्द्र सुवेदीले जानकारी दिए । मञ्चले १ सय जना सदस्यको कोरोना विमा गरेको छ ।

फोटो पत्रकार संघ नेपालले आफ्ना सदस्यलाई स्वास्थ्य सामग्री दिने, आवश्यक देखिएका सदस्यको कोरोना परीक्षण गराउने र फोटो पत्रकारसँगै उनीहरूको परिवारको समेत कोरोना परीक्षण गरेको संघका अध्यक्ष विकास कार्कीले जानकारी दिए । नियमित पारिश्रमिक नदिने, कार्यक्षेत्रमा खटिने सञ्चारकर्मीको स्वास्थ्य सुरक्षामा चासो नदिने, कार्यालयमा काम गर्दा हतोत्साहित गराउने गुनासोका आधारमा सार्वजनिक सूचना निकालेर सम्बन्धित सञ्चारगृहको ध्यानाकर्षण गराएको कार्कीले जानकारी दिए ।

चलचित्र पत्रकार संघ नेपालका महासचिव समिर बलामीका अनुसार कोरोना संक्रमणपछि विकसित संकटपूर्ण समयमा समस्यामा परेका कलासम्बन्धी सञ्चारकर्मीहरूलाई २ पटक राहत दिएको र सम्भव भएसम्म स्वास्थ्य सामग्री उपलब्ध गराइएको थियो ।

**चुनौतीपूर्ण बाटो**

कोरोना संक्रमणपछिको अवस्थामा सञ्चार क्षेत्रमा परेको नकारात्मक प्रभाव तत्काल हट्न सम्भव छैन । विश्वको आर्थिक अवस्था तहसनहस पारेको यो संकटले नेपाली मिडिया क्षेत्रमा समेत लामो समय नकारात्मक प्रभाव पार्ने निश्चित छ । सोही आँकलनको आधारमा अधिकांश सञ्चारगृहहरूले जबर्जस्ती अवकाश दिने, पारिश्रमिक नदिने, जिम्मेवारी नदिएर हतोत्साहित पार्ने लगायतका गतिविधि बढ्ने निश्चित छ ।

परिस्थितिवस सञ्चारगृह या सञ्चारगृहका कुनै प्रकाशन बन्द गर्नुपरेको अवस्थामा अपनाउनुपर्ने कानुनी प्रक्रिया पूरा गर्न अधिकांश सञ्चारगृह उदासीन देखिएकाले भोलिका दिनमा यो समस्या थप जटिल हुने र कानुनी हकबाट बञ्चित भएर सञ्चारकर्मीहरू बेरोजगार बस्नुपर्ने समस्या पेचिलो बन्ने देखिन्छ । यसको कारण श्रमजीवी सञ्चारकर्मीको हितरक्षाका लागि बनेको कानुनको पालना गराउन नसक्नु र अरूको हक र कानुनी अधिकारका लागि वकालत गर्ने सञ्चारकर्मी आफ्नो हक र कानुनी अधिकारका लागि संगठितरूपमा क्रियाशील हुन नसक्नु र छाता संगठनले अगाडि बढाउने अभियानमा सक्रिय र प्रभावकारीरूपमा सहभागी नहुनु समेत कारण देखिन्छ ।

कानुनीपाटो बलियो हुँदाहुँदै आएका समस्याको निराकरण कानुनी पाटोबाट समाधान गर्न समेत अधिकांश सञ्चारकर्मी उदासीन हुने र केहीमा कानुनी प्रक्रियाको बाटोबारे जानकारी नहुँदा समेत गैरकानुनी काम गर्ने सञ्चारगृह दण्डित हुनबाट जोगिएको देखिन्छ ।

त्यसैले कोरोना कहरबाट सञ्चारकर्मीको पेशागत सुरक्षामा बढेको चुनौती चिर्न नैतिक र कानुनी दुबै बाटोबाट सशक्त अभियान अगाडि बढाउनुको अर्को विकल्प देखिन्न ।

**सन्दर्भ सामाग्री**

१. महामारीको 'महासंकट' भोग्दै सञ्चार क्षेत्र
https://www.himalkhabar.com/news/115238

२. कोरोना कहरः मिडिया साहुले मौका छोप्दा पत्रकारको बिजोग !
https://www.mysansar.com/2020/06/40828/

३. समाचारमा अनधिकृत हस्तक्षेप अपराध हो
https://kathmandupress.com/opinion/special-editorial

४. कोरोना प्रभाव सञ्चार गृह र सञ्चारकर्मी दुवै मारमा
https://sancharkarmi.com/news-details/29049/2020-06-18

५. प्रेसरमा प्रेस
http://annapurnapost.com/news/152939

*(लेखक नेपाल पत्रकार महासंघ एसोसिएट प्रदेशका अध्यक्ष हुनुहुन्छ ।)*

# विपद्को समयमा सामुदायिक रेडियोको भूमिका



**९२ प्रतिशत रेडियोले कोरोना भाइरस संक्रमण जोखिमबाट जोगिन अबलम्बन गरिनुपर्ने सावधानीको बारेमा सूचना प्रसारण गरेका छन् । विद्यालय बन्द रहेको र लाखौं बालबालिका घरमै रहेको अवस्थामा रेडियोमार्फत पाठ्यक्रमअनुसारको रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने रेडियोको संख्या ५८ प्रतिशत रहेको छ ।**

सुवास खतिवडा
skhatiwada44@gmail.com

समुदायको स्वामित्व, सहभागिता एवं सक्रियतामा सञ्चालित सामुदायिक रेडियो विपद्को समयमा समुदायलाई अत्यावश्यक सूचना एवं जानकारी पुऱ्याउने अग्रस्थानको सञ्चारमाध्यमको रूपमा स्थापित छ । स्थानीय प्रसारण माध्यम भएकाले यसले समुदायको रूची,चासो र आवश्यकतालाई नजिकबाट नियालिरहेको हुन्छ । समुदायलाई संकट आइलाग्दा र विशेषगरी महामारीको समयमा अबलम्बन गर्नुपर्ने आधारभूत सावधानीको जानकारी नागरिकसम्म पुऱ्याउने नजिकको माध्यम एफएम रेडियो भएका छन् । २०७२ को विनाशकारी भूकम्पपश्चातको समयमा रेडियोले उद्धार, राहत र पुनर्स्थापना प्रक्रियामा निर्वाह गरेको भूमिका प्रेरणादायी रह्यो । भूकम्पले सामुदायिक रेडियो स्टेशन भत्किएको, टावर ढलेको र सामुदायिक रेडियोकर्मीहरू घाइते हुँदा समेत तत्कालीन समयको दायित्व र जिम्मेवारी पूरा गर्न भूकम्पपश्चातको अवस्थालाई मध्यनजर गरेर खुल्ला चौरबाट रेडियो सञ्चालन भएको थियो । यसले भूकम्पपश्चात समुदायलाई अत्यावश्यक सूचनाको पहुँचमा सहज बनाएको थियो । कोरोना भाइरस (कोभिड- १९) संक्रमण रोकथामका निम्ति जनचेतनामूलक सूचना एवं जानकारी प्रसारण गर्ने सवालमा समेत नेपालका सामुदायिक रेडियोहरू एक कदम अघि बढेर सामाजिक एवं मानवीय दायित्व निर्वाह गरिरहेका छन् । कोरोना भाइरस संक्रमण जोखिम घटाउन सरकारले बन्दाबन्दी गर्दा त्यसको प्रत्यक्ष असर एफएम रेडियोले व्यहोर्नु पऱ्यो । जतिसुकै ठूलो विपद् र आर्थिक संकट व्यहोरेर भएपनि नेपालका सामुदायिक रेडियोले आफ्नो जिम्मेवारी र उत्तरदायित्व पूरा गर्न कुनै कसर बाँकी राखेका छैनन् ।

सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) नेपालले २०७७ जेठ महिनामा २२४ सामुदायिक रेडियोमा गरेको सर्भेले ९८ प्रतिशत एफएम रेडियोले जनहितको निम्ति कोरोना भाइरस संक्रमणसम्बन्धी जनचेतनामूलक सामग्री प्रसारण गरिरहेका छन् । विपद्को समयमा अन्य समयमा भन्दा रेडियो सुन्नेहरूको संख्या समेत उल्लेख्य रूपमा बढेको अध्ययनहरूले देखाएका छन् । २०७२ सालको भूकम्पपश्चात र कोभिड–१९ महामारीपश्चातको अवधिमा नियमितरूपमा रेडियो सुन्नेहरूको संख्या ह्वात्तै बढेको देखाउँछ । शेयरकास्टले गरेको पछिल्लो सर्भेले


श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टी गर, श्रमजीवी पत्रकार ऐन लागू गर




नियमितरूपमा रेडियो सुन्नेको संख्या करिब ६० प्रतिशत छ । कोरोना भाइरससम्बन्धी जानकारी लिन, यसको संक्रमण रोकथाम, उपचार एवं र यससँग सम्बन्धित विषयमा एफएम रेडियोमार्फत सूचना प्राप्त गर्नेहरूको संख्या ६२ प्रतिशत रहेको अध्ययनले देखाएको छ । यस्ता अध्ययन र अध्ययनबाट प्राप्त तथ्याकंले समेत रेडियोले संकटको समयमा निर्वाह गरेको प्रभावकारी भूमिकालाई स्पष्ट बनाउँछ ।

**संकटमा समझदारी र साझेदारी**

एफएम रेडियो वरिपरिको स्थानीय समाचार थाहा पाउने प्रमुख स्रोतको रूपमा रहेको अध्ययनले देखाउँछ । कतिपय अनलाइन र सामाजिक सन्जालमा आउने गलत र भ्रमपूर्ण समाचारका कारण नागरिकमा सबै प्रकारका सञ्चारमाध्यम यस्तै हुन् भन्ने मनोविज्ञान विकास हुँदै गएको छ । तर बन्दाबन्दीकै समयमा गरिएको मिडिया सर्भेले एफएम रेडियोबाट प्रसारण हुने समाचारप्रतिको विश्वास कायमै रहेको देखाएको छ । रेडियो स्टेशन स्वयंले समाचार र कार्यक्रम तयार गर्दा आफ्नो विश्वसनीयता कायम हुने आधार कायम राख्नु पर्दछ । अझ विपद् र संकटको समयमा अन्य समयमा भन्दा बढी होशियार हुनुपर्छ ।

कोरोना भाइरस संक्रमण जोखिम र बन्दाबन्दीका कारण रेडियो स्टेशनले गम्भीर आर्थिक संकटकोसमाना गर्नु परेको छ । २२४ रेडियोमा गरिएको अध्ययनले सामुदायिक एफएम रेडियोको ७५ प्रतिशत नियमित आम्दानी घटेको देखाएको छ । रेडियोलाई स्वयंसेवक र कर्मचारीको तलबभत्ता,विद्युत् महशुल,टेलिफोन महशुल, घरभाडा तथा बार्षिकरूपमा सरकारलाई बुझाउनुपर्ने नवीकरण, रोयल्टी शुल्क बुझाउने स्रोत जुटाउन कठिन भएको छ । यद्यपि रेडियो स्टेशनले विपद्को समयमा कर्मचारी र स्वयंसेवकको जिम्मेवारीमा खासै ठूलो परिवर्तन नगरी सकेसम्म नागरिकलाई विपद्सँग जुध्ने ज्ञान,सीप र जानकारी प्रदान गर्नमै सक्रिय भइरहेका छन् । ८१ प्रतिशत सामुदायिक रेडियोले आफ्ना कर्मचारी एवं स्वयंसेवकको जिम्मेवारीमा कुनै परिवर्तन गरेका छैनन् भने १९ प्रतिशत रेडियोले आपसी समझदारीमा जिम्मेवारीमा आंशिक परिवर्तन गरेका छन् । विपद् जोखिम न्यूनिकरणका लागि एफएम रेडियोले बन्दाबन्दीको समयमा सार्वजनिक हितका सन्देश प्रसारणको अभियान नै सञ्चालन गरेका छन् । ९२ प्रतिशत रेडियोले कोरोना भाइरस संक्रमण जोखिमबाट जोगिन अबलम्बन गरिनुपर्ने सावधानीको बारेमा सूचना प्रसारण गरेका छन् । विद्यालय बन्द रहेको र लाखौं बालबालिका घरमै रहेको अवस्थामा रेडियोमार्फत पाठ्यक्रमअनुसारको रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने रेडियोको संख्या ५८ प्रतिशत रहेको छ । घरमै बस्नुपर्ने बाध्यात्मक अवस्थालाई मध्यनजर गरेर सामुदायिक रेडियोले घरमा बस्दा कसरी समयको सिर्जनात्मक उपयोग गर्न सकिन्छ भनेर जीवन उपयोगी ज्ञान,सीप र रचनात्मक सामग्रीहरू प्रसारण गर्ने रेडियोहरूको संख्या ८८ प्रतिशत रहेको छ । विपद्को समयमा समुदायका सदस्यहरूमा आशा, आत्मविश्वास र संयमता बढाउन सामुदायिक रेडियोले विभिन्न निकायसँग साझेदारी गर्ने र रेडियो सञ्चालक,कर्मचारी एवं स्वयंसेवकबीच समझदारीको विकास गरेका छन् ।

यसकै परिणाममा बन्दाबन्दीको समयमा कार्यथलो रेडियो स्टेशनलाई आवासगृह बनाएर समेत धेरै सामुदायिक रेडियोकर्मीले समुदायमा सामुदायिक सञ्चार सेवालाई निरन्तरता दिन समर्थ भएका छन् ।

**विपद्मा अत्यावश्यक सूचना र जानकारीको भरपर्दो स्रोत**

विगत ४ महिनाको अवधिमा रेडियोले विशेषगरी घरमै रहेका नागरिकलाई कोरोनाबाट बच्ने उपाय,कोरोनाको रोकथाम, कोरोना संक्रमण फैलिन नदिन गर्नुपर्ने उपायहरूको जानकारी, कोरोनाको लक्षण तथा कोरोनाबाट सबैभन्दा बढी जोखिममा कस्ता व्यक्ति हुन्छन् भन्ने जानकारी प्रदान गरेका छन् । कोरोना भाइरस संक्रमणसम्बन्धी गलत सूचना र भ्रमपूर्ण तथ्यहरू फैलनसक्ने अवस्थालाई ध्यान दिँदै सामुदायिक रेडियोले आधिकारिक निकाय र विशेषज्ञहरूबाट सत्यतथ्य जानकारी दिने प्रयास गरेका छन् । विद्युत्,इन्टरनेट एवं पत्रपत्रिकाको पहुँच नपुगेको ठाउँहरूमा समेत रेडियोले सूचनाको निर्विकल्प माध्यम बनेर समुदायमा सूचनाको पहुँच पुऱ्याइरहेको छ ।स्थानीय प्रसारण माध्यम भएकाले रेडियोले मूलतः स्थानीय सरोकारकै सवालमा कार्यक्रम र जानकारी प्रस्तुत गरिरहेका हुन्छन् । स्थानीय भाषा र लवजमा स्थानीय आवश्यकता र रूची पहिचान गरेर सोही अनुरूपका कार्यक्रम र जानकारी प्रस्तुत गर्ने भएकाले रेडियो धेरैको रोजाइको माध्यम बनेको छ । स्थानीय विषयवस्तुका साथै स्थानीय संस्कृति र शैलीलाई रेडियोले अबलम्बन गर्ने हुनाले अन्य आमसञ्चार माध्यमको पहुँच भएका स्थानहरूमा समेत रेडियो प्रसारण लोकप्रिय छ । मोबाइल, रेडियो सेट, सवारी साधन,ल्यापटप र कम्प्युटर लगायतका उपकरणमा रेडियो सुन्न सकिने भएकाले यो सबै भूगोल, समुदायका साथसाथै सबै उमेर समूह र सबै वर्गका मानिसका निम्ति उपयोगी छ । लेखपढको अवसरबाट बञ्चित नागरिक र अपाङ्गता भएकाहरूका निम्ति रेडियो सूचनाको निर्विकल्प स्रोत बन्दै आएको छ । रेडियो काम गर्दागर्दै,हिंडडुल र यात्रा गर्दा समेत सुन्न सकिने माध्यम भएकाले यो धेरैको सहज सूचना प्राप्त गर्ने माध्यम बन्दै आएको छ ।

नागरिकको रूची र सरोकार पहिचान गरेर रेडियोबाट प्रसारण हुने सामग्री सत्य, तथ्य र सामयिक बनाउन सकिएमा आम स्रोताको विश्वासअझ बढाउन सकिन्छ । अहिले पनि एफएम रेडियोले प्रसारण गरेका समाचार, कार्यक्रम र अन्य जानकारीहरूको प्रभावकारिता राम्रो छ । श्रुति परम्पराबाट हुर्किंदै आएको समाज भएकाले सुन्ने माध्यम रेडियो लोकप्रिय छ । पढ्न भन्दा सुन्नमा आनन्द मान्ने र विश्वास गर्ने ठूलो तप्का कायमै छ । एफएम रेडियोको व्यापक पहुँच यसले आर्जन गरेको विश्वास एवं प्रभावकारितालाई विपद्को समयमा नागरिकलाई अत्यावश्यक सूचना एवं जानकारी प्रस्तुत गर्नमासमेत सफल सावित भएको छ । रेडियोले प्रसारण गर्ने सूचना, जानकारी र शिक्षामूलक कार्यक्रमका कारण विपद्को समयमा मानवीय र भौतिक क्षति न्यूनिकरण भएका अनुभवहरू छन् । विपद्को समयमा नागरिकलाई औषधि,पानी र खाद्यान्न जस्तै सूचनाको आवश्यकता हुन्छ । सही र तथ्यपरक जानकारी आपद् विपद्को पहिलो औषधि मानिन्छ ।

**सावधानी अपनाउन र विश्वास जगाउन योगदान**

कोरोना भाइरस (कोभिड- १९) संक्रमणको विरूद्ध विश्व मानव समुदाय संघर्ष गरिहेको छ । विश्वमा कोरोना भाइरस संक्रमितहरूको संख्या सवा करोडको हाराहारीमा पुगिसकेको छ भने साँढे चार लाख भन्दा बढीले ज्यान गुमाइसकेका छन् । कोरोना भाइरस संक्रमण रोकथामका लागि कैयौ मुलुकहरूले बन्दाबन्दी (लकडाउन) गरेका छन् । कतिपय देशहरूमा सामाजिक दूरीको अनुशासनमा रहेर नागरिकलाई हिंडडुल गर्न दिइएको छ । कोरोना भाइरस संक्रमण फैलिँदै जाँदा मानिसमा डरत्रास र अन्यौलको अवस्था उत्पन्न भएको छ । तर सामाजिक दूरी कायम गर्ने र एकान्त बासको अनुशासनमा रहने हो भने यसबाट जोगिन सकिन्छ । कोभिड- १९ महामारीले विश्वका शक्तिशाली एवं धनिराष्ट्रहरूमा समेत ठूलो मानवीय क्षति भइरहेको छ । यसले मानिसमा निराशा र डर, त्रास उत्पन्न हुनु स्वभाविक छ । यस्तो मनोविज्ञानलाई परिवर्तन गरी मानिसमा आशा र विश्वास निर्माण गर्न एफएम रेडियोले महत्वपूर्ण प्रयास गरेका छन् । मनोपरामर्शदातादेखि कोरोना भाइरसबारेका भ्रमहरू निवारण गर्न रेडियोले विषय विज्ञहरूसँगको कुराकानी समुदायमा निरन्तर पुऱ्याइरहेको छ । लामो समयदेखिको बन्दाबन्दीले उत्पन्न गरेको चुनौती र कठिनाई सरकार र नीति निर्मातासम्म पुऱ्याउनु सञ्चार माध्यमको प्राथमिक दायित्व हो । रेडियोले कमजोर आर्थिक अवस्था भएका, दैनिक ज्यालादारीबाट जीवन निर्वाह गर्नेहरूको दैनिकी थप कठिन बनाएको सवाललाई उनीहरूकै आवाजलाई स्थान दिएको छ । कोरोना भाइरसको त्रासका कारण अन्य रोगबाट विरामी भएकाहरूले अस्पताल र स्वास्थ्य संस्थाबाट उपचार पाउन नसकेको पीडादायी आवाजहरू  आउन थालेका छन् । बन्दाबन्दीले अन्य रोगबाट विरामी हुनेहरूको उपचार प्राथमिकतामा छैन । बेरोजगारको संख्या बढ्दै जाँदा अन्य सामाजिक एवं आर्थिक समस्याहरूले थप कठिनाईको सामना गर्नुपर्ने अवस्था उत्पन्न भएको छ ।

अवश्य पनि यो असामान्य अवस्था हो । यस्तो असामान्य अवस्थामा हाम्रो दैनिकी साधारण हुन कठिन पर्छ । थपिदो अन्यौलले तनावपूर्ण बन्दै गएको सर्वसाधारणको जीवनलाई सामान्य बनाउन केही मद्दत सामुदायिक रेडियोले गरिरहेका छन् । विपद्को घडीमा यसै पनि नागरिकले रेडियोको साथ खोजिरहेका हुन्छन् । आफूलाई चाहिएको सूचना एवं जानकारी रेडियोमार्फत प्राप्त हुन्छ भन्ने अपेक्षा नागरिकको हुन्छ । अझ यस्तो बेलामा पाको उमेरका व्यक्तिहरू, विशेष अवस्थाका महिलाहरू फरक क्षमता (अपाङ्गता) भएका एवं अन्य सञ्चारमाध्यमको पहुँच बाहिरका नागरिकहरूका लागि रेडियो नै सूचना र जानकारी प्राप्त गर्ने माध्यम हुन्छ । सबैको पहुँचको माध्यम भएकाले एफएम रेडियोले सबैलाई उपयोगीहुने सन्देश र जानकारी प्रवाह गर्नुपर्ने जिम्मेवारी र दायित्व समेत पूरा गर्नुपर्दछ ।

विपद्को अवस्थामा रेडियोकर्मीहरूले कस्तो सूचना र जानकारी आवश्यक छ भनेर खोजबिन गर्नुपर्दछ । त्यस्तो सूचना र जानकारी भरपर्दो एवं विश्वसनीय स्रोतबाट प्रमाणित गरेर मात्र प्रसारण गर्नुपर्छ । विषयविज्ञ र आधिकारिक निकायबाट सम्बन्धित विषयको जानकारी प्रसारण गर्नु सान्दर्भिक हुन्छ । विपद्मा परेकाहरूलाई सहयोग गर्ने निकाय, संस्थाहरूको जानकारी प्रभावितहरूका निम्ति महत्वपूर्ण हुन्छ । साथै विपद्को घडीमा गर्नुहुने र गर्न नहुने विषयबस्तुको जानकारी सबैका लागि उपयोगी हुन्छ । हामीले यस्ता महामारीको अवस्थामा निर्वाह गरेको भूमिका,यसको प्रभावकारिता र आगामी दिनमा अवलम्बन गर्नुपर्ने योजनाका सन्दर्भमा अध्ययन र छलफल जरूरी छ ।

*(लेखक सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) नेपालका अध्यक्ष हुनुहुन्छ ।)*

# कोभिड- १९ मा अनलाइन सञ्चार माध्यम र श्रमजिवी पत्रकार



**नाफाघाटाको हिस्सेदार लगानीकर्ता हो । मेरो कम्पनी नोक्सानीमा भएकोले म यस्तो सुविधा दिन सक्दिन भन्ने कुरा कानुनीरूपमा दण्डनीय हो । यसमा प्रेस स्वतन्त्रताको बर्कोभित्र लुक्न पाइने ठाउँ छैन । तर, क्यासफ्लोको कारण सञ्चार गृहले तत्कालीन र दीर्घकालीन दायित्व भुक्तानी गर्न अहिले समस्या झेल्नु परेको छ भने त्यसमा सरकारले सहजीकरण गर्नुपर्छ ।**


**शिव सत्याल**
satyalshiva@gmail.com


कोरोना भाइरस (कोभिड- १९) संक्रमण र सन्त्रासको कारणले विश्व अर्थव्यवस्था धराशायी भएको छ । विश्व बैंक, अन्तराष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक, वर्ल्ड इकोनोमिक फोरम जस्ता संस्था र निकायहरूले आर्थिकरूपमा यो महामारीले शताब्दीकै सबैभन्दा कठिन परिस्थिति सिर्जना गरेको बताइरहेका छन् ।

कोभिड- १९ संक्रमणको कारण सबैभन्दा चिन्ता र चासोको विषय भने मानव जीवन नै बचाउन सकिन्छ कि सकिदैन भन्नेमा छ । विगतका अनेकन समस्या र चुनौतीको सामना गरी अहिलेको समुन्नत र वैज्ञानिक युगमा आइपुगेको मान्छेले कोभिड- १९ महामारीलाई व्यवस्थापन गर्ला र मानव तथा समग्र प्राणीको रक्षामा फेरि सफलता हात पार्ला भन्ने पक्ष पनि त्यत्तिकै बलियो छ ।

यो सामग्री तयार पार्दासम्म विश्वभर १ करोडभन्दा बढी मानिसमा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । ५ लाखभन्दा बढीले कोभिड- १९ कै कारण ज्यान गुमाइसकेका छन् । जीवनभन्दा ठूलो अर्थव्यवस्था वा सामाजिक मूल्य मान्यता नहुने भएकोले अहिले मानव स्वास्थ्यलाई केन्द्रमा राखेर सोहीअनुसारको विकल्प खोजी भइरहेको छ ।

कोरोना भाइरस संक्रमणको असर जनस्वास्थ्यपछि सबैभन्दा बढी असर पारेको क्षेत्र नै अर्थव्यवस्था हो । विकसित, विकासोन्मुख र अविकसित देशहरूको अर्थव्यवस्था अहिले धराशायी भएको छ । कोरोना भाइरसबाट उत्पन्न परिस्थितिकै कारण विश्वभर धेरैले रोजगारी गुमाएका छन् । लाखौं मानिसलाई दैनिक हातमुख जोर्न हम्मे परेको छ ।

विश्व अर्थव्यवस्थामा जस्तै नेपालमा पनि कोरोना भाइरस संक्रमण र यसको सन्त्रासका कारण धेरै नेपालीले रोजगारी गुमाएका छन् । उद्योगधन्दा, कलकारखाना र व्यापार व्यवसाय बन्द भएका छन् । ठूला, मझौला तथा साना र कुटिर उद्योगहरू धराशायी भएका छन् । नेपाली अर्थव्यवस्थाको अन्य क्षेत्रमा जस्तै यसको नकारात्मक असर नेपाली सञ्चार क्षेत्रमा पनि परेको छ ।

सामान्य रूपमा हेर्ने हो भने कुनै पनि प्रकारको विग्रह वा झगडाको मूल कारण अभाव नै हो । अभावले नै धेरै प्रकारका अस्थिरता र अस्वभाविक गतिविधिलाई निम्ता दिन्छ । उद्योग व्यवसाय धराशायी हुँदा सञ्चार क्षेत्रको आम्दानीको स्रोत विज्ञापन खुम्चिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणको लागि सरकारले देशभर लकडाउन गर्नुअघि (चैत ११, २०७६ अघि) नै सञ्चारमाध्यमले प्रकाशन प्रसारण भएका विज्ञापनको अझै भुक्तानी हुन सकिरहेको छैन ।

सञ्चारमाध्यमहरूको आम्दानीको स्रोत विज्ञापन नै हो । विज्ञापन कम हुने, प्रकाशन प्रसारण भएको विज्ञापनको पनि भुक्तानी रोकिने जस्ता समस्या देखिएपछि सञ्चार माध्यममा कार्यरत श्रमजिवी पत्रकार लगायतलाई तलबभत्ता तथा पारिश्रमिक दिन कठिनाई भएको सञ्चारगृहका सञ्चालकहरू बताइरहेका छन् । उनीहरूको यो तर्क एकहदसम्म ठीक पनि हो । किनभने संसारका कुनै पनि लगानीकर्ताले (सञ्चार उद्योगमा नै किन नहोस्) बैंकको मुद्दति निक्षेपमा रकम राखेर उद्योग व्यवसाय गरेका हुँदैनन् । त्यसैले क्यासफ्लोमा समस्या आएपछि उद्योग व्यवसायमा समस्या आउँछ ।

**समस्या क्यासफ्लो कि नियत ?**

सञ्चारमाध्यमका सञ्चालकहरूमाथि बारम्बार उठ्ने प्रश्न नै उनीहरूको नियतलाई लिएर हो । श्रमजिवी पत्रकार ऐन कार्यान्वयन भएको यति लामो समय भइसके पनि सो ऐनले गरेको व्यवस्था अझै कार्यान्वयन हुन सकेको छैन । ऐन कार्यान्वयन हुन नसक्नुको मुख्य कारण नै सञ्चारगृह सञ्चालकहरू हुन् । किनभने सञ्चारमाध्यम सञ्चालन गर्न आउने लगानीकर्तालाई श्रमजिवी पत्रकार ऐन थाहा हुनुपर्छ । ऐनमा भएका व्यवस्था कार्यान्वयन गर्छु भनेर व्यवसाय गर्न आउने व्यवसायीले कानुन पालना गर्नुपर्छ ।

२०४६ सालको राजनीतिक परिर्वतनपछि निजी क्षेत्रबाट सञ्चारमाध्यमहरू सञ्चालन हुन लागे । तर, यो ३ दशकको अवधिमा पनि कुनै पनि सञ्चारगृह संस्थागत हुन सकेनछन् भन्ने कुराको प्रमाण यही कोरोना भाइरस संक्रमणपछिको परिस्थितिमा पाइयो । सरकारले लकडाउन गरेको तीन महिना पनि समय नभई श्रमजीवी पत्रकारसहित कर्मचारीलाई पारिश्रमिक दिन सकिएन भन्ने, गैरकानुनी रूपमा पत्रकार तथा कर्मचारी निकाल्ने जस्ता हर्कतले सञ्चारगृह संस्थागत हुन नसकेको स्पष्ट हुन्छ । कुनै पनि संस्थामा दीर्घकालीन दायित्व सिर्जना हुन्छ भने त्यसको व्यवस्थापनको लागि दीर्घकालीनरूपमै स्रोत व्यवस्थापन गर्नुपर्छ भन्ने व्यवस्थापकीय ज्ञान वा दक्षता सञ्चारगृहको रहेनछ ।

**क्यासफ्लोको समस्या हो भने यसो गरौं**

सञ्चारगृह (कम्पनी) नाफामा छ कि घाटामा छ भन्ने तर्कले पत्रकार तथा कामदार कर्मचारीलाई भुक्तानी गर्नुपर्ने दायित्वमा कुनै फरक पार्दैन । कम्पनी नाफामा छ भने कानुनअनुसार पत्रकार तथा कामदार कर्मचारीलाई बोनस दिने हो । नोक्सानीमा छ भने पनि कानुनअनुसार प्रदान गर्नुपर्ने दायित्व भुक्तानी गर्नुपर्‍यो । नाफाघाटाको हिस्सेदार लगानीकर्ता हो । मेरो कम्पनी नोक्सानीमा भएकोले म यस्तो सुविधा दिन सक्दिन भन्ने कुरा कानुनी रूपमा दण्डनीय हो । यसमा प्रेस स्वतन्त्रताको बर्कोभित्र लुक्न पाइने ठाउँ छैन ।

तर, क्यासफ्लोको कारण सञ्चारगृहले तत्कालीन र दीर्घकालीन दायित्व भुक्तानी गर्न अहिले समस्या झेल्नु परेको छ भने त्यसमा सरकारले सहजीकरण गर्नुपर्छ । कुनै सञ्चारगृहले श्रमजिवी पत्रकार तथा कामदार कर्मचारीलाई तलब भत्ता दिन सकेका छैनन् भने उनीहरूलाई सहुलियत व्याजदरमा कर्जा उपलब्ध हुने व्यवस्था गर्नुपर्छ ।

जस्तोकि कुनै सञ्चारगृहले चैतदेखिको तलब भत्तावापतको १ करोड रूपैयाँ भुक्तानी गर्न बाँकी छ र क्यासफ्लो नभएको कारण मैले दिन सकिनँ भन्छ भने उसले कारोबार गरेको बैंकबाट नै ऋण पाउने प्रबन्ध मिलाउनु पर्छ । सम्बन्धित सञ्चारगृहले तलबवापत भुक्तानी दिनुपर्ने पत्रकार तथा कामदार कर्मचारीको विवरण र भुक्तानी गर्न बाँकी रकमको सूची पठाउने र यस्तो सूची प्राप्त भएपछि सोही आधारमा बैंकले सम्बन्धित पत्रकार तथा कामदार कर्मचारीको बैंक खातामा रकम हालिदिने व्यवस्था मिलाउन सकिन्छ । यसरी हालेको रकम सम्बन्धित सञ्चारगृहको लागि ऋण हुन्छ । व्याजमा केही सहुलियत दिनुपर्छ । यस्तो कर्जा सम्बन्धित सञ्चारगृहले किस्ताबन्दी रूपमा बैंकलाई तिर्छ । सरकारले सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउने, त्यस्तो रकमबाट सञ्चारगृहका सञ्चालकले घर, गाडी, शेयर तथा घडेरी किन्ने र पत्रकारले तलब भत्ता फेरि पनि नपाउने अवस्था सिर्जना हुनबाट भने रोक्नैपर्छ ।

**दीर्घकालीन समाधान खोजौं**

सञ्चारगृहमा कार्यरत पत्रकारदेखि कामदार कर्मचारीसम्मले नियमितरूपमा तलब भत्ता तथा पारिश्रमिक नपाउनुको मुख्य कारण भनेको पत्रकार भनेका पारिश्रमिक दिएर काम लगाउनु पर्ने प्राणी नै होइनन् भन्ने मान्यताले हो । पत्रकारले काम गरिदिएका कारण लगानीकर्ताको कम्पनी राम्रो हुने, उनीहरू राम्रो गाडी, घर, शेयर र बैंक व्यालेन्स जोड्न सक्ने हुने तर पत्रकारले पारिश्रमिक पाइन भन्दै बिलौना गर्नुपर्ने दयनीय परिस्थितिको अन्त्य गर्न अब कुनै पनि कारण देखाएर ढिला गर्नु हुँदैन । काम गरेको पारिश्रमिक देऊ भनेर नेपाल पत्रकार महासंघको आमन्त्रणमा सडकमा नारा जुलुस गर्नुपरेको छ । यो जस्तो लाजमर्दो र दर्दनाक अवस्था पनि कुनै हुन्छ ? सञ्चारगृहका सञ्चालकले यति पैसा दिन्छु भनेर काम लगाएको तर काम लिएको पैसा नदिएको अवस्था हो यो । सित्तैमा श्रम खान पाउने परिपाटीको अन्त्य गर भन्दै समाजको सचेत वर्ग भनिने पत्रकार नै सडकमा आउने देशको चेतनास्तरप्रति विश्व मानव सभ्यताले कसरी गिज्याएको होला भनेर सरकार र सञ्चारगृहका सञ्चालकहरूलाई लाज लाग्नुपर्ने हो । तर, लागेको छैन ।

सञ्चारगृहका संचालकलाई आज पनि पत्रकार भनेका पैसा नदिई काममा लगाउन पाइने बस्तु हुन भन्ने लागेको छ । उनीहरूको मनमा के देखिन्छ भने पत्रकारले पाउनेभन्दा बढी सेवासुविधा मागिरहेका छन् । पत्रकारले रात, दिन, साँझ, बिहान, घाम, पानी, जाडो, गर्मी, आतंक, भूकम्प, त्रासदी, महामारी, नाकाबन्दी केही नभनी काम गरिदिएका कारण मेरो कम्पनी चलेको छ, त्यसैले मैले पनि उनीहरूलाई दिन्छु भने जति र कानुनले तोकेजति सेवा सुविधा दिनुपर्छ भन्ने आभास सञ्चारगृह सञ्चालकलाई गराउन अब ढिला गर्नु हुँदैन । यसका लागि अबको लडाई धर्ना, जुलुस, हड्तालसँगै कानुनी पनि हुनुपर्छ ।

यसका लागि नेपाल पत्रकार महासंघले विगतमा झै नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ । महासंघले देशका ७७ वटै जिल्लामा श्रमजिवी पत्रकार ऐन उल्लंघन गर्ने सञ्चारगृहको विवरण तयार




पार्ने र नेपाल बार एसोसिएसनको समन्वयमा ऐन उल्लंघन गर्ने देशभरका सञ्चारगृहमाथि कानुनी उपचार खोज्ने पहल गर्नुपर्छ । यसरी देशव्यापीरूपमा न्यायिक निरूपणमा गएपछि सञ्चारगृहलाई आफ्नो श्रम त्यसै दिनुपर्ने अहिलेको परिपाटी अन्त्य हुन्छ ।

यसरी न्यायिक निरूपणमा जाँदा केही जोखिमहरू छन् । आज श्रमजिवी पत्रकारलाई मेलै जे जति पाउँछु भन्ने लागेको छ, न्यायिक निरूपणमा जाँदा त्यो कम हुनसक्छ । अथवा जे जति पाएको छु, यो नै काफी हो भन्ने लागेको छ, त्योभन्दा बढी पाइने सम्भावना पनि हुन्छ । कानुनले नै यसको प्रष्ट व्याख्या गरेपछि सञ्चारगृहका सञ्चालकको पत्रकारले पाउनेभन्दा बढी खोजिरहेका छन् भन्ने मनको तुस मेटिन्छ । पत्रकारलाई पनि मैले यति पाउने रहेछु भन्ने यकिन हुन्छ । त्यसैले श्रमजिवी पत्रकारको पारिश्रमिक र सेवा सुविधासँग सम्बन्धित विषय देशव्यापी न्यायिक निरूपणमा जानुको विकल्प देखिँदैन ।

**अनलाइन सञ्चारमाध्यममा समस्या**

तुलनात्मक रूपमा परम्परागत सञ्चारमाध्यम (पत्रपत्रिका, रेडियो र टेलिभिजन) को तुलनामा अनलाइन सञ्चारमाध्यममा कार्यरत पत्रकारको समस्या कम देखिएको छ । पुराना अनलाइन सञ्चारमाध्यम पनि १४/१५ वर्षभन्दा पुराना नभएकोले पनि उनीहरूकोमा कार्यरत श्रमजिवी पत्रकारको दीर्घकालीन दायित्व कम देखिएको छ । परम्परागत सञ्चारमाध्यमको तुलनामा कम पत्रकारले काम गर्ने र विज्ञापन बढी हुने भएकोले पनि अनलाइन सञ्चारमाध्यमलाई पारिश्रमिक भुक्तानी गर्न सहज भएको हुन सक्छ ।

यो लकडाउनको बीचमा पनि केही नयाँ अनलाइनहरू सञ्चालनमा आएका छन् । भएका अनलाइनले पनि गैरकानुनी रूपमा धेरै पत्रकार निकालेका उदाहरण छैनन् । केही घटना भने अवश्य नै छन् । तर, केही अनलाइन सञ्चारमाध्यमले तलब तथा पारिश्रमिक नियमित नदिएका, खाइपाई आएको सेवासुविधा कटौति र स्थगित गरेका उदाहरण भने छन् । अनलाइन सञ्चारमाध्यममा देखिएको सबैभन्दा ठूलो समस्या भनेको पत्रकारको सम्झौता अवधि सकिएको भन्दै नवीकरण नगर्ने परिपाटी हो । यस्तो परिपाटीले असार मसान्तपछि धेरै पत्रकार बेरोजगार हुने सम्भावना बढेको छ ।

लामो समयसम्म करारमा राखेर काम लगाउने र अहिले समस्या देखाएर सम्झौता नवीकरण गर्दिन भन्नु पनि श्रमजिवी पत्रकार ऐन विपरीतको कार्य हो । यस्तो कार्य विरूद्ध पनि न्यायिक निरूपणको विकल्प देखिँदैन ।

**निष्कर्ष**

कोरोना भाइरस संक्रमणबाट उत्पन्न परिस्थितिको कारण सञ्चारगृहहरू समस्यामा छन् । यही समस्याको कारण उनीहरूले पत्रकारलाई पारिश्रमिक भुक्तानी गर्न सकेका छैनन् भने सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने र सोही ऋणबाट पत्रकारलाई सोझै भुक्तानी हुने व्यवस्था राज्यले मिलाउनु पर्छ । तर, श्रमजिवी पत्रकारको समस्यामा परिस्थितिजन्य कारण भन्दा पनि नियत नै प्रमुख भएकोले सञ्चारगृह सञ्चालकहरूको गैरकानुनी कार्य विरूद्ध देशव्यापीरूपमा न्यायिक निरूपणमा जानुपर्छ ।

*(लेखक अनलाइन पत्रकार संघका अध्यक्ष हुनुहुन्छ ।)*

# चलचित्र पत्रकारिता र कोरोना महामारी



**हाल सञ्चारमाध्यमहरूले चलचित्र विधा अर्थात मनोरञ्जन विधालाई प्रमुख विधाको रूपमा राख्दै आइरहेका छन् । नेपाली चलचित्रको विकासस्तरसँगै चलचित्र पत्रकारिता पनि हुर्कदै आएको छ । मनोरञ्जन विधालाई मात्र आफ्नो कर्मथलो बनाएर पत्रकारिता गर्न कम्ति कठिन थिएन । तर, आधुनिक प्रविधिको विकाससँगै पत्रकारितालाई पनि सजिलो बनाएको छ ।**

**समीर बलामी**
journalistsameer25@gmail.com

नेपाली चलचित्रको शुरूवात शाही नेपाल चलचित्र संस्थानले वि.सं. २०२१ बाट औपचारिकरूपमा गरेको पाइन्छ । शुरूमा विदेशी चलचित्रलाई नेपाली भाषा प्रयोग गर्दै मनोरञ्जनका लागि पाटी पौवा तथा डबलीहरूमा प्रदर्शन गरिन्थ्यो । तत्कालीन शाही नेपाल चलचित्र संस्थान र तत्कालीन श्री ५ को सरकारको सञ्चार तथा प्रचार शाखाबाट नेपाली चलचित्रहरू निर्माण हुने क्रम चल्दै थियो । नेपाली भाषाको पहिलो चलचित्र 'सत्य हरिशचन्द्र' भारतको दार्जिलिङमा वि.सं. २००८ मा प्रदर्शन गरिएको थियो । यसको निर्माण डी.बी. परियारले गरेका थिए ।

नेपालमा बनेको नेपाली भाषाको पहिलो चलचित्र 'आमा' हो । यसको प्रदर्शन वि.सं. २०२१ मा भएको थियो र यसलाई नेपाल सरकारले निर्माण गरेको थियो । ५६ बर्ष अगाडि नेपाली चलचित्रमा निजी लगानी भित्रियो । विक्रम संवत २०२२ सालमा निजी लगानीमा नरशमशेर पनि निर्माता रहनेगरी चलचित्र 'माइतिघर' पहिलोपटक निर्माण भयो ।

स्व.बीएस थापाको निर्देशन रहेको माइतिघर एक बर्षपछि पुस १ गते नेपालमा प्रदर्शन भयो । चलचित्रले व्यवसायिक सफलता हात पार्यो । त्यसपछि व्यवसायिकरूपमा चलचित्र निर्माण गर्न निजी (व्यक्तिगत) लगानी अघि बढिरह्यो । २०३७ सालमा डा. ध्रुवचन्द्र गौतमको उपन्यास ' कट्टेल सरको चोटपटक' बजारमा आयो । उक्त उपन्यासमा नीर शाहलाई चलचित्र बनाउन मन लाग्यो । उनले लेखक गौतमसँग अनुमति मागे र लेखकको स्वीकृतिपश्चात चलचित्र निर्माणमा लागे । १४ लाखमा चलचित्र निर्माण भयो । उपन्यास 'कट्टेल सरको चोटपटक' बाट चलचित्र निर्माण भयो 'बासुदेव' ।

२०३९ सालमा सुटिङ सुरू भएको यो चलचित्र २०४१ मा सार्वजनिक प्रदर्शनीमा आएको थियो । चलचित्रमा कृष्ण मल्ल, शर्मिला मल्ल, मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, नीर शाह, हरिहर शर्मा, शकुन्तला शर्मा लगायतका कलाकार हरूको अभिनय रहेको छ । यसपछि लगातार नेपाली चलचित्रहरू निर्माण हुन थालेको थियो । विस्तारै चलचित्रकर्मीहरूद्वारा चलचित्रको प्रवर्द्धन र प्रचार गर्न पोष्टर, ब्यानर र पम्प्लेटको प्रयोग गर्न थालिएको थियो । सीमित मिडियाका कारण चलचित्रको प्रमोशन मिडियाको पहुँचमा थिएन ।

वि.सं. २०४० देखि २०५० को दशकमा चलचित्रकर्मीहरूले प्रचारका लागि मासिक पत्रिकाहरूमा अन्तर्वार्ता दिने गरिन्थ्यो । रोशनी, कामना, गीताञ्जली, मनकामना, सिनेमा टाइम्स, मधुरमलगायतका मासिकहरूमा विस्तारै चलचित्रको प्रचार केही रूपमा हुँदै आएको थियो । त्यसपछि कहिलेकाहीँ दैनिक पत्रिकाहरू सन्ध्याकालीन, नयाँसडक, कान्तिपुर, राजधानी, नेपाल समाचारलगायत प्रकाशनमा आएपछि कहिलेकाहीँ कलाकारको फोटो छाप्ने र समाचार छाप्ने गरिन्थ्यो । औँलामा गन्न सकिने केही पत्रकारहरू चलचित्रको रिपोर्टिङ गर्ने गर्दथे । चलचित्रकर्मीहरू प्रचारको लागि पत्रकारहरूसँग पहल गर्ने गर्दथे ।

विस्तारै केही पत्रकारहरूले चलचित्र पत्रकारितालाई सक्रिय बनाउनु पर्छ भन्ने सोचका साथ संगठित हुन थालेका थिए । चलचित्र भवनको बाहिर बसेर चल्ने चित्रको बारेमा सुचना दिने र भवनमा लगेर चलचित्र देखाउने कार्य जब शुरू भएको थियो, त्यतिबेलादेखि चलचित्रको प्रचार प्रसार र समाचारको महत्व रहँदै आएको छ । तर, यतिबेलासम्म चलचित्र पत्रकारिताको खोजी राम्रै तरिकाले भइसकेको थियो । त्यसको धेरै बर्षपछि चलचित्र पत्रकारिताको जन्म भएको हो । स्वतन्त्र पत्रकारिताको सर्वमान्य सिद्धान्त र मान्यतालाई स्वीकार गर्दै नेपालभर क्रियाशील रहेका चलचित्र पत्रकारहरूलाई एक सूत्रमा आवद्ध गरेर पेशागत हकहितमा एकताबद्ध हुने र पेशागत हकहित संरक्षण गर्ने, प्रचलित ऐन, नियम र आचारसंहिताको पालना गरेर समयानुकूल परिवर्तन र परिमार्जन, प्रविधिमैत्री वातावरणको निर्माण गर्दै सत्य, तथ्य समाचार र विश्लेषण प्रकाशन, प्रसारण गर्न गराउन समन्वय र कार्यान्वयनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि रंग पत्रकारहरूको छाता संस्था चलचित्र पत्रकार संघ वि.सं.२०५६ मा स्थापना भएको थियो । पत्रकार भरत शाक्य चलचित्र पत्रकार संघको संस्थापक अध्यक्ष हुन् । चलचित्र पत्रकार संघले कला, प्रविधि, अभिनय, गीत-संगीत, रंगमञ्च र सम्पूर्ण रंग पत्रकारिता क्षेत्रमा कार्यरत आम सञ्चारका सम्पूर्ण माध्यममा पत्रकारिता गरिरहेका क्रियाशील पत्रकारलाई आफ्नो सदस्य भन्ने बुझ्दै आएको छ ।

जसले विधानबमोजिम सदस्यता आह्वान गर्दछ । एउटा झोलाबाट शुरू भएको चलचित्र पत्रकारिताले आज ९ वटा शाखासहित आफ्नो सञ्जाललाई देशभरि फैलाइरहेको अवस्था छ । ७ जनाबाट शुरू भएको संस्थाले आजको दिनमा झण्डै तीन सयको हाराहारीमा सदस्यता विस्तार गरेको छ ।

चलचित्र पत्रकारहरूलाई एकतावद्ध बनाएर पेशागत हकहितको संरक्षण गर्ने, चलचित्र पत्रकारितालाई मर्यादित बनाउने, सत्यतथ्यमा आधारित सिर्जनात्मक चलचित्र पत्रकारिताको विकास र विस्तार गर्ने, स्वतन्त्र पत्रकारिताको आदर्शअनुरूप सक्षम र अनुशासित चलचित्र पत्रकार र पत्रकारिताका लागि आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने, पत्रकारितासँग सम्बन्धित राष्ट्रिय अन्तर्राष्ट्रिय समकक्षी संघसंस्थासँग सम्बन्ध स्थापित गर्ने, सहकार्य गर्ने, साझा हितका विषयमा समन्वय गरेर कार्य गर्ने, पत्रकारिताको अभिवृद्धिका लागि अध्ययन, भ्रमण, अनुसन्धान, अन्तरक्रिया सभा, समारोह, सम्मेलन, गोष्ठी, प्रशिक्षण आदिको आयोजना गर्ने, चलचित्र पत्रकारको कामको प्रशंसा र प्रोत्साहन स्वरूप पुरस्कार र सम्मानको व्यवस्था गर्ने, चलचित्र पत्रकारिता क्षेत्रमा नीति निर्माण गर्न र कार्यान्वयनका लागि स्थापित संस्थामा संस्थाको उपस्थिति र प्रतिनिधित्वका लागि परिणाममुखी पहल गर्नेगरी यो संस्थाले आफ्नो कार्ययोजनाहरू बनाउने र कार्यान्वयन गर्ने गर्दै आइरहेको छ ।

हाल सञ्चारमाध्यमहरूले चलचित्र विधा अर्थात मनोरञ्जन विधालाई प्रमुख विधाको रूपमा राख्दै आइरहेका छन् । नेपाली चलचित्रको विकासस्तरसँगै चलचित्र पत्रकारिता पनि हुर्कँदै आएको छ । मनोरञ्जन विधालाई मात्र आफ्नो कर्मथलो बनाएर पत्रकारिता गर्न कम्ति कठिन थिएन । तर, आधुनिक प्रविधिको विकाससँगै पत्रकारितालाई पनि सजिलो बनाएको छ । तर, विडम्बना त्यसको गलत प्रयोगले केही चुनौतीहरू पनि थपिएको छ । चलचित्र पत्रकारहरूलाई क्षमतावान, मर्यादित र व्यवसायिक बनाउनु पर्ने आजको आवश्यकता हो । त्यसतर्फ चलचित्र पत्रकार संघ लागि नै रहेको छ । तर, सम्बन्धित निकायको सहकार्य र सहयोगको पहुँच नहुँदा यस्तो कार्यहरूमा सफलता मिल्न सकिरहेको छैन । हालसम्म संघले कार्यशाला गोष्ठी र सम्मान तथा पुरस्कार बाहेक अन्य कुनै कार्यक्रमहरूलाई बार्षिक कार्ययोजनामा राखेर निरन्तर गर्न सकिरहेको अवस्था छैन । अबका दिनमा चलचित्र पत्रकार संघ आफ्ना सदस्यहरूको समस्या पहिचान गरी सदस्यहरूको व्यक्तिगत र व्यवसायिक क्षमतालाई वृद्धि गर्नतर्फ उन्मुख हुनु पर्नेछ ।

**चलचित्र र चलचित्र पत्रकार**

नेपाली चलचित्र र चलचित्र पत्रकार परिपुरक जस्तै बन्दै आएका छन् । नेपाली चलचित्रले झण्डै ६ दशकमा अग्रगामी परिवर्तन पाएको छ । यसको श्रेय केही हिस्सामा चलचित्र पत्रकारले पाएका छन् ।

क्यान, रिलको सेडुलाइड जमानादेखि अहिलेको डिजिटल प्रविधिसम्ममा नेपाली चलचित्रको प्रचारप्रसार र प्रवर्द्धनमा चलचित्र पत्रकारिताले महत्वपूर्ण जिम्मेवारी बहन गर्दै आइरहेको छ । विभिन्न कालखण्डमा नेपाली चलचित्रले लिएको परिवर्तनमा चलचित्र पत्रकारको कलम र क्यामराले महत्वपूर्ण योगदान गरेको छ । विस्तारै नेपाली चलचित्रको गुणस्तर र धार पनि परिवर्तन हुँदै आएको छ । त्यससँगै पत्रकारिताको बृहत्तर विकास पनि अघि बढ्दै आइरहेको छ । हालसम्म आइपुग्दा नेपाली चलचित्रले डिजिटल प्रविधिमा उच्च गुणस्तरको प्रतिस्पर्धा गरिरहेको छ भने चलचित्र पत्रकारिता पनि डिजिटल प्रविधिमै अझ सहज, परिष्कृत र व्यवसायिकतातिर उन्मुख हुँदै गएको छ ।

तर इन्टरनेट र डिजिटल प्रविधिसँगै नेपाली चलचित्रमा केही चुनौतीहरू थपिएका छन् भने चलचित्र पत्रकारितामा पनि विकृति विसंगतिहरू थपिएका छन् । पछिल्लो अवस्थामा नेपाली चलचित्र र चलचित्रकर्मी पत्रकारहरूसँग गुण र दोषको दोधारमा एउटै धारमा रहेको पाइन्छ । कतिपय कलाकारमा मपाईत्व र चलचित्र पत्रकारहरूमा स्वार्थको पत्रकारिता उन्मुख हुँदै पनि गएको छ । कलाकारले पत्रकारलाई महत्व दिन नसक्नु र पत्रकारले कलाकारलाई परिश्रमको आधारमा मूल्याङ्कन गर्न नसक्नुको अवस्थामा केही चुनौतीहरू देखा परेका छन् ।

दुई दशकको अन्तरालमा चलचित्रकर्मी र पत्रकारबीच तीन दर्जन बढी विवाद तथा असमझदारीहरू उत्पन्न भएका छन् । जसमा समाचार र गसिप छुटाउन नसक्ने कलाकारहरू प्रमूख दोषी छन् । यस्तै समाचारको नाममा स्वार्थको पत्रकारिता गर्ने र नग्नतालाई पेश गर्दै टिआरपी र व्यवसायिक स्वार्थ खोज्ने नियमानुसार अपुष्ट पत्रकारहरू पनि रहेका छन् । अझ पछिल्लो समय सामाजिक सञ्जालबाट आयआर्जन हुने हुँदा पत्रकारिता कम र डलरकारिता बढ्दै गइरहेको पाइन्छ । जसले गर्दा पत्रकारिताको नाममा गलत सूचना प्रवाह गर्ने, यौन तथा नग्नता बेच्ने र अमानवीय सामाग्रीहरू सम्प्रेषण गर्ने गरेका छन् । अबका दिनमा चलचित्र क्षेत्रको बृहत्तर विकासको लागि चलचित्र पत्रकारले विशेष भूमिका निभाउनु पर्नेछ ।

चलचित्र क्षेत्रलाई गलत प्रयासको विरूद्ध झस्काउँदै सही गन्तव्यतिर उन्मुख गर्न सुसूचित गर्न सक्नुपर्नेछ । विशेषगरी संगठित र मर्यादित रूपमा सही सूचनासहितको व्यवसायिक पत्रकारितालाई अबका चलचित्र पत्रकारले आफ्नो धार बनाउनु पर्नेछ । साथै चलचित्र क्षेत्रले पनि चलचित्र पत्रकारिताको माध्यममार्फत निश्चित उद्देश्यका साथ प्रचार प्रसार र प्रवर्द्धनमा फराकिलो दायरा बनाउनु पर्नेछ ।

**कोभिडले नेपाली चलचित्रमा पारेको प्रभाव र चलचित्र पत्रकारका चुनौती**

२०७२ सालमा गएको विनाशकारी भूकम्पपछि बिस्तारै स्वर्णयुगको कल्पना गर्दै सकिनसकी उठिरहेको चलचित्र क्षेत्र पुनः एकपटक संकटकालीन अवस्थामा गुज्रन पुग्यो । चीनको वुहानबाट शुरू भएको कोरोना भाइरस (कोभिड–१९) फागुनको पहिलो हप्तासम्म विश्वव्यापी रूपमा फैलियो । विश्वका विभिन्न देशको मनोरञ्जन क्षेत्र धराशायी बन्यो । यो भाइरसको चपेटामा विश्व मनोरञ्जन क्षेत्र झनै थलिएको छ । यो क्षेत्रका गतिविधि शून्यप्रायः छन् । कोभिड–१९ को प्रभावले चलचित्र क्षेत्रमा मात्रै करिब ५ अर्ब अमेरिकी डलर घाटा भएको प्रारम्भिक अनुमान गरिएको छ । भाइरसको असर बढ्दै जाँदा विश्व चलचित्र क्षेत्रले व्यहोर्ने घाटाको मात्रा पनि बढ्ने निश्चित छ । यो समस्याबाट नेपाली चलचित्र बजार पनि टाढा छैन । नेपाली चलचित्र क्षेत्र पनि पूर्णरूपमा ठप्प भयो । चलचित्र क्षेत्रमा करोडौंको क्षति भएको आँकलन गरियो । समग्र प्रस्तावित चलचित्र उद्योग नै संकटमा प्रवेश गरेको अवस्था समेत रह्यो । प्रि–प्रोडक्सनदेखि पोस्ट प्रोडक्सनसम्म ठूलो संख्यामा मानव स्रोत परिचालित हुनुपर्ने चलचित्र क्षेत्रका उत्पादन उपभोगमा पनि दर्शकको भीड नै आवश्यक हुन्छ । जसले गर्दा यो क्षेत्र झनै भाइरस संक्रमण जोखिममा 'रेड जोन'मा रहन्छ । भाइरस संक्रमणको जोखिमबाट बच्न सरकारको निर्देशनमा चैत्र ६ गतेयता देशभरका सबै १ सय ४१ हलहरु बन्द छन् । प्रदर्शनको तयारीमा रहेका एक दर्जनभन्दा बढी चलचित्र रोकिएका छन् । त्यसैगरी छायांकनमा निस्किएका चलचित्रहरु पनि देशमा लकडाउन जारी भएसँगै स्थगित भएका छन् । यसरी चलचित्र निर्माण तथा प्रदर्शनमा समस्या देखिँदा सिंगो चलचित्र क्षेत्र नै धराशायी बन्न पुगेको हो । विश्व बक्सअफिस शुन्यमा झरेको छ । कोभिड–१९ ले विश्व चलचित्रकै पटकथा पुनर्लेखन गरिदिएको छ । चलचित्र अर्थतन्त्र टाइटानिक जहाजजस्तै डुबेको छ । ५५ वर्षे इतिहासमा नेपाली चलचित्रले अभुतपूर्व संकटको सामना गर्दैछ । संसारले बाँचिरहेको समय एउटै हो अहिले । यो समयका पीडा र अनुभव समान छन् । काठमाडौंलाई लागेको चोटको पीडा न्यूयोर्कलाई दुख्छ । निष्कर्ष के हो भने : भाइरसले विश्व चलचित्रकै आत्मा र आवरणको मूल्यमा परिवर्तन ल्याइदियो ।

अर्कातर्फ पछिल्लो वर्ष २०७६ लाई हेर्दा एकाध बाहेकका चलचित्र बक्स अफिसमा असफल भए । वर्षको अन्ततिर आइपुग्दा नेपाली चलचित्र क्षेत्रको अवस्था भयावह बन्न पुग्यो । चीनको वुहान शहरबाट सुरू भएको कोरोना भाइरस (कोभिड–१९)को प्रभाव विश्वबजारमा देखिँदा यसले नेपाली जनजीवन र अर्थतन्त्र खुम्च्याइदियो । सँगै चलचित्र क्षेत्र पनि खुम्चन बाध्य रह्यो । कोरोना महामारीपछि विश्व बजारका सबै क्षेत्र प्रभावित हुँदा चलचित्र उद्योग पनि प्रभावित हुनु स्वभाविक नै हो । तर, प्रस्तावित चलचित्र उद्योग तथा मनोरञ्जनको क्षेत्र मानिसको आधारभूत अवश्यकतामा पर्दैन । त्यसैले पनि यो विषम अवस्थामा प्रस्तावित चलचित्र उद्योग समस्यामा पर्नुलाई स्वभाविक लिन सकिन्छ । तर, यो अवस्था हामीले कसरी आइपरेका समस्या सिर्जना गर्न सकिन्छ भनेर अगाडि बढ्नु पर्ने देखिन्छ ।

भाइरस प्रभावका कारण २०७६ फागुन ३० बाट प्रदर्शनको तयारीमा रहेको 'म यस्तो गीत गाउँछु–२'ले प्रदर्शन स्थगन गरेको थियो । यससँगै 'बद्री बहादुर', 'नीरफूल', 'सुस्केरा', 'प्रेम गीत–३', 'चपली हाइट–३', 'लप्पनछप्पन–२', 'हिजो आजका कुरा', 'लक्का जवान', 'माइकल अधिकारी', 'षट्कोण', 'पूर्वपश्चिम', 'गोर्खे', 'हिरो रिटर्न्स', 'आकाशे खेती', 'चिसो एस्ट्रे', 'जारी', 'पानीफोटो', 'दयारानी', 'सम्हालिन्छ कहिले मन', 'सुस्केरा', 'मन्त्र', 'एक', 'झिँगेदाउ', 'दोख'लगायत चलचित्रको प्रदर्शन मिति अन्यौलमा छ । करोडौंको लगानी चौपट बनेको छ भने चलचित्र वितरक, हल सञ्चालकदेखि सिंगो चलचित्र क्षेत्र नै संकटमा तानिएको छ । यता छायांकनका लागि फ्लोरमा निस्किएका चलचित्रहरु 'ए मेरो हजुर–४', '२ नम्बरी', 'तीन जन्तु', 'परदेशी–२', 'गुञ्जन', 'देशान', 'विच्छेद'लगायत चलचित्र पनि भाइरस संक्रमण त्रासका कारण अलपत्र अवस्थामा छन् । यसरी सबै क्षेत्र पूर्ण ठप्प बन्दा चलचित्रमा भएको लगानी स्थिर मात्र नभई सिंगो चलचित्र क्षेत्रमा आश्रित कलाकार, प्रविधिक, कर्मचारीलगायत चलचित्रकर्मीहरूको रोजीरोटीमा समस्या आइपरेको छ । चलचित्र क्षेत्रले सिर्जना गरेको रोजगारी नै धरापमा परेको छ ।

यसैगरि 'छक्कापञ्जा ४', 'गोर्खा वारियर', 'रानी महल', 'मन परेसी', 'अल्लारे २', 'प्रेमपूजा', 'नाइँ नभन्नू ल ६', 'छड्के–२ ', 'बेन्जो', 'पर्खिँ बसे २', 'सुदूर', 'सँगसँगै', 'पारस', 'आइएम ट्वान्टिवान', रेखा थापा र दीपेन्द्र खनालको चलचित्रलगायत छायाँकनमा जानै पाएनन् । छायाँकनमा जान तयारी अवस्था रहेका यी चलचित्रहरू सोचमै सीमित हुनुपरेको छ । चलचित्र क्षेत्रमा १५ हजार भन्दा बढी चलचित्रकर्मीहरू प्रत्यक्षरूपमा कार्यरत छन् भने ६५ हजार भन्दा बढी आश्रित छन् । जसमध्ये पाँच हजार भन्दा बढी चलचित्रकर्मी कोरोनाबाट प्रभावित छन् । झण्डै १ हजार ५ सय जनालाई दैनिक गुजारा चलाउन समेत मुश्किल भएको छ । यसमा हलका कर्मचारी, निर्माता, कलाकार, प्राविधिक र अन्य चलचित्रकर्मी पर्दछन् ।

देशभरका १ सय ४१ हलले हाल आधा तलबमा कर्मचारीहरूलाई यथावत राखिरहेका छन् । हल खुल्ने मितिको कुनै टुङ्गो छैन । तर पनि कर्मचारीहरू हलकै सहारामा बसिरहेका छन् । यस्तो कर्मचारीको संख्या मात्रै ३ हजार बढी छन् । आधा तलबमा पनि असार मसान्तसम्म १३ करोड बढी खर्च कर्मचारीलाई मात्रै जानेछ । हल बन्द भएको अवस्थामा पनि असार मसान्तसम्म विजुलीको खर्च झण्डै करोड नजिक पुग्नेछ । यस हिसाबले हलहरू चार महिनाको अवधिमा पनि १४ करोड बढी घाटामा छन् । देशभरका बन्द हल र नयाँ निर्माण हलको ऋण मात्रै ७ अर्ब बढी छ । यस्तै प्रदर्शनको तयारीमा रहेर रोकिएका २१ चलचित्र छायाँकनमा रोकिएको ७ चलचित्र र पोष्ट प्रोडक्शनमा रोकिएका ५ चलचित्रको घाटा मात्रै झण्डै करोड नजिक छ । यी चलचित्रहरूमा लगानी मात्रै ५० करोड माथि छ । जसमा ४५ करोड निर्माताहरूको ऋण मात्र छ ।

यस कारण नेपाली चलचित्र क्षेत्र अहिले पूर्ण रूपमा ठप्प छ । यस्तो अवस्थामा चलचित्र पत्रकारहरू पनि सक्रिय हुन सकिरहेको अवस्था छैन । एक चलचित्र पत्रकारिता नै अहिले मिनिमाइज अवस्थामा छन् । राष्ट्रिय मिडियाहरूले पनि मनोरञ्जन बिटलाई केही समयका लागि विट मारेका छन् । मनोरञ्जनलाई मात्रै जोड दिएर सञ्चालन भइरहेका अनलाइनहरू बन्दको अवस्थामा छन् । कोरोनाको प्रभाव र असरको बारेमा केहीले फ्रन्टलाइनमै बसेर रिपोर्टिङ गरेतापनि त्यसको बलियो प्रभाव देखिएको छैन । मिडिया हाउसहरूबाट नै मनोरञ्जन पत्रकारितालाई स्थगन गरेको यो अवस्था रिपोर्टिङको प्रभाव पनि घटेको हो ।

कतिपय चलचित्र पत्रकारहरूको जागिर पनि जबर्जस्ती खोसिएको छ । देशकै ठूला मिडियादेखि अन्य मिडियाहरूले कर्मचारी कटौती गरिरहेको अवस्था छ । त्यसमा चलचित्र पत्रकार अग्रस्थानमा पर्ने गरेको छ । कतिलाई बेतलबी बनाइएको छ भने कतिलाई आधा तलबमा काम गर्न बाध्य बनाइएको छ । चलचित्र क्षेत्र जसरी संकटतिर धकेलिँदै छ, त्यसरी चलचित्र पत्रकारहरूको अवस्था पनि नाजुक हुँदै गएको छ । कोभिड असर सकिएपनि चलचित्र पत्रकारहरूको अवस्था सुध्रिइहाल्ने अवस्था छैन । सबै क्षेत्र खुले पनि अन्तिममा खुल्ने क्षेत्र हो चलचित्र क्षेत्र । यस कारण पनि यसको प्रभाव चलचित्र पत्रकारितामा समेत लामो समयसम्म पर्ने सम्भावना छ ।

*(लेखक चलचित्र पत्रकार संघका महासचिव हुनुहुन्छ ।)*


श्रमजीवी पत्रकारको पेशागत सुरक्षाको ग्यारेण्टी गर, श्रमजीवी पत्रकार ऐन लागू गर

# विश्व मिडियामा कोरोनाको असर



**अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले गरेको एक सर्वेक्षण अनुसार कोरोना महामारीका कारण विश्वभर करिब ७ प्रतिशत पत्रकारहरूको रोजगारी खोसिएको छ भने ३७ प्रतिशतभन्दा बढीको पारिश्रमिक कटौती भएको छ । स्वतन्त्र पत्रकारहरूमध्यै सबैले नै यो समयमा आफ्नो आम्दानीमा धेरै कमी आएको बताएको आइएफजेको सर्वेक्षणमा उल्लेख छ ।**

**हिरण्य जोशी**
hiranya.joshi@gmail.com

२०१९ को अन्त्यतिर शुरू भई विश्वभर फैलिएको कोरोना भाइरस संक्रमणले मानव जीवनका सबै पक्षमा नराम्ररी असर पारेको छ । विश्वभर हालसम्म १ करोड २४ लाखभन्दा बढी संक्रमित र साढे पाँच लाखभन्दा बढीको मृत्यु भइसकेको छ । यसअघि देखिएका अन्य महामारीभन्दा फरक यो महामारी एकातिर विश्वभर फैलियो भने संक्रमणबाट जोगिन विश्वभर कायम गरिएको लकडाउनका कारण हिँड्डुल र कामकाज गर्नका लागि असहज वातावरण सिर्जना भयो ।

सम्पूर्ण विश्व नै ठप्प पार्ने यस महामारीका कारण विश्वभर आर्थिक मन्दीको अवस्था आउने अनुमान गरिएको छ । यस अवधिमा सबै क्षेत्र र देशहरूमा आर्थिक गतिविधि पनि लगभग ठप्पको अवस्थामा रहे, जसका कारण उद्योग व्यवसायहरूको आम्दानीमा ह्रास आयो । उद्योग व्यवसायमा परेको यस प्रभावको प्रत्यक्ष असर सञ्चार क्षेत्रमा पनि देखियो । उत्पादनहरूको विज्ञापन मिडियाको मुख्य आम्दानीको स्रोत भएको अवस्थामा विज्ञापनमा भएको कटौतीका कारण सञ्चारमाध्यमहरूका आम्दानीमा पनि असर पर्न गयो । खासगरी यसको सबैभन्दा ठूलो प्रभाव छापा माध्यममा देखियो ।

पछिल्ला केही वर्षहरूदेखि नै छापामाध्यमको भविष्यका बारेमा चर्चा परिचर्चा हुँदै आएको छ । अनलाइन माध्यमको विकास तीव्र भएसँगै छापा माध्यमहरूको माग र बजार कति हुने भन्ने चर्चा हुँदै आएको हो । यो महामारीले अनलाइन माध्यमहरूको खाँचो र महत्वलाई अझै बढाएको विश्वभर आँकलन हुन थालेको छ ।

सञ्चारमाध्यम र सञ्चालकहरूमा परेको आर्थिक असरका कारण विश्वभर कोरोना महामारीको प्रत्यक्ष असर पत्रकार तथा तिनको पेशागत सुरक्षाको सवालमा पर्नु सवभाविक थियो । यो अवस्थामा एकातिर पत्रकारहरूले आफ्नो व्यक्तिगत सुरक्षाका बारेमा चिन्ता गर्नुपर्‍यो भने अर्कातिर स्वास्थ्य सुरक्षाको जोखिमसँगै सही सूचना प्रवाह गर्ने आफ्नो दायित्व निर्वाह गर्नुपर्‍यो । यतिमात्रै होइन विश्वभर नै महामारीको अवस्थामा पत्रकारहरूको सबैभन्दा ठूलो चिन्ताको विषय आफ्नो पेशागत सुरक्षा रहन गयो ।

आयस्रोत घटेको बहानामा संसारभरका ठूला साना सबैखाले मिडियाले सबैभन्दा पहिलो प्रहार पत्रकारहरूमाथि गरे । विश्वभर पत्रकारहरूको रोजगारी खोसिने क्रम महामारीको शुरूका

## Statistics IFJ Survey COVID-19 and press freedom:

**Have your pay, job security and/or working conditions been negatively affected by the outbreak of the Covid-19 pandemic**

Yes – 65.4%, No – 34.6%

**Has your job as a journalist suffered more restrictions since the COVID-19 pandemic?**

Yes – 73.9%, No – 26.1%

**How has your work been affected by the outbreak?**

| | |
|---|---|
| Lost my job | 6.93% |
| – lost revenue/income | 37.69% |
| – Changed topics I covered/ | 35.70% |
| – Lack of equipment to protect myself in the field | 23.74% |
| – Lack of equipment to work from home | 27.47% |
| – Change in working patterns | 43.41% |
| – Increased inequalities in newsrooms | 9.62% |
| – Increased anxiety and stress | 59.19% |
| – Legal restrictions on doing my job | 16.38% |
| – My media closed | 5.81% |
| – Faced lawsuits for my reporting on COVID-19 | 1.99% |
| – Got arrested for my reporting on COVID-19/ | 1.91% |
| – Got assaulted for my reporting on COVID-19/ | 2.95% |
| – Difficulties in finding independent sources/ | 23.92% |
| – Nothing changed | 6.41% |

*श्रोतः अन्तर्राष्ट्रिय पत्रकार महसंघ, (IFJ)*

महिनामा नै अघि बढेको देखिन्छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) ले गरेको एक सर्वेक्षणअनुसार कोरोना महामारीका कारण विश्वभर करिब ७ प्रतिशत पत्रकारहरूको रोजगारी खोसिएको छ भने ३७ प्रतिशतभन्दा बढीको पारिश्रमिक कटौती भएको छ । स्वतन्त्र पत्रकारहरूमध्य सबैले नै यो समयमा आफ्नो आम्दानीमा धेरै कमी आएको बताएको आइएफजेको सर्वेक्षणमा उल्लेख छ ।

यसका साथै पत्रकारहरूले महामारीको रिपोर्टिङ गर्दा एकदमै अप्ठ्यारो अवस्थाको सामना गर्नु परेको थियो । आइएफजेका अनुसार एक चौथाई पत्रकारले फिल्डमा रिपोर्टिङ गर्नका लागि आवश्यक सुरक्षाका साधन उपलब्ध नभएको बताए भने उतिनै संख्याले घरबाटै काम गर्नका लागि सुरक्षित उपकरण नभएका कारण समस्या भोग्नु पर्‍यो । सञ्चार क्षेत्रमा कोरोनाको प्रभावका बारेमा गरिएका विभिन्न अध्ययनहरूले यस अवधिमा दर्जनौं पत्रकारहरू गिरफ्तार गरिएका वा कानूनी कारवाहीको दायरामा ल्याइनुका साथै दुर्व्यवहारको सामना गर्नु परेको देखाएका छन् । इन्टरनेशनल प्रेस इन्स्टिच्युटका अनुसार कोभिड महामारीका बेला विश्वभर पत्रकारमाथि आक्रमणका ४०२ घटना भएका छन् । तीमध्ये १७७ घटना एशिया प्रशान्त क्षेत्रमा भएका छन् ।

न्यूयोर्क टाइम्सको एक रिपोर्ट अनुसार अमेरिकामा अप्रिल महिनासम्म मात्रै ३६ हजारभन्दा बढी पत्रकारहरू विभिन्न मिडिया हाउसबाट निकालिएको, बिदामा राखिएको वा पारिश्रमिक कटौती भएको थियो । जनाएको थियो । त्यसैगरी सोही अवधिमा बेलायतमा पनि २००० भन्दा बढी पत्रकारले रोजगारी गुमाएको एक अध्ययनले देखाएको छ ।

बेलायतमा डेली मिरर, डेली एक्सप्रेस र डेली स्टार जस्ता पत्रिकाका प्रकाशक रिचले अप्रिल महिनामा नै आफ्ना २० प्रतिशत कर्मचारी कटौती गर्ने जनाएको थियो । जसअन्तर्गत उसले ९४० पत्रकारलाई निष्काशन गरेको नेशनल युनियन अफ जर्नलिस्टले जनाएको छ । उसले अप्रिल महिनामा लकडाउनका कारण आफ्नो आम्दानीको ३० प्रतिशतभन्दा बढी कमी आएको जनाएको थियो । साढे चार हजारभन्दा बढी कर्मचारी रहेको र वार्षिक १५ करोड पाउण्ड जति नाफा आर्जन गर्ने कम्पनीले गरेको यस्तो निर्णयका पछाडि आम्दानीमा कमी मात्रै कारण नरहेको अनुमान गर्न सकिन्छ ।

त्यसैगरी बेलायतमा सन र टाइम्स जस्ता ठूला पत्रिकाका प्रकाशकले पनि अप्रिलदेखि नै आफ्ना पत्रकारहरूलाई बेतलबी बिदामा बस्न वा दैनिक कामको समय कटौती गर्न दबाव दिएको थियो । डेली मेलका प्रकाशकले पनि आफ्ना पत्रकारलाई १ देखि २६ प्रतिशतसम्म तलब कटौतीका लागि सहमति गर्न आग्रह गरेको थियो । अमेरिकामा सिएनएनले आफूसँग काम गर्ने स्वतन्त्र पत्रकारहरूलाई काम सकेको ३ महिनापछि मात्र पारिश्रमिक दिन सक्ने भनि सर्कुलर गरेको थियो । बेलायत सरकारले सञ्चारगृहहरूका लागि बेल आउट प्लानको घोषणा गरेको भएपनि कतिपय ठूला गृहहरूले आफू त्यसमा सहभागी नहुने जनाएका छन् र पत्रकार कटौतीको प्रक्रियालाई तीब्रता दिएका छन् । यसले मिडिया सञ्चालकहरू पत्रकारहरूको पेशागत अधिकारप्रति जिम्मेवार नदेखिनुका साथै कोरोना महामारीलाई बहाना मात्र बनाएर आफ्नो मिडिया बन्द गर्न लागेको देखाउँछ ।

कोरोना महामारीलाई कतिपय देशका सरकारहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारलाई समेत संकुचन गर्ने अवसरका रूपमा लिएको देखिएको छ । रिपोर्टर्स विदआउट बोर्डर्स (आरएसएफ) ले यो अवधिमा विश्वभर आधाभन्दा बढी देशहरूले पत्रकारहरूलाई रिपोर्टिङ गर्न अवरोध पुर्‍याएको, संक्रमणकालीन कानूनहरूका माध्यमबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचन गरेको र सूचनामा पहुँचलाई सीमित पारेको बताएको छ ।

कतिपय मुलुकहरूमा मिथ्या समाचार नियन्त्रणका नाममा नयाँ कानूनहरू निर्माण गर्न थालिएको छ । यस्ता कानूनहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि आघात पुग्नसक्ने युनेस्कोले जनाएको छ । यस्ता कानूनहरूका कारण सामान्य आलोचना वा आलोचनात्मक बहसको सिर्जना गरेका कारण पत्रकारहरूमाथि फौजदारी अभियोग लाग्नसक्ने वातावरण बनेको युनेस्कोको भनाइ छ । अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी राष्ट्रसंघीय स्पेसल र्‍यापोर्टरको पछिल्लो प्रतिवेदनले पनि महामारीका बेला आउन सक्ने चुनौतीहरूमा सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच र स्वतन्त्र प्रेसको सुरक्षालाई प्रमुख रूपमा उठाएको छ ।

कोरोना महामारी र लकडाउनका कारण आर्थिक गतिविधिमा कमी आएपछि मिडियाको आम्दानीमा पनि कमी आएको छ । ग्लोबल फोरम फर मिडिया डेभलप्मेन्टले कोरोना महामारीका कारण विज्ञापनबाट हुने आम्दानीमा ७० प्रतिशतसम्म कटौती हुन सक्ने अनुमान गरेको छ । बेलायतको कम्युनिटि रेडियो एसासियसनले कोभिड प्रभावका कारण संसारभर एक तिहाई रेडियो बन्द हुन सक्ने जनाएको छ । उसका अनुसार स्थानीय रूपमा आम्दानीका श्रोतहरू सिमित भएका देशहरूमा यो संख्या अझै ठूलो हुनसक्छ ।

एकातिर पेशागत सुरक्षा र प्रेस स्वतन्त्रताको असहज परिस्थिति छ भने अर्कोतिर महामारीका बेला रिपोर्टिङगर्दा पत्रकारहरूले व्यक्तिगत मानसिक दबावको पनि सामना गर्नु परेको छ । आफू र आफ्नो परिवारलाई सुरक्षित राख्दै पेशागत दायित्व निर्वाह गर्दा पत्रकारहरूमा तनाव सृजना हुने गरेको छ । आइएफजेको सर्वेक्षण अनुसार विश्वभर करिब ६० प्रतिशत पत्रकारले यो बेला काम गर्दा अतिरिक्त तनाव बेहोर्नु परेको बताएका थिए ।

मिडियामा कोरोना महामारीको प्रभावलाई न्यूनिकरण गर्न र पत्रकारहरूको पेशागत सुरक्षा गर्दै भविष्यमा आउनसक्ने यस्तै चुनौतीको सामना गर्न सञ्चार क्षेत्रले तत्काल तयारी शुरू गर्नु पर्ने देखिन्छ । यसका लागि विश्वभर सरकारहरूलाई सञ्चार क्षेत्र लक्षित राहत प्याकेज वा बेल आउट योजना ल्याउन माग भइरहेको छ । कतिपय सरकारहरूले यो काम अगाडि बढाई पनि सकेका छन् भने अन्य देशहरूमा पनि यस्तो योजना ल्याउन आवश्यक भएको छ ।

विश्वभर मिडियामा परेको प्रभाव जस्तै नेपाली सञ्चार क्षेत्रमा पनि कोरोना महामारीको असर परेको छ । नेपालमा पनि पत्रकार हरूलाई जागिरबाट हटाउने, बेतलबी बिदामा राख्ने, पारिश्रमिक कटौती गर्ने क्रम शुरू भइसकेको छ । यसलाई रोक्न नेपाल पत्रकार महासंघले यसअघि नै सञ्चारमाध्यमहरूलाई वर्गीकरण गरी राहतको प्याकेज ल्याउन आग्रह गरिसकेको छ । यसो गर्न सके मात्रै स्वतन्त्र मिडिया र पत्रकारहरूको पेशागत अधिकार रक्षा हुन सक्छ ।

(लेखक नेपाल पत्रकार महासंघमा कार्यक्रम प्रबन्धकको रूपमा कार्यरत हुनुहुन्छ । )

**सन्दर्भ सूची**


https://www.poynter.org/business-work/2020/estimates-of-covid-19s-impact-on-journalism-fail-to-count-freelancers-whose-livelihoods-have-vanished-overnight/

https://www.nytimes.com/2020/04/10/business/media/news-media-coronavirus-jobs.html

https://www.pressgazette.co.uk/more-than-2000-newspaper-jobs-hit-as-hundreds-of-publications-across-uk-face-covid-19-cuts/

https://www.expressandstar.com/news/uk-news/2020/05/07/mirror-and-express-newspapers-reveal-plunge-in-sales-since-lockdown/

https://en.unesco.org/sites/default/files/unesco_covid_brief_en.pdf

# श्रमजीवी पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधानका लागि सरोकारवाला संघ–संगठनहरुसँग छलफल





काठमाडौं । नेपाल पत्रकार महासंघले कोभिड-१९ को असरपछि विभिन्न सञ्चारगृहमा श्रमजीवी पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधानका लागि सरोकारवाला संगठनहरुसँग छलफल गरेको छ । महासंघ केन्द्रीय कार्यालयमा भएको छलफलमा नेपाल प्रेस युनियन, प्रेस संगठन नेपाल, क्रान्तिकारी पत्रकार महासंघ, क्रान्तिकारी पत्रकार संगठन नेपाल, आदिवासी जनजाति पत्रकार महासंघ, सञ्चारिका समूह, प्रेस नेपाल, मिडिया नेपाल लगायतको सहभागिता थियो ।

छलफलमा सहभागिहरुले विभिन्न सञ्चारमाध्यमले कोभिड-१९ को बहानामा पत्रकारलाई निष्काशन गर्ने, बिदामा बस्न बाध्य बनाउने, पारिश्रमिक लगायत सुविधा कटौती गरी काम गर्न नसक्ने वातावरण बनाउने क्रम चलिरहेकाले पत्रकारको पेशागत अधिकार रक्षाको लागि महासंघको नेतृत्वमा कडा आन्दोलन गर्न सुभाव दिएका छन् । कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघले श्रमजीवी पत्रकारका विषयमा कोहीकसैसँग सम्झौता नगर्ने र अहिलेको संकटपूर्ण समयको बहानामा पत्रकारमाथि भइरहेको अमानवीय व्यवहारको डटेर सामना गर्ने बताउनुभयो । यसका लागि सञ्चारमाध्यम मात्र नभएर सञ्चालकका घरमै पुगेर धर्ना दिने तयारी पनि गरिएको उहाँले जानकारी दिनुभयो ।

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले अहिले वर्षौंदेखि नेपालका पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधान गरि यो क्षेत्रलाई व्यवस्थित, पारदर्शी र आकर्षणको थलो बनाउने अवसर आएकाले सबै संगठनले मिलेर काम गर्नुपर्ने बताउनुभयो । उहँले मिडिया सञ्चालकले गैरजिम्मेवार काम गरिरहेको र सरकारले पनि पत्रकारका लागि कुनै राहतको कार्यक्रम नल्याएकाले पत्रकारहरु निरिह बनेकाले यसको समाधानका लागि पत्रकार महासंघले अगुवाई गर्नुपर्ने बताउनुभयो । यस्तै प्रेस संगठन नेपालका अध्यक्ष महेश्वर दाहालले वर्षौं मिडिया चलाएर ठूलो रकम कमाएका सञ्चालकले कोभिडको बहानामा पहिलो महिनादेखि नै पत्रकारलाई निष्काशन गर्नु, बिदामा राख्नु वा दिइरहेको सुविधा कटौती गर्नु बहानाबाजी मात्र भएको बताउनुभयो ।

आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष डण्ड गुरुङले सरकारले संकटमा परेका पत्रकारका लागि कुनैपनि राहतका कार्यक्रम नल्याएको बताउनुभयो । यस्तै सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितले अहिलेको समयमा पत्रकार महिला अझ समस्यमा रहेकोतर्फ ध्यानाकर्षण गराउनुभयो ।

छलफलमा प्रेस नेपालका अध्यक्ष केशव राज अर्याल, मिडिया नेपालका अध्यक्ष गोपाल पौड्याल, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, लोकतान्त्रिक छापामाध्यम सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडी, क्रान्तिकारी पत्रकार संगठन नेपालका धनञ्जय बुढा लगायतले संकटको घडीमा श्रमजीवी पत्रकारहरुको पेशागत अधिकार रक्षाका लागि महासंघले गर्ने आन्दोलनमा आफ्नो संगठनको ऐक्यवद्धता रहने जनाउनु भएको थियो ।

# सम्पादकहरुसंग परामर्श बैठक सम्पन्न

काठमाडौं । विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ ले नेपाली सञ्चार क्षेत्रमा पारेको असरबारे नेपाल पत्रकार महासंघले सम्पादकहरुसंग परामर्श बैठक सम्पन्न गरेको छ ।

बैठकमा कोभिड-१९ पछि नेपाली संचार माध्यमहरुले भोग्नुपरेका समस्या सम्पादकहरुको अनुभव, श्रमजीवि पत्रकार हरुको अवस्था, सम्पादकिय स्वतन्त्रता, सूचनामा पहुँच, महासंघले खेल्नुपर्ने भूमिका र नितिगत व्यवस्था लगायतका विषयमा छलफल गरिएको थियो ।

बैठकमा सम्पादकहरुले अहिलेको संकटमा महासंघको भूमिका महत्वपूर्ण हुने बताउदै कोभिड-१९ ले नेपाली संचार क्षेत्रमा पारेको समग्र अवस्थाको अध्ययन गर्न समस्या समाधानका उपाय खोज्न महासंघलाई सुझाव दिनुभएको छ ।

अहिलेको विषम परिस्थितिमा महासंघले अभिभावकिय भूमिका निर्वाह गर्नुपर्नेमा सम्पादकहरुले जोड दिनुभएको छ ।

# अनुगमन प्रतिवेदन सार्वजनिक

काठमाडौं । नेपाल पत्रकार महासंघले कोरोना संक्रमणको अवस्था र त्यसका कारण लागु भएको लकडाउनको सन्दर्भमा पत्रकार तथा सञ्चार प्रतिष्ठानहरुले भोग्नु परेका समस्याका बारेमा २०७६ चैत ११ गतेदेखि २०७७ जेठ १० गतेबीच विभिन्न जिल्ला तथा सञ्चार प्रतिष्ठानहरुमा गरेको अनुगमनको प्रतिवेदन सार्वजनिक गरिएको छ ।

यो अनुगमन १४ जिल्ला तथा ५१ सञ्चार प्रतिष्ठानहरुमा प्रत्यक्ष भ्रमण तथा टेलिफोन र अनलाइन माध्यमबाट गरिएको थियो। अनुगमनका क्रममा महासंघले जिल्ला तथा सञ्चार संस्थामा कार्यरत श्रमजीवी पत्रकारहरु, महासंघका प्रदेश अध्यक्ष तथा पदाधिकारी, जिल्ला अध्यक्षहरुका साथै मिडिया सञ्चालकहरुसँग पनि सम्पर्क तथा भेटघाट गरी सूचना संकलन गरेको थियो ।

**अनुसूचि १**

**अनुगमन गरिएका जिल्ला तथा सञ्चार संस्थाहरू**

**जिल्ला**

| | | | |
|---|---|---|---|
| १. उदयपुर | २. पर्सा | ३. बारा | ४. मकवानपुर |
| ५. काठमाडौं | ६. ललितपुर | ७. भक्तपुर | ८. सिन्धुली |
| ९. धादिङ | १०. म्याग्दी | ११. बाग्लुङ | १२. पर्वत |
| १३. कास्की | १४. तनहुँ | | |

**अनुगमन गरिएका सञ्चार प्रतिष्ठानहरू**

| | | |
|---|---|---|
| १. ईमेज टेलिभिजन | २. राजधानी दैनिक | ३. रातोपाटी डटकम |
| ४. जनता टेलिभिजन | ५. हिमालय टाइम्स दैनिक | ६. नयाँ पत्रिका दैनिक |
| ७. हिमाल साप्ताहिक | ८. नेपालन्यूज डटकम | ९.नेपाल टेलिभिजन |
| १०. उज्यालो एफएम | ११. कान्तिपुर दैनिक | १२. दी हिमालयन टाइम्स दैनिक |
| १३. नेपाल समाचारपत्र दैनिक | १४. रिपब्लिका अंग्रेजी दैनिक | १५. मिर्मिरे एफएम |
| १६. एबिसी टेलिभिजन | १७. नेपाललाइभ डट कम | १८. माउण्टेन टेलिभिजन |
| १९. बाह्रखरी डटकम | २०.कारोबार दैनिक | २१. थाहाखबर डटकम |
| २२. गोर्खा एफएम | २३. सामुदायिक सूचना नेटवर्क | २४. हमालय टेलिभिजन |
| २५. एभिन्यूज टेलिभिजन | २६. हाम्राकुरा डटकम | २७. गोरखापत्र दैनिक |
| २८. अन्नपूर्ण पोष्ट दैनिक | २९. नेपाल साप्ताहिक | ३०. नागरिकखवर डटकम |
| ३१.न्यूज२४ टेलिभिजन | ३२. देशसञ्चार डटकम | ३३. सेतोपाटी डटकम |
| ३४. रेडियो नेपाल | ३५. नागरिक दैनिक | ३६. अन्नपूर्ण एफएम |
| ३७. यो हो टेलिभजन | ३८. रेडयो थाहासञ्चार | ३९. काठमाण्डू प्रेस डटकम |
| ४०. कान्तिपुर टेलिभिजन | ४१. राष्ट्रिय समाचार समिति | ४२. नेपालखबर डटकम |
| ४३. सौर्य दैनिक | ४४. मेट्रो एफएम | ४५. अनलाइनखबर डटकम |
| ४६. एपी वन टेलिभिजन | ४७. रेडियो सगरमाथा | ४८. मध्यान्ह दैनिक |
| ४९. रमाइलो टिभी | ५०.एक्सन स्पोर्टस टेलिभिजन | ५१. प्राइम टेलिभिजन |

**अनुसूचि २**

**लकडाउन अवधिमा भएका प्रेस स्वतन्त्रता हननका घटनाको विवरण**

| क्र.सं | घटना प्रकृति | घटना संख्या | पीडित संख्या |
|---|---|---|---|
| १ | धम्की | ६ | ६ |
| २ | दुर्व्यवहार | ५ | ५ |
| ३ | समाचार संकलनमा अवरोध | ३ | ८ |
| ४ | आक्रमण | १ | १ |
| ५ | गिरफ्तार | ३ | ४ |
| | **जम्मा** | **१८** | **२४** |

# कोरोना COVID-19 का बारेमा समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू

## पत्रकार र सञ्चारमाध्यमका लागि नेपाल पत्रकार महासंघद्वारा जारी जरूरी सूचना

**पत्रकार कोरोना संक्रमणविरूद्ध अग्रपंक्तिका योद्धा हुन्, सुरक्षित रही सही सूचना सम्प्रेषण गरौं ।**

**कोरोना COVID-19 का बारेमा समाचार सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू ।**

» COVID-19 भन्नाले CO = Corona, Vi = Virus, D = Disease र 19 भन्नाले २०१९ मा उत्पन्न भाइरस हो । यसको नामाकरण गर्दा नै कसैमाथि लाञ्छना नलाग्ने गरी गरिएको हो । त्यसैले यस भाइरसलाई कुनै देश, क्षेत्र वा समुदायसँग मात्र जोडेर लेख्ने, बोल्ने, देखाउने नगरौं ।

» आममानिसले बुझ्ने सजिलो भाषामा कोरोना संक्रमणसम्बन्धी सत्य तथ्य सूचना सम्प्रेषण गर्दा उनीहरूको बुझाई सुध्रिने र त्रास कम हुने वातावरण बन्छ । आधा अधुरो जानकारीले त्रास र संक्रमितप्रति विभेद बढाउने काम मात्र गर्छ । त्यसैले आधिकारिक स्रोत र विषयविज्ञहरूबाट मात्र सूचना लिऔं । सामाजिक सञ्जालमार्फत् पनि यस्ता सूचना प्रवाहित गरौं । हामीले दिने सही सूचनाले धेरैतिरबाट आउने गलत सूचनाको प्रतिकार हुन सक्छ ।

» कोरोना भाइरसका बारेमा प्रसस्त चर्चा गरौं, सूचना लिउँ र दिउँ । कोरोना भाइरस लागेका वा लागेको हुन सक्ने पर्याप्त सम्भावना भएका मानिसहरूका बारेमा लेखौं । तर, कसैलाई पनि कोरोना भाइरसको शंका भएकै आधारमा शंकास्पद कोरोना संक्रमित जस्ता शब्द प्रयोग नगरौं । संक्रमितको व्यक्तिगत गोपनियतामा असर पुग्ने गरी समाचार सम्प्रेषण नगरौं ।

» कसैलाई कोरोना लागेको छ वा कोरोनाको सम्पर्कमा आएका छन् भन्ने स्पष्ट आधार र प्रमाण छ भने लेखौं । तर, कसैलाई पनि उसका कारणले कोरोना सर्न सक्ने वा उसले कोरोना फैलाउन सक्ने भन्ने जस्ता लाञ्छना नलगाऔं । कसैलाई अपराधिकरण गर्ने वा लाञ्छना लगाउने भाषाले त्यो व्यक्ति वा समुदायले आफूले गल्ती गरेको वा आफू अपराधी भएको महसुस गर्न सक्छ । हामीले लाञ्छना लगाउँदा कसैलाई थप मानसिक पीडामा पारिरहेका हुनसक्छौं भन्ने कुराको ख्याल गरौं ।

» वैज्ञानिक तथ्य र तथ्याङ्का आधारमा मात्र कोरोना भाइरसका बारेमा लेख्ने गरौं । कुनै पनि अनाधिकृत सूचना वा हल्लाहरूलाई सञ्चार माध्यममा स्थान नदिऔं र आफ्ना व्यक्तिगत सामाजिक सञ्जालहरूमा पनि शेयर नगरौं । सरकार तथा अन्य आधिकारिक स्वास्थ्य निकायहरूले दिएका सुझावहरूलाई पालना गरौं र आधिकारिक सूचना मात्रै सम्प्रेषण गरौं ।

» कोरोना भाइरस रोकथाम तथा उपचारका बारेमा सकारात्मक समाचारहरूलाई प्राथमिकता दिऔं । साना साना कदमहरूले मात्रै पनि हामी आफू र सबैलाई सुरक्षित राख्न सक्छौं । सकारात्मक समाचारहरूले मानिसको मनोबल बढाउन सक्छ । नकारात्मक सन्देश तथा त्रास फैलाउन सक्ने सूचनाहरू सम्प्रेषण नगरौं ।

» संक्रमणको महामारी (Epidemic) भन्दा सूचनाको महामारी (Infodemic) चाँडो फैलन्छ । यसले मानिसहरूमा त्रासको वातावरण सृजना गर्छ भने संक्रमित र बढी संक्रमण देखिएका क्षेत्रका मानिसहरूप्रति भेदभावको अवस्था पनि सृजना हुनसक्छ । संक्रमणमा परेका व्यक्ति वा बढी प्रभावित समुदाय वा क्षेत्रलाई हामी सबैको सहयोगको खाँचो छ । सबैभन्दा जोखिममा रहेका समुदाय र व्यक्तिको सुरक्षाका लागि अन्य निकायसँग सहकार्य आवश्यक छ ।

» कोरोना भाइरसको संक्रमणबाट बच्नका लागि गर्नुपर्ने प्रभावकारी रोकथामका उपायहरूका बारेमा सूचना सम्प्रेषण गरौं । साथै, सीघ्र स्वास्थ्य जाँच र उपचारले हुने फाइदाका बारेमा पनि प्रकाशन प्रसारण गरौं ।

» गलत सूचना प्रवाह, बुझाईमा कमजोरी र अतिरञ्जनापूर्ण प्रचारले एकातर्फ विभेद र लाञ्छनाको अवस्था सृजना गरिरहेको हुन्छ भने अर्कातिर संक्रमण रोकथामका लागि हुने कामहरूमा बाधा पुऱ्याइरहेको छ । यस्तो अवस्थामा मानिसहरू आत्तिनु स्वभाविक हो तर गलत प्रचारले त्रासलाई झन् बढी फैलाइरहेको छ। त्यसैले संक्रमणबारे सत्यतथ्य बुझ्ने प्रयास गरौं र अरूलाई पनि बुझाऔं । रोकथामका उपायहरूको प्रचार प्रसार गरौं । साथै चाँडो जाँच र उपचार गर्दा जीवन जोगिने कुरा पनि सबैलाई बताऔं ।

» संक्रमणलाई थप फैलिनबाट रोक्न र बढी संक्रमणमा रहेका समुदाय वा क्षेत्रमाथि हुनसक्ने अस्वाभाविक विभेद कम गर्न संचार क्षेत्रको भूमिका महत्वपूर्ण छ। त्यसैले संक्रमणमा परेका व्यक्ति, समुदाय वा क्षेत्रका बारेमा सकारात्मक सूचना सम्प्रेषण गरौं । उनीहरूका मानवीय पक्ष र विषयहरूलाई समाचारको विषयवस्तु बनाऔं । साथै संक्रमणविरूद्ध अग्रभागमा रहेका (स्वास्थ्यकर्मी, स्वयंसेवी, आदि) प्रति सहयोग पुग्ने र उनीहरूलाई प्रोत्साहन हुने खालका समाचार सम्प्रेषण गरौं ।

» त्रास होइन तथ्यले मात्र संक्रमण रोक्न सहयोग पुग्छ । त्यसैले संक्रमणका बारेमा सत्य तथ्य समाचार मात्र प्रकाशन, प्रसारण गरौं र भ्रामक सामग्रीलाई खण्डन गर्ने खालका सूचना सम्प्रेषण गरौं ।

» शब्द प्रयोगमा ध्यान दिऔं । हामीले समाचार दिने तरिकाले अरूको व्यवहारलाई प्रभाव पारिरहेको हुनसक्छ ।

» कोरोना प्रभावित भई निको भइसकेका व्यक्तिहरू, आफूलाई सुरक्षित राख्दै कोरोना प्रभावितहरूको उपचार र हेरचाहमा संलग्नहरूका समाचार र अनुभूति प्रकाशन प्रसारण गर्दा कोरोना लागि हालेपनि निको हुनसक्छ भन्ने सन्देश जान्छ । कोरोनाको उपचार र रोकथाममा संलग्न स्वास्थ्यकर्मी र अग्रपंक्तिमा काम गर्ने अन्य अहिलेका 'हिरो' हुन् । उनीहरूलाई सम्मान गरौं र उनीहरूका सकारात्मक समाचार सामग्री सम्प्रेषण गरौं ।

» कोरोनाको महामारी फैलिनबाट रोक्न र यस प्रक्रियामा योगदान गरेका नागरिक, नागरिक संस्था, सरकारले गरेका सकारात्मक कार्यहरूलाई मिडियामा उचित स्थान दिने गरौं, यसले अन्य व्यक्ति र निकायलाई पनि यस प्रक्रियामा लाग्न प्रोत्साहन गर्न सकोस् ।

**अन्त्यमा, आफू सुरक्षित रही समाचार सम्प्रेषण गरौं**

- कार्यस्थल (कार्यालय वा फिल्ड) मा जाँदा रोकथामका आधारभूत उपायहरू अपनाऔं ।
- सकेसम्म इमेलमार्फत् रिपोर्ट फाइल गरौं ।
- सञ्चारगृहहरूले सम्भव भएसम्म घरबाटै काम गर्ने वातावरण मिलाऔं
- अत्यावश्यक बाहेकका भेटघाटहरू नगरौं
- समय समयमा साबुन पानीले हात धुने गरौं ।
- अनावश्यक रूपमा हातले आँखा, नाक मुख छुने नगरौ ।
- भेटघाटमा हात मिलाउने अंकमाल गर्ने भन्दा नमस्कार गर्ने गरौं ।
- सकेसम्म भिडभाड हुने स्थानहरूमा नजाऔं ।
- श्रोतहरूसँग सूचना लिँदा सकेसम्म टेलिफोन वा अनलाइन माध्यमको प्रयोग गरौं ।
- सरकार वा आधिकारिक निकाय तथा संस्थाहरूले जारी गर्ने सूचना र जानकारीलाई आधार मानौं ।

(यो सामग्री विश्व स्वास्थ्य संगठनले तयार गरेको "Social Stigma Associated with COVID-19 A guide to preventing and addressing social stigma" मा आधारित रहेर नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयले तयार गरेको हो । यो सामग्री नेपाल पत्रकार महासंघले महासंघका सदस्य तथा सबै संचारकर्मीहरूलाई उपयोगी हुने ठानी जानकारी तथा प्रयोगको लागि वितरण गरिएको छ ।)